DNL 106
Level 2

# नेपाली उपन्यास
# (Nepali Novel)


उत्तराखण्ड मुक्त विश्वविद्यालय
मानविकी विद्याशाखा
क्षेत्रीय भाषा

फोन नम्बर:05946-261122, 261123
टोल फ्री नम्बर: 18001804025
इ-मेइल:info@uou.ac.in
http://uou.ac.in

ISBN: ---------------------
प्रकाशन वर्ष—डिसेम्बर 2024
कपिराइटः उत्तराखण्ड मुक्त विश्वविद्यालय
संस्करणः  पहिलो
प्रकाशकः कुलपति, उत्तराखण्ड मुक्त विश्वविद्यालय, हल्दवानी-263139, उत्तराखण्ड

*( यो सामग्रीको कुनै पनि अंश उत्तराखण्ड मुक्त विश्वविद्यालयको लिखित अनुमतिबिना कुनै पनि रूपमा  अथवा मिमियोग्राफी एवम् चक्रमुद्रणद्वारा वा अन्य उपायले पुनः प्रस्तुत गर्ने अनुमति छैन)*

## अध्ययन परिषद्

| | |
|---|---|
| प्रो. रेनू प्रकाश<br>निर्देशक, मानविकी विद्याशाखा<br>उत्तराखण्ड मुक्त विश्वविद्यालय | डा. राजेन्द्र सिंह क्वीरा<br>सहायक प्राध्यापक<br>पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा<br>उत्तराखण्ड मुक्त विश्वविद्यालय |
| प्रोफेसर दिवाकर प्रधान<br>विभाग प्रमुख, भारतीय भाषा विभाग<br>काशी हिन्दू विश्वविद्यालय | डा. अनिल कार्की<br>सहायक प्राध्यापक, हिन्दी विभाग<br>मानविकी विद्याशाखा<br>उत्तराखण्ड मुक्त विश्वविद्यालय |
| डा. राज कुमार छेत्री<br>सहायक प्राध्यापक, नेपाली विभाग<br>दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङ, पश्चिम बङ्गाल | प्रो. खगेन्द्र जोशी<br>प्राध्यापक,<br>सुदूर पश्चिमाञ्चल विवि महेन्द्रनगर, नेपाल |

## विषयवस्तु विशेषज्ञ

| |
|---|
| डा. खगेन स्शर्मा<br>गुवाहाटी विश्वविद्यालय |

# पाठ्यक्रम संयोजन


| |
|---|
| **डा राजेन्द्र सिंह क्वीरा**<br>सहायक प्राध्यापक<br>पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा<br>उत्तराखण्ड मुक्त विश्वविद्यालय |


# पाठ्यक्रम सम्पादन


| |
|---|
| डा. खगेन शर्मा<br>गुवाहाटी विश्वविद्यालय |


# एकाइ लेखक र अनुक्रम


| विषयवस्तु | क्रेडिट | लेखक | पृष्ठ |
|---|---|---|---|
| उपन्यासको इतिहास र यसको सिद्धान्त | २ | डा गोमा शर्मा | ५ |
| नेपाली उपन्यासको इतिहास | २ | डा खगेन शर्मा | २२ |
| भारतका नेपाली उपन्यास | २ | डा राज कुमार छेत्री | ३८ |
| रूप नारायण सिंह र उनको भ्रमर उपन्यास | २ | डा राज कुमार छेत्री | ५० |

# नेपाली डिप्लोमा कोर्स'को प्रशासनिक अनुमोदन

उत्तराखण्ड मुक्त विश्वविद्यालय, हल्दबानीले सन 2021 देखि नेपाली सर्टिफिकेट कोर्स प्रारम्भ गरेको थियो र सन 2025 देखि दोस्रो सेमेस्टर पनि पनि थपेर पूर्णाङ्ग रूपमा 'नेपाली डिप्लोमा कोर्स' बनेको छ। नियमित रूपमा कक्षामा उपस्थित रहन नसक्ने विद्यार्थीहरूका लागि तथा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको प्रारम्भिक ज्ञान हासिल गर्न यो कोर्स मददगार हुन्छ। नेपाली भाषाको संरक्षण र विकासका लागि गरिएको यो प्रयास महत्वपूर्ण भएको छ।

यो डिप्लोमा कोर्स जम्मा 80 क्रेडिटको हुन्छ, जुन एक वर्षको अवधिमा दुई सेमिस्टरमा विभाजित गरिएको छ, प्रत्येक सेमिस्टरको अवधि छ-छ महिनाको हुन्छ र प्रत्येक सेमिस्टरमा 40–40 क्रेडिट निर्धारण गरिएको छ। प्रत्येक सेमिस्टरमा 4 वटा पत्रमा 8 क्रेडिट गरी जम्मा 32 क्रेडिटको लिखित परीक्षा र 8 क्रेडिटको मौखिक तथा व्यावहारिक अनुबन्ध रहने गर्दछ।

कक्षा 12 उत्तीर्ण गरेका विद्यार्थीहरू 'नेपाली सर्टिफिकेट कोर्स' मा भर्ना लिन सक्नेछन्, र 'सर्टिफिकेट कोर्स' उत्तीर्ण गरेका विद्यार्थीहरू 'नेपाली डिप्लोमा कोर्स' मा भर्ना लिन योग्य हुनेछन्। अर्थात्, पहिलो सेमेस्टर उत्तीर्ण गर्नेले 'नेपाली सर्टिफिकेट कोर्स' को डिग्री प्राप्त गर्नेछन् भने दुवै सेमिस्टर सफलतापूर्वक उत्तीर्ण हुनेले 'नेपाली डिप्लोमा कोर्स' को प्रमाणपत्र प्राप्त गर्नेछन्।

# एकाइ १

# उपन्यासको इतिहास र यसको सिद्धान्त

**एकाइको संरचना**

१. प्रस्तावना

२. उद्देश्य

३. उपन्यास शब्दको व्युत्पत्तिमूलक अर्थ र स्वरूप

४. उपन्यास विधाको उद्भव र विकास

५. उपन्यासको परिभाषा

६. उपन्यासका संरचनात्मक घटकहरु

७. उपन्यासको वर्गीकरण

८. निष्कर्ष

९. थप अध्ययनका लागि सन्दर्भ सामग्री

## १. प्रस्तावना

प्रस्तुत पाठ्यांश उपन्यास साहित्यको इतिहास र यसको सिद्धान्तमा आधारित छ। पाठ्य सामग्रीलाई विभिन्न उपविषयमा विभाजन गर्दै उपन्यासको व्युत्पत्तिमूलक अर्थ र स्वरूप, उपन्यासको उद्भव र विकास यात्रा, परिभाषा, यसका संरचनात्मक घटकहरूको परिचय र विभिन्न आधारमा उपन्यासको वर्गीकरण गरेर विषयवस्तुलाई स्पष्ट रूपमा प्रस्तुत गर्नमा केन्द्रित रहेको छ।

## २. उद्देश्य

यो एकाई उपन्यास साहित्यको इतिहास र यसको सिद्धान्तमा आधारित छ। यसबाट विद्यार्थीहरू निम्नलिखित ज्ञान र भाषिक क्षमताहरू प्राप्त गर्न सक्षम हुनेछन् -

२.१. उपन्यास शब्दको व्युत्पत्तिमूलक अर्थ र स्वरूप।

२.२. उपन्यास विधाको उद्भव र विकास बारे जानकारी।

२.३. विभिन्न विद्वानहरूले दिएको उपन्यासको परिभाषा।

२.४. उपन्यासका संरचनात्मक घटकहरूको परिचय।

२.५. विभिन्न आधारमा वर्गीकरण गरिएका उपन्यासका प्रकारहरू बारे जानकारी।

२.५. उपन्यास लेखनकला र उपन्यास सम्बन्धी शब्दावलिहरूको जानकारी।

## ३. उपन्यासको व्युत्पत्तिमूलक अर्थ र स्वरूप

मानिस एउटा सम्वेदनशील सामाजिक प्राणी हो। ऊ आफ्नो छेउछाउको परिवेश, परिस्थिति आदिबाट भौतिक र मानसिक रूपमा प्रभावित हुन्छ। समाजबाट उसले विभिन्न अनुभवहरू बटुल्छ। साधारण मानिसले आफ्ना भावना र विचारहरू सहज रूपमा व्यक्त गर्दछ भने एउटा कलमकारले कलात्मक पाराले लिखित रूपमा

प्रस्तुत गर्दछ जसको प्रभाव पाठक वा दर्शकमाझ पर्दछ। यसै अनुभवबाट उब्जिएको लिखित र कलात्मक कृतिलाई साहित्य भनिन्छ। मुख्य रूपमा साहित्यलाई दुई विधाहरूमा बाँडन सकिन्छ - पद्य साहित्य र गद्य साहित्य। खण्डकाव्य, महाकाव्य, चम्पू काव्य, फुटकर कविता, गजल आदि पद्यमा लेखिने साहित्यलाई पद्य साहित्य भनिन्छ भने कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध, डायरी, जीवनी, आत्मकथा, अन्तरवार्ता, रिपोर्ताज जस्ता विधाहरू गद्य साहित्यभित्र पर्दछन्। गद्य साहित्यको प्रारम्भ आधुनिक समयमा मात्र नभएर संस्कृतकालमा भएको पाइन्छ। कृष्णयजुर्वेद, तैत्तरीय संहिता, ब्राह्मण ग्रन्थ, उपनिषद, निरुक्त, महाभाष्य, तत्वज्ञान, दर्शन, ज्योतिष, भाषाशास्त्र, व्याकरण आदि संस्कृत गद्यका उदाहरणहरू हुन्।

कथात्मक रूपमा लेखिने साहित्यलाई आख्यान वा आख्यायिका भनिन्छ। कथा र उपन्यास विधा आख्यानभित्र पर्दछन्। आख्यानमा विशेष गरी कुनै इतिवृत्तात्मक कथाको वर्णन पाइन्छ। यो छोटो वा लामो आकारको र कल्पना वा यथार्थ घटनामा आधारित हुन सक्छ। प्राचीन आख्यानहरू सबै पद्यात्मक हुन्थे भने आधुनिक समयमा यी गद्य विधामा विकसित भएको पाइन्छ।

व्युत्पत्ति का आधारमा हेर्दा उपन्यास 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग एवं 'घञ' (अ) प्रत्यय लागेर बनेको शब्द हो। सामासिक आधारमा यो 'उप' र 'न्यास' पदको मेलबाट बनिएको हो। 'उप'को अर्थ हो समीप अथवा छेउको र 'न्यास'को अर्थ हो थाती, धरोहर वा रचना। यसरी उपन्यास शब्दले मानिसको नजिकै भएको वस्तु भन्ने बुझाउँछ। अझ विस्तारमा भन्नु पर्दा उपन्यास एउटा यस्तो साहित्यिक रचना हो जसले मानव जीवनको व्याख्या नजिकबाट गर्दछ। यस्तो कृति वा रचना जसलाई पढदा पाठकलाई आफ्नै जीवनको कथाझैं लागोस् वा उसले देखेभोगेका परिस्थितिहरू वा आफू बाँचिरहेको समाजमा रहेका विभिन्न मानिसहरूको कथा हो भन्ने आभास होस्। पाठकलाई उपन्यासको विषयवस्तु आफ्नै सुखदुखको कथा मैले बुझ्ने भाषा-शैलीमा लेखिएको रहेछ भन्ने लागोस् अर्थात यस्तो रचना जो सामाजिक धरोहरको रूपमा पाठकलाई प्राप्त होस्।

सामाजिक दृष्टिले हेर्दा उपन्यास मानव जीवन वा समाजको नजिक भएको रचना हो। साहित्यिक सन्दर्भमा हेर्दा उपन्यास मानव जीवनको व्याख्या गर्ने लिखित साहित्यिक विधा हो। एउटा उपन्यासकारले उपन्यासको कथावस्तु मानव जीवनबाट टिप्ने गर्दछ। उपन्यासका पात्रहरूले समाजमा देखा पर्ने भिन्नाभिन्नै परिस्थिति, मानिसहरूको व्यवहार, आचार, कार्य आदिको प्रतिनिधित्व गर्दछन्। जीवनका विविध पाटाहरूको व्याख्या गर्ने हुनाले उपन्यासलाई जीवनको प्रतिबिम्ब झल्काउने एउटा आख्यानात्मक विधा पनि मानिन्छ। यसको ढाँचा महाकाव्यको झैं हुन्छ तर महाकाव्य पद्यमा लेखिन्छ भने उपन्यास गद्यमा लेखिन्छ। यो कुनै पनि लेखकको चिरसञ्चित अनुभवको परिणाम

हुन्छ। उपन्यासमा एउटा मूल कथानक र त्यसलाई दर्बिलो बनाउने अन्य गौण कथाहरू पनि समावेश हुन्छन् जसले मूल कथालाई अघि बढाउन सघाउ पुऱ्याउँछन्। कथानक, चरित्र, सम्वाद, परिवेश, भाषा-शैली जस्ता तत्वहरूको माध्यमबाट उपन्यासको उद्देश्य पाठक अघि राख्ने प्रयास गरिन्छ।

**माथि उल्लेख गरिएको अंशमा स्मरण गर्न योग्य बिन्दुहरू :-**

**१.** लेखकले साहित्य लेख्ने प्रेरणा समाजबाट पाउँछ।

२. उसले विभिन्न विधाहरू मार्फत आफ्ना अनुभवहरू लिखित रूपमा साझा गर्दछ।

३. उपन्यास 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग एवं 'घञ' (अ) प्रत्यय लागेर बनेको शब्द हो। सामासिक आधारमा यो 'उप' र 'न्यास' पदको मेलबाट बनिएको हो। 'उप'को अर्थ हो समीप अथवा छेउको र 'न्यास'को अर्थ हो थाती, धरोहर वा रचना।

४. उपन्यासलाई जीवनको प्रतिबिम्ब झल्काउने एउटा आख्यानात्मक विधा पनि मानिन्छ।

६. उपन्यास गद्यमा लेखिने साहित्यिक विधा हो।

**आफ्नो प्रगतिको जाँच गर्नुहोस् :-**

१. आख्यान भन्नाले के बुझिन्छ?

२. उपन्यासको व्युत्पत्तिमूलक अर्थ लेख्नुहोस्।

३. उपन्यासलाई जीवनको प्रतिबिम्ब झल्काउने विधा किन मानिन्छ? विस्तारमा लेख्नुहोस्।

---

## ४. उपन्यास विधाको उद्भव र विकास

### ४.१. पूर्वेली साहित्यमा उपन्यास

पूर्वेली माटोमा साहित्य लेखन परम्पराको थालनी संस्कृतबाट भएको पाइन्छ। संस्कृतमा विभिन्न विधाहरूको समृद्ध परम्परा रहेको थाहा लाग्छ। वर्तमान विश्व साहित्यमा एउटा प्रमुख विधाको रूपमा देखापरेको उपन्यास शब्दको उल्लेख संस्कृत साहित्यमा प्रशस्त रूपमा भएको पाइन्छ। संस्कृतका आचार्य भरतमुनिले उपन्यासको अर्थ बुझाउँदै भनेका छन्-'उपपत्तिकृतोहि अर्थ उपन्याससंकीरर्तित: अर्थात् कुनै अर्थलाई युक्तियुक्त रूपमा प्रस्तुत गर्नु उपन्यास हो। आचार्य दण्डिको **काव्यादर्श** र विश्वनाथको **साहित्य दर्पण**मा उपन्यासलाई स्थापना वा ज्ञापनका रूपमा अर्थ्याइएको छ भने **अभिज्ञान शाकुन्तलम**मा उपन्यासको व्याख्या सन्दर्भको रूपमा गरिएको पाइन्छ। यसरी नै आचार्य धनञ्जय रचित **दशरूपक**मा उपन्यासलाई प्रतिमुख सन्धिको बारौं अङ्गका रूपमा स्वीकारिएको छ भने आचार्य विश्वनाथले यसलाई कथाको रञ्जन तत्वका रूपमा प्रयोग गरेका छन्। पतञ्जलिको **महाभाष्य,** भारवी रचित **किरातार्जुनीयम्,** अमरसिंह लिखित **अमरकोष** जस्ता संस्कृतका अन्य ग्रन्थहरूमा पनि उपन्यास शब्दको उल्लेख पाइन्छ। संस्कृत साहित्यमा वाणभट्टको **कादम्बरी** र दण्डीको **दशकुमारचरित** जस्ता आख्यायिका वा आख्यान भनिने गद्य रचनाहरू पाइन्छन्। **कादम्बरी** मुद्रित रूपमा २६५ पृष्ठको रचना हो। यसमा कादम्बरी नामक नायिका र चन्द्रापीड नाम गरेका नायकको कथा छ। यसमा चन्द्रापीड र पुण्डरिकको तीन जन्मको कथाको वर्णन गरिएको छ। कतिपय विद्वानहरूले यी कृतिहरूलाई वर्तमान उपन्यासको प्रारम्भिक स्वरूप मानेका छन्।

### ४.२. पश्चिमी साहित्यमा उपन्यास

उपन्यास शब्दको व्याख्या हजारौं वर्ष पूर्व लेखिएका संस्कृत ग्रन्थहरूमा गरिएको पाइएता पनि विद्वानहरूले आधुनिक उपन्यासको प्रारूपलाई पश्चिमको देन मानेका हुनाले यहाँ पश्चिमेली उपन्यासबारे थोरै जानकारी लिन आवश्यक देखिन्छ। 'उपन्यास' अङ्ग्रेजी Novel को रूपान्तरण हो जसलाई मराठीमा कादम्बरी, गुजरातीमा नवलकथा र हिन्दी, बङ्गाली, नेपाली, उर्दू आदि भाषामा उपन्यास भनिन्छ। अङ्ग्रेजीमा यो शब्द इताल्वी Novella र फ्रेन्चको Novelle शब्दबाट आएको देखिन्छ। Novella शब्दलाई लैटिनको novus बाट व्युत्पन्न Novellus को बहुवचन मानिन्छ। यसलाई जर्मनमा र स्विडिसमा Roman र पोर्तुगिजमा Romance भनिन्छ। यी शब्द विशेषले नयाँ कथा, नयाँ घटना, कुनै नौलो समाचार हुन्छ वा स्वच्छन्द कल्पनामा आधारित आख्यानको अर्थ बुझाउँछन्। यसरी Novus, Novella हुँदै विकसित भएको novel शब्द इटालियनको Novella बाट व्युत्पन्न भएको र उपन्यासको प्रारम्भपनि इटलीमा भएको हो भन्ने मानिन्छ।

विभिन्न विद्वानहरूले आधुनिक उपन्यासलाई पश्चिमको देन मानेका भएता पनि पूर्वीय साहित्यमा आख्यानमूलक गद्यरचनाहरू न लेखिएका होइनन् भन्ने प्रमाण माथि उल्लेख गरिएका संस्कृत रचनाहरूले दिएका

छन्। यसैले आधुनिक पूर्वेली उपन्यास साहित्यको ढाँचा सम्पूर्ण रूपमा पश्चिमको देन हो नभनेर यो पूर्व र पश्चिम दुवैको मिश्रित देन हो भन्नु तर्कसङ्गत हुन्छ।

### ४.३. दुनियाँको पहिलो उपन्यास

दुनियाँको पहिलो उपन्यास कुन हो त भन्ने कुरामा विद्वानहरूमा मतभेद पाइन्छ। कतिपय पूर्वी विद्वानहरूले ईसा पूर्व सातौं शताब्दिमा बाणभट्ट र भूषणभट्टले रचना गरेको **कादम्बरी**लाई संसारको पहिलो उपन्यास मानेका छन् भने केही विद्वान जापानी भाषामा सन १००७ मा मुरासाकी शिकिबु नामक महिलाले लेखेको **जेन्जीको कथा** नामक उपन्यासलाई दुनियाको सबैभन्दा जेठो उपन्यास मान्दछन्। यूरोपको प्रथम उपन्यास स्पेनी भाषामा सेर्वैन्टिस रचित **डोन क्विक्सोट** (१६०५) मानिन्छ। अङ्ग्रेजीको प्रथम उपन्यास कुन हो भन्नेमा पनि मतामत देख्न पाइन्छ। केही विद्वानहरूले जफरी चौसरको **केन्टरबरी टेल्स** (१४००) लाई प्रथम उपन्यास मानेको पाइन्छ भने अर्का थरीका विद्वानहरूले जोन बुन्यानले लेखेको **द पिल्ग्रिम्स प्रोग्रेस** (१६७८) शीर्षक उपन्यासलाई प्रथम मानेका छन्। यसरी नै डेनिल डेफोस रचित **रबिन्सन क्रूसो** (१७१९) लाई अङ्ग्रेजी भाषाको पहिलो आधुनिक उपन्यास मानेका छन्। बङ्गाली भाषामा बङ्किमचन्द्र चटोपाध्यायको **दुर्गेशनन्दिनी** (१८६५) लाई प्रथम उपन्यास मानिन्छ भने लाला श्रीनिवासदास रचित **परीक्षागुरु** (१८८२) लाई हिन्दीको प्रथम उपन्यास र **वीरसिक्का**लाई पहिलो नेपाली उपन्यास हुने गौरव प्राप्त छ।

**माथि उल्लेख गरिएको अंशमा स्मरण गर्न योग्य बिन्दुहरू :-**

१. संस्कृत ग्रन्थहरूमा उपन्यास शब्दको प्रयोग विभिन्न अर्थका निम्ति गरेको पाइन्छ।

२. कादम्बरीलाई संस्कृतको पहिलो उपन्यास मानिन्छ।

३. पश्चिमी साहित्यमा उपन्यासको थालनी बारे छोटो

४. 'उपन्यास' अङ्ग्रेजी Novel को रूपान्तरण हो जसलाई मराठीमा कादम्बरी, गुजरातीमा नवलकथा र हिन्दी, बङ्गाली, नेपाली, उर्दु आदि भाषामा उपन्यास भनिन्छ।

- **आफ्नो प्रगतिको जाँच गर्नुहोस् :-**

१. पूर्वेली साहित्यमा उपन्यास शब्दको प्रयोग केकस्तो रूपमा गरिएको पाइन्छ, यसको छोटो चर्चा गर्नुहोस्।

२. उपन्यास सम्बन्धी पश्चिमी अवधारणालाई स्पष्ट पार्नुहोस्।

---

## ५. उपन्यासको परिभाषा

संसारका विभिन्न विद्वानहरूले उपन्यासलाई आआफ्नै पाराले परिभाषित गर्ने प्रयास गरेका छन्। हामी केही परिभाषाहरूको अवलोकन गर्न सक्छौं -

**एडिथ वाटन** -सुन्दर कथानक र पात्रहरू भएको कल्पित आख्यानलाई उपन्यास भनिन्छ।

**मुन्शी प्रेमचन्द** - मानव चरित्रमा प्रकाश पारेर त्यसको रहस्यलाई खोल्नुनै उपन्यासको मूल उद्देश्य हो।

**राल्फ फक्स-** उपन्यास कोरा कथात्मक गद्यलेखन नभएर मानवजीवनको गद्य हो, र यो समग्र मानव जीवनलाई अभिव्यक्त गर्ने पहिलो कला हो।

**केथलिन मोर्नर र राल्फ रस** - मान्छेका यथार्थ जीवनमा पाइने चरित्र, घटना र परिवेशको अनुकरण गरि गद्याख्यानका रूपमा लामो आयाममा विस्तारित रचनालाई उपन्यास भनिन्छ।

**डा. हबर्ट मूलर** -उपन्यास मानव अनुभवको यथार्थ वा आदर्श नुरूपण हो र यसमा अनिवार्यत: जीवनको आलोचना रहन्छ।

**द न्यू इनसइक्लोपाडिया ब्रिटानिका** - मानवीय अनुभवलाई कल्पनाको सहायताबाट वर्णनात्मक रूपमा घटनाको क्रमबद्ध गद्यमय अभिव्यक्तिलाई उपन्यास भनिन्छ।

**न्यु इङ्ग्लिश डिक्सनरी** - यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्र वा कार्यलाई कथानकमा चित्रण गर्ने बृहत् आकारको गद्याख्यानलाई उपन्यास भनिन्छ।

**डाक्टर श्यामसुन्दर दास**- उपन्यास वास्तविक मानव जीवनको काल्पनिक कथा हो।

माथि उल्लेख गरिएका परिभाषाहरूको अध्ययन गर्दा उपन्यासको परिभाषा यसरी पनि दिन सकिन्छ – **कुनै काल्पनिक वा यथार्थ घटनालाई आधार बनाएर विभिन्न सहभागीहरूको माध्यमबाट आकर्षक भाषा-शैलीमा मानव जीवनको वृहद व्याख्या गर्ने साहित्यिक गद्य विधालाई उपन्यास भनिन्छ।**

उपन्यास हठात जन्मलिएको साहित्यिक विधा न भएर यसको स्रोत प्राचीन भाषाहरूमा पनि देख्न पाइन्छ। यसले यसको महत्वलाई प्रस्ट पार्दछ। आधुनिक उपन्यासको ढाँचा अलि पछि अस्तित्वमा आए तापनि यो विधा अति वीव्र गतिले विश्वका विभिन्न भाषाहरूमा पुग्न सफल भएको र पाठकहरूले धेरै मनपराएको साहित्यिक विधा बन्न पुगेको देखिन्छ। यसमा घटनाहरूको व्याख्या विस्तारसँग गर्न सकिने हुनाले लेखकहरूले यसलाई आफ्नो अभिव्यक्तिको प्रिय माध्यम बनाएको देखिन्छ।

**माथि उल्लेख गरिएको अंशमा स्मरण गर्न योग्य बिन्दुहरू :-**

१. उपन्यास गद्य शैलीमा लेखिने र मानव जीवनका विभिन्न पाटाहरूको व्याख्या गर्ने एउटा साहित्यिक विधा हो।
२. उपन्यासमा कल्पना र यथार्थको सम्मिश्रण पाइन्छ।
३. उपन्यासको आयाम विस्तृत हुन्छ। यो विभिन्न भाग वा परिच्छेदमा बाँड़िएको हुन्छ।
४. उपन्यास आख्यानात्मक हुन्छ। यसमा उल्लेख गरिने घटनाक्रमले पाठकमा सुरुदेखि अन्तसम्म कौतुहलता जगाउँछ।
५. उपन्यासको कथावस्तुलाई अघि बढाउनमा थुप्रै सहभागी वा पात्रहरूको भूमिका रहेको हुन्छ।

## ६. उपन्यासका संरचनात्मक घटकहरू

प्रायः सबै विद्वानहरूले उपन्यासका निम्नलिखित संरचनात्मक घटक वा तत्वहरूलाई स्वीकार गर्दछन् -

६.१ . कथानक वा कथावस्तु
६.२ . सहभागी/पात्र र चरित्र चित्रण
६.३ . सम्वाद वा कथन
६.४ . देशकाल (स्थानसमय र वातावरण ,)
६.५. भाषा शैली वा संरचना शिल्प
६.६. दृष्टिबिन्दु
६.७. उद्देश्य

**६.१ .कथानक वा कथावस्तु**

उपन्यासमा प्रस्तुत गरिने मुख्य घटनाको संरचना वा सारलाई नै कथावस्तु वा कथानक भनिन्छ। सामान्यतया, कथानक तीन चरणमा विभाजित हुन्छ—प्रारम्भ, विकास र समापन। उपन्यासमा एउटा मूल कथाका साथसाथै एक वा एकभन्दा बढी गौण (सहायक) कथाहरू पनि समावेश गरिन्छन्। यिनै विविध घटनाक्रमहरूले कथानकलाई अघि बढाउने काम गर्छन्। उपन्यासमा समेटिएका सबै घटनाहरू परस्पर सम्बद्ध र सुसंगत हुनुपर्छ, जसले कथामा सम्पूर्णता ल्याउँछ। मूल कथा र उपकथाहरूबीचमा कुनै पनि खुकुलोपन नभई बलियो र सशक्त सम्बन्ध हुनु आवश्यक हुन्छ।

कथावस्तु चयनका लागि कुनै निश्चित सिमाना हुँदैन। इतिहास, पुराण, समकालीन समाजका विविध पक्षहरू, विशेष व्यक्तिको जीवनकथा, काल्पनिक अनुभव, या कसैको जीवनमा घटेको वास्तविक घटना जस्ता विविध विषयवस्तुहरू उपन्यासको कथावस्तुका रूपमा चयन गर्न सकिन्छ। कथानकले पाठकलाई आकर्षित गर्ने गरी सजीव, सशक्त र उद्देश्यपूर्ण हुनुपर्छ।

६.२. सहभागीहरू/पात्रहरू र तिनीहरूको चरित्र चित्रण

उपन्यासको अर्को प्रमुख तत्व पात्र र उनीहरूको चरित्र चित्रण हो। उपन्यासमा पात्रहरू दुई किसिमका हुन्छन्—मुख्य र गौण। मुख्य पात्रमा सामान्यतः नायक, नायिका तथा उनीहरूका सहयोगी समावेश हुन्छन्, जबकि गौण पात्रहरू सीमित भूमिकामा उपस्थित रहन्छन्। यद्यपि, उपन्यासको कथानकलाई पूर्णता दिन मुख्य पात्रका साथै गौण वा सहायक पात्रहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ।

प्रत्येक पात्रले कुनै न कुनै सामाजिक वर्ग, मनोवृत्ति वा मूल्य प्रतिनिधित्व गर्दछ। त्यसैले पात्रको व्यक्तित्व, पहिरन, हिँडडुल, भाषाशैली आदि उनीले निर्वाह गर्ने भूमिकासँग मेल खाने गरी प्रस्तुत गरिनु अनिवार्य हुन्छ। पात्रहरूमा आदर्शवादी, यथार्थवादी, खलनायक, महापुरुष, साधु-सन्त, खेलाडी, राजनैतिक व्यक्ति, राजा-रानी, युवराज-राजकुमारी, सामान्य महिला-पुरुष, वृद्ध, युवा, बालक, बौद्धिक वा सामान्यजस्ता विविध चरित्र समेटिन सक्छन्।

यथोचित चरित्र चित्रणले उपन्यासलाई गहिराइ प्रदान गर्छ। वर्तमानकालीन उपन्यासकारहरू विभिन्न कालका पात्रहरूलाई समेट्ने प्रयास गरिरहेका छन्, जसले उपन्यासको कथालाई जीवन्त र व्यापक बनाउँछ।

६.३. संवाद वा कथन

कथावस्तुको विकास र पात्रहरूको मनोवैज्ञानिक र सामाजिक चरित्र निर्माणमा संवादको विशेष भूमिका हुन्छ। संवादले कथामा नाटकीयता, गति र यथार्थता थप्छ। साथै, यसले कथासँग सम्बन्धित महत्त्वपूर्ण घटनाहरूलाई उजागर गर्न मद्दत पुर्‍याउँछ।

पात्रहरूको बाह्य व्यवहार र आन्तरिक मनोभाव व्यक्त गर्न संवाद प्रभावकारी माध्यम हो। संवाद छोटो, अर्थपूर्ण, सहज र स्वाभाविक हुनुपर्छ। यसमा कृत्रिमता वा बनावटीपन हुँदैन; किनभने कृत्रिम संवादले पात्रको वास्तविक अनुभूति दर्शाउन सक्दैन। संवादले कथा र पात्रबीचको सम्बन्ध गहिरो बनाउँछ।

६.४. स्थान, समय (देश-काल) र वातावरण

उपन्यासमा चित्रित घटनाहरू सधैँ कुनै विशेष स्थान, समय वा कालखण्डमा आधारित हुन्छन्। यी तीन तत्वहरूको संयोजनले उपन्यासमा यथार्थपरकता ल्याउँछ र पाठकलाई घटना जीवन्त भैरहेको अनुभूति दिलाउँछ।

नदी किनारा, वन-जंगल, राजदरबार, गाउँ, शहर, घर, युद्धभूमि, तपोवन, विदेशजस्ता विविध स्थानले आ-आफ्नो विशेष वातावरण सिर्जना गर्छन्। यस्तै, पौराणिक, ऐतिहासिक, समसामयिक, सामाजिक, आर्थिक, धार्मिक वा राजनीतिक परिवेशको चित्रण उपन्यासमा पाइन्छ।

त्यसैगरी, पात्रहरूको जीवनशैली, पहिरन, खानपान, भाषा, आचरण, रीतिरिवाज, संस्कार आदि पनि सोही देशकाल र वातावरणअनुसार वर्णन गरिनु उपयुक्त हुन्छ। उपयुक्त स्थान, समय र वातावरणको संयोजनले कथालाई सशक्त परिवेश दिन्छ, जसले उपन्यासलाई अझ सजीव बनाउँछ।

**६.५. भाषा, शैली र संरचना शिल्प**

भाषा र शैली उपन्यासका अत्यन्त महत्वपूर्ण पक्षहरू हुन्। उपन्यासकारले आफ्ना विचार र अनुभूति पात्रहरूमा आरोपण गरी भाषामार्फत पाठकमा सम्प्रेषित गर्छन्। त्यसैले उपन्यासको भाषा स्पष्ट, प्रभावकारी र सम्प्रेषणीय हुन आवश्यक हुन्छ।

भाषा पात्रको सामाजिक र बौद्धिक स्तरअनुसार भिन्न हुन सक्छ। विद्वान पात्रको भाषा र सामान्य पात्रको भाषा फरक हुनुपर्छ। उपन्यासहरूमा कसैले संस्कृतनिष्ठ, कसैले मानक नेपाली, त कसैले स्थानीय भाषासँग मिश्रित नेपाली प्रयोग गरेको देखिन्छ।

"शैली" भन्नाले कुनै कुरा प्रस्तुत गर्ने विशेष तरिकालाई जनाइन्छ। उपन्यासमा कथानक प्रस्तुत गर्ने शैलीले कथा प्रभावशाली बनाउँछ। शैलीहरू विभिन्न प्रकारका हुन सक्छन्—कथात्मक, वर्णनात्मक, संवादात्मक, भावनात्मक, आत्मकथात्मक, पत्रात्मक, डायरी शैली, तृतीय पुरुष शैली आदि। शैली उपन्यासको सम्पूर्णता दर्शाउने माध्यम हो। यसले उपन्यासका सम्पूर्ण तत्वहरूलाई एकै सूत्रमा बाँधेर, लेखकको उद्देश्य पाठकसमक्ष प्रभावकारी ढङ्गमा प्रस्तुत गर्छ। शैली नै उपन्यासलाई रोचक, आकर्षक र जीवन्त बनाउने कला हो।

### ६.६. दृष्टिबिन्दु (Point of View)

उपन्यास रचनाको एउटा अत्यावश्यक तत्व हो — *दृष्टिबिन्दु*। यो लेखकले कथावस्तु प्रस्तुत गर्दा अपनाउने कोण वा दृष्टिकोण हो, जसले कथाको सम्पूर्ण प्रस्तुति र पाठकसँगको सम्बन्ध निर्धारण गर्छ। उपन्यास लेख्दा लेखकले कुनै विशेष विचारलाई केन्द्रमा राखी कथानक निर्माण गर्छन्, र पात्रहरूलाई कुन स्थानमा राखी कथा अघि बढाउने भन्ने कुरा दृष्टिबिन्दुसँगै गाँसिएको हुन्छ।

दृष्टिबिन्दु भन्नाले लेखकले आफ्नो धारणा पाठकमाझ कसरी प्रस्तुत गर्छन् भन्ने तरिका, परिवेश र परिस्थिति जनाउने संकेत बुझिन्छ। यो पाठक र रचनाकारबीच पुलको रूपमा काम गर्छ, जसले कृतिमा अन्तर्निहित विचारधारालाई समेट्न र बुझ्न सहयोग पुऱ्याउँछ।

साहित्यका सबै विधामा दृष्टिबिन्दुलाई विशेष महत्त्व दिइन्छ, तर उपन्यासमा यसको भूमिकालाई अझ बढी केन्द्रीय मानिन्छ। उपन्यासमा कथावाचकले पात्रका आन्तरिक भाव, स्वभाव, सोच, व्यवहार, परिस्थिति आदिको वर्णन संवाद र घटनाक्रमका माध्यमबाट गर्छ। कथामा दृष्टिबिन्दु कसले कथा भनिरहेको छ भन्ने कुरा प्रष्ट पार्दछ भने, यसले कथा कसरी भनिएको छ भन्ने शिल्पगत पक्षलाई पनि निर्धारण गर्छ।

दृष्टिबिन्दु मुख्यतः दुई प्रकारका हुन्छन्—

1. **प्रथम पुरुष दृष्टिबिन्दु (Internal Point of View):** यसमा कथावाचक स्वयम् पात्र हुन्छ र "म" को माध्यमबाट कथा सुनाउँछ।
2. **तृतीय पुरुष दृष्टिबिन्दु (External Point of View):** यसमा कथावाचक स्वयं घटनाको प्रत्यक्ष साक्षी हुँदैन; उसले "ऊ/उसले" को माध्यमबाट पात्रहरूबारे विवरण दिन्छ।

कहिलेकाहीँ सर्वज्ञ दृष्टिबिन्दु पनि प्रयोग गरिन्छ, जसले प्रत्येक पात्रको मनोभाव बुझेर कथा चलाउने सुविधा दिन्छ। उपन्यासमा दृष्टिबिन्दुको प्रयोगले कृतिलाई जीवन्त बनाउँछ र कथा प्रस्तुतिको शैलीलाई सशक्त बनाउँछ। यसले न केवल कथा सुनाउने ढङ्ग निर्धारण गर्छ, तर पाठकले कथासँग कसरी सम्बन्ध राख्ने भन्ने कुरामा पनि महत्त्वपूर्ण प्रभाव पार्दछ। त्यसैले, दृष्टिबिन्दु उपन्यासको एक अनिवार्य तथा प्रभावकारी तत्व हो।

### ६.७. उद्देश्य (Rewritten - For Continuity)

हरेक कार्यको कुनै न कुनै उद्देश्य अवश्य हुन्छ, र साहित्यिक सिर्जनामा त झन् उद्देश्यको भूमिका झनै महत्वपूर्ण हुन्छ। उपन्यास केवल मनोरञ्जनको माध्यम होइन, यो जीवन र समाजप्रतिको गहिरो दृष्टिकोण प्रस्तुत गर्ने साहित्यिक विधा हो। उद्देश्य नै कुनै रचनाको मूल सार वा केन्द्र हो, जसलाई उपन्यासकारले विविध औपन्यासिक तत्वहरूको माध्यमबाट पाठकमाझ पु¥याउने प्रयास गर्छन्।

उपन्यासको उद्देश्यले पाठकलाई भावनात्मक रूपमा तानेर सोच्न बाध्य पार्छ। यसले जीवनका यथार्थ पक्षहरूको व्याख्या गर्दै मानिसको चेतनामा प्रभाव पार्ने खालका विचार, अनुभव, र भावना सम्प्रेषण गर्दछ।

लेखकले समाजबाट प्राप्त गरेका मीठा–तीता अनुभूतिहरू, जीवनका संघर्ष, विगतका स्मृति र वर्तमानको यथार्थतालाई उपन्यासमार्फत अभिव्यक्त गर्छन्।

साथै, उपन्यासको उद्देश्यले समाजमा विद्यमान कुरीति, अन्याय, तथा अज्ञानता विरुद्ध चेतना फैलाउने, ऐतिहासिक वा पौराणिक तथ्यको पुनरावलोकन गर्ने, मानवतावादी वा आध्यात्मिक चेतना विकास गर्ने, अनि राष्ट्रप्रेम उत्पन्न गर्ने प्रयास गर्दछ। उपन्यासले जीवनका विविध रंगहरूलाई प्रस्तुत गरी सामाजिक रुपान्तरणको मार्ग पनि देखाउन सक्छ।

यसर्थ, उद्देश्य उपन्यासको एक अनिवार्य, जीवन्त र गहिरो तत्व हो, जसले सम्पूर्ण कथावस्तुलाई दिशा, उद्देश्य, र प्रभावशीलता प्रदान गर्दछ।

**✓ आफ्नो प्रगतिको जाँच गर्नुहोस्:**

**१. उपन्यासका तत्वहरूको परिचय दिनुहोस्।**

उत्तर: उपन्यासका प्रमुख तत्वहरू हुन्—कथावस्तु (कथानक), पात्र र चरित्र चित्रण, संवाद, स्थान-काल (देशकाल) र वातावरण, भाषा–शैली, दृष्टिबिन्दु, र उद्देश्य। यी तत्वहरूको संयोजनले उपन्यासलाई पूर्णता दिन्छ।

**२. उपन्यासमा चरित्र चित्रण किन महत्वपूर्ण मानिन्छ?**

उत्तर: पात्रहरू उपन्यासको आत्मा हुन्। तिनीहरूको स्वभाव, व्यवहार र सामाजिक प्रतिनिधित्वले कथालाई जीवन्त बनाउँछ। चरित्र चित्रणले कथा विश्वसनीय बनाउँछ र पाठकलाई भावनात्मक रूपमा बाँध्न सहयोग गर्छ।

**३. उपन्यासमा संवाद योजनाबारे छोटो टिप्पणी लेख्नुहोस्।**

उत्तर: संवादले पात्रहरूको भावना, विचार, स्वभाव प्रकट गर्छ र कथाको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ। यसले कथा सजीव बनाउँछ र पाठकलाई कथा भित्र तान्न सहयोग गर्छ।

**४. उपन्यासमा देशकाल वा परिवेशको के कस्तो भूमिका हुन्छ, विस्तारसँग लेख्नुहोस्।**

उत्तर: देशकाल वा परिवेशले कथाको वास्तविकता र विश्वसनीयता सुनिश्चित गर्छ। स्थान र समयले कथावस्तुलाई सामाजिक, सांस्कृतिक र ऐतिहासिक सन्दर्भमा बाँध्दछ। परिवेशले पात्रको स्वभाव, भाषा, र घटनाक्रमको विकासमा प्रभाव पार्दछ, जसले उपन्यासलाई सजीव र सन्दर्भयुक्त बनाउँछ।

## ७. १. उपन्यासको वर्गीकरण

उपन्यासको सिर्जना समाज, इतिहास, मनोविज्ञान, सांस्कृतिक गौरव, राजनीति, दर्शन, विचार, वाद, रहस्य-रोमाञ्च आदि विविध क्षेत्रसँग सम्बन्धित रहेकाले गर्दा विद्वानहरूले यसको वर्गीकरण पनि विभिन्न आधारमा गरेको पाइन्छ। विषयवस्तुका आधारमा उपन्यासहरूको सामान्य वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ-

७.१.१. ऐतिहासिक उपन्यास

७.१.२. सामाजिक उपन्यास

७.१.३. मनोवैज्ञानिक उपन्यास

७.१.४. राजनैतिक उपन्यास

७.१.५. सांस्कृतिक उपन्यास

७.१.६. रहस्य-रोमाञ्चमूलक वा जासूसी ऐयारी उपन्यास

७.१.७. धार्मिक पौराणिक उपन्यास

७.१.८. आञ्चलिक उपन्यास

७.१. ९. अन्य विविध विषयक उपन्यास

## ७.१.१. ऐतिहासिक उपन्यास

इतिहाससँग सम्बद्ध कुनै पनि घटना वा विषयवस्तुलाई आधार बनाएर लेखिएको उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ। यसमा समय, घटना, परिवेश, पात्र, वातावरण ग्रहण गर्दै इतिहासको कुनै विशिष्ट घटना, क्षण, चरित्र आदिको खुलासा गर्ने प्रयास गरिन्छ। ऐतिहासिक उपन्यासमा इतिहासको जुन घटनालाई कथावस्तुको रूपमा लिइन्छ त्यसै अनुरूप परिवेश निर्माण गर्ने प्रयास गरिएको हुन्छ। जसलाई पढदा पाठकलाई अतीतमा पुगेको अनुभव हुन्छ। अतीतको कुनै पनि समयावधि, युगीन घटना एवम्  चरित्रलाई लिएर त्यसलाई युगीन परिवेश अनुरूप ढालेर पुनर्सिर्जना गर्ने काम ऐतिहासिक उपन्यासमा गरिन्छ। यस खाले उपन्यासमा इतिहासप्रसिद्ध घटना वा कुनै वीर चरित्रका बारेमा लेखिए पनि उपन्यास  एउटा साहित्यिक विधा वा कला भएकाले यसमा कल्पनाको समावेश गरेर यसलाई कथात्मक ढाँचामा कलात्मक रूपले प्रस्तुत गरिन्छ। यस्ता उपन्यासमा घटनामा रोचकता ल्याउन केही मात्रामा कल्पनाको समावेश गरिएता पनि कथावस्तुको मूल आत्मामा कुनै क्षति पुऱ्याएको हुनुहुँदैन। अन्य उपन्यासहरू भन्दा ऐतिहासिक उपन्यास लेख्न कठिन हुन्छ। यस्ता उपन्यास लेख्दा लेखकले तथ्यहरूसँग न्याय गर्नका लागि इतिहासको गहिरो अध्ययन गर्नु पर्ने हुन्छ। त्यतिमात्रै नभएर उपन्यासलाई शुद्ध इतिहास हुनबाट जोगाउनका लागि त्यसलाई औपन्यासिक तत्वभित्र बाँध्नु पर्ने दायित्व पनि उपन्यासकारको हुन्छ। यस्ता उपन्यासमा तत्कालीन समाज सापेक्ष संस्कृति, चालचलन, परिवेश, रीतिथिति आदिको पनि ध्यानमा राख्नु पर्ने हुन्छ। ऐतिहासिक उपन्यासमा पात्रहरूले बोल्ने भाषा-शैली वा लवाज पनि युग अनुकूल हुनु पर्छ साथै लेखक पनि युग अनुसार बोलिने भाषासँग परिचित हुनुपर्छ। नेपालीमा डायमण्ड शमशेरको ‘वसन्ती’, योगेश राजको ‘रणहार’, भगीरथ रावतको ‘बास सल्किरहेछ’, हिन्दीमा मुन्शी प्रेमचन्दको ‘रंगभूमि’, हजारीप्रसाद द्विवेदीको ‘वाणभट्ट की आत्मकथा’, वृन्दावनलाल वर्माको ‘महारानी लक्ष्मीबाई’, अङ्ग्रेजीमा वार्ल स्कटको ‘इवानहो’ ऐतिहासिक उपन्यासका केही उदाहरणहरू हुन्।

## ७.१.२. सामाजिक उपन्यास

कुनै पनि समाजसँग सम्बद्ध विषयवस्तुमा आधारित उपन्यासलाई सामाजिक उपन्यास भनिन्छ। यसमा सामाजिक जीवनमा देखा पर्ने विभिन्न घटना र पात्रहरूको माध्यमबाट समाजको चित्रण गरिएको हुन्छ। समाजमा

विद्यमान परम्परा, रीतिथिति, संस्कार, नीति, आदर्श, दर्शन, असमानता, अन्याय, अत्याचार, लैङ्गिक भेद-भाव, छुआछूतको समस्या, भ्रष्टाचार, विकृति, विसङ्गति, ठगबाजी, शोषण, राजनैतिक, बालश्रम, आर्थिक र धार्मिक समस्याहरू आदिको सहज चित्रण सामाजिक उपन्यासमा गरिन्छ। यस्ता उपन्यासको उद्देश्य सामाजिक जागरण र परिवर्तनको कामना रहेको हुनाले यिनमा यथार्थ र आदर्श दुवैको समावेश देख्न पाइन्छ। यस्ता उपन्यासमा घटना र पात्रहरू प्रायजसो काल्पनिक हुन्छन्। कहिलेकाँहीँ कुनै सामाजिक पात्रको जीवनलाई लिएर पनि सामाजिक उपन्यास लेखिन्छन्। यस तहका उपन्यासको कथानक समाजको प्रतिनिधित्व गर्ने कुनै पात्रको व्यक्तिगत, पारिवारिक र समाजगत जीवन वा कुनै अञ्चल विशेषसँग सम्बन्धित पनि हुनसक्छ। यस्ता उपन्यासमा समाजको वाह्य पक्षको चित्रण गरिन्छ।

सामाजिक उपन्यासको विषयवस्तु सोझै समाजसँग सम्बन्धित हुनाले यसको भाषा-शैलीपनि समाज सापेक्ष अर्थात् सरल र सहज हुन्छ। यस्ता उपन्यासमा इतिहास, दर्शन, राजनीति, मनोविज्ञान जस्ता सन्दर्भहरूपनि सामाजिकतासँग गाँसिएर आउँछन्। नीतिवादी, भावप्रधान, यथार्थवादी, मनोवैज्ञानिक, समस्याप्रधान, आदर्शवादी उपन्यासहरूपनि समाजिक उपन्यासको घेराभित्र पर्दछन्। रुद्रराज पाण्डेको 'रूपमति', लैनसिंह बाङ्देलको 'मुलुकबाहिर', लीलबहादुर क्षत्रीको 'बसाई' केही नेपाली सामाजिक उपन्यासहरू हुन् भने प्रेमचन्दको 'गोदान', धर्मवीर भारतीको 'सूरजका सातवाँ घोड़ा' हिन्दीका र चार्ल्स डिकेन्सको 'ओलिवर ट्विस्ट', जर्ज गिसिङको 'द नेदर वर्ल्ड', एलिजाबेथ गैसकेल लिखित *'मैरी बार्टन'* अङ्ग्रेजीमा लेखिएका केही सामाजिक उपन्यासका उदाहरणहरू हुन्।

### ७.१. ३. मनोवैज्ञानिक उपन्यास

कुनै व्यक्तिको मनोजगत वा भावनासँग आधारित उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। अर्को शब्दमा भन्नु पर्दा मानिसको मनलाई विषयवस्तु बनाएर मनोजगतको सूक्ष्म विश्लेषण गर्ने उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भनिन्छ। यसमा व्यक्ति मनको विश्लेषण गरिन्छ। यसमा मानवीय आन्तरिक प्रेरणा र व्यवहारको खोज गरिन्छ। यस्ता उपन्यासमा कथाभन्दा बढ़ि पात्रहरूको आन्तरिक जीवन चित्रणमा जोड़ दिइन्छ। यस्ता उपन्यामा घटनाहरूलाई काल क्रमिक क्रममा न देखाएर पात्रहरूको विचार, स्मृति, कल्पना, चिन्ता र सपनाहरूको आधारमा देखाइन्छ। यस खाले उपन्यासमा घटनाको महत्व कम र पात्र वा सहभागीहरूको अन्तर्द्वन्द्व, चिन्तन-मनन, आत्मविश्लेषण, स्वगत कथन आदिलाई महत्व प्रदान गरिन्छ।

मनोवैज्ञानिक उपन्यासमा मनोविश्लेषणका जनक मानिने सिग्मण्ड फ्रायड, अल्फ्रेड एडलर, कार्ल गुस्ताव युङ आदिले प्रारम्भ गरेका मानव मनोविज्ञान सम्बन्धी सिद्धान्तका आधारमा व्यक्ति मनका कुराहरू खोतल्ने प्रयास वा उनिहरूका मनोग्रन्थीको रहस्योद्धाटन गरिन्छ। मनोवैज्ञानिक उपन्यासमा इद, अहम, पराअहम्, चेतन, अवचेतन, अचेतन, हीनताग्रन्थी, काम इच्छा, मनोविकार, मानसिक विकृति आदिमाथि प्रकाश पार्ने प्रयास गरिन्छ। यसखाले उपन्यासमा स्त्री मनोविज्ञान, पुरुष मनोविज्ञान, बाल मनोविज्ञान, यौन मनोविज्ञान, समाज मनोविज्ञान जस्ता विषयवस्तुलाई आधार बनाइन्छ। धेरै उपन्यासकार एवं पाठकहरूले उच्छृङ्खल यौन चित्रण गर्ने, सामाजिक मर्यादा वा शिष्टतालाई भङ्ग गर्ने र अश्लीलताको नाङ्गो चित्रणलाई पनि मनोवैज्ञानिक उपन्यासभित्र राखेको पाइन्छ। तर साहित्य समाजको हितार्थ लेखिने वा सृजन गर्ने वस्तु हुनाले यस किसिमका उपन्यासलाई मनोवैज्ञानिक उपन्यास भन्न मिल्दैन। शिष्ट तरिकाले मनोजगतका ग्रन्थीहरू खोतलिएको विषयवस्तु

भने यस कित्तामा पर्दछ। यस्ता उपन्यासको भाषा-शैली पनि विश्लेषणपरक हुन्छ। मनोवैज्ञानिक उपन्यासमा सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आदि परिवेश समावेश गरिए तापनि मूलरूपमा पात्रको आन्तरिक परिवेश चित्रणको प्रधानता रहन्छ। नेपालीमा विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ति', 'सुम्निमा', विजय मल्लको 'अनुराधा', तारिणीप्रसाद कोइरालाको 'सर्पदंश' मनोवैज्ञानिक उपन्यास हुन् भने हिन्दीमा जैनेन्द्रको 'त्यागपत्र', अज्ञेयको 'शेखर एक जीवनी', इलाचन्द्र जोशीको 'सन्यासी' केही मनोवैज्ञानिक उपन्यासका उदाहरणहरू हुन्।

### ७.१.४. राजनैतिक उपन्यास

राजनीतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएका उपन्यासलाई राजनैतिक उपन्यास भनिन्छ। यस्ता उपन्यास कुनै राजनैतिक घटना, चिन्तन वा पात्रमा आधारित हुन्छन् जसमा राजनैतिक घटना, उठा -पटक, सङ्घर्ष, विद्रोह, हिंसा, समझौता, राष्ट्रीय वा अन्तरराष्ट्रिय कुटनीति, कुनै विचारधारामा परिवर्तन, कुनै योजनाको रूपाङ्कन, त्यसको कार्यान्वयन, राष्ट्रिय-अन्तरराष्ट्रिय प्रभाव, राजनैतिक चरित्रको त्यसमा भूमिका, विपक्षको विरोध जस्ता विषय र घटनाहरू समावेश गरिन्छन्। कुनै पनि निश्चित कालखण्डको राजनीतिलाई लिएर लेखिएका राजनैतिक उन्यासमा ऐतिहासिकताको समावेश आफैं हुने गर्दछ तर राजनैतिक उपन्यासको केन्द्रमा राजनीति हुन्छ भने ऐतिहासिक उपन्यासमा इतिहासका घटनाहरूको प्रधानता हुन्छ। कुनै पनि राजनैतिक घटना, आन्दोलन, चरित्र आदि समयक्रममा इतिहास बनेको पाइन्छ त्यसैले इतिहास र राजनीति बीच निकट सम्बन्ध रहेको थाह पाइन्छ। केही राजनैतिक उपन्यासका उदाहरणहरूमा नेपालीमा कृष्ण अविरलको 'रक्तकुण्ड', खड्गबहादुर सिंहको 'विद्रोह' (१,२), लीलाध्वज थापाको 'शान्ति', हिन्दीमा भगवती चरण वर्माको 'टेढ़े-मेढ़े रास्ते', भीष्म साहनीको 'तमस', यशपालको 'झूठा सच', 'दादा कमरेड', अङ्ग्रेजीमा जर्ज अरवेलको 'नाइन्टिन एटी फोर', जैक लन्दनको 'आइरन हिल' आदिको नाम लिन सकिन्छ।

### ७.१. ५. सांस्कृतिक उपन्यास

कुनै विशेष संस्कृति र युग विशेषको झल्को दिने उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ। कुनै युग, राष्ट्र वा जाति विशेषको संस्कृतिलाई विषयवस्तु बनाएर लेखिने उपन्यास सांस्कृतिक उपन्यासभित्र पर्दछन्। यस खाले उपन्यासमा मानव समाज विशेष द्वारा आत्मसात गरिएका संस्कार, रहनसहन, आचार-व्यवहार, मूल्य, परम्परा, कला, आदर्श, रीतिथिति, धार्मिक-सामाजिक मान्यता, पारम्परिक गीत-संगीत, वाद्ययन्त्र, नृत्य, चाड-पर्व, गौरवशाली इतिहास आदिको झलक देखाउने प्रयास गरिन्छ। यस्ता उपन्यासमा जाति विशेषका सांस्कृतिक घटना, पात्र वा सांस्कृतिक गौरव उत्थानको ऐतिहासिक समय र त्यस क्षण वा युग विशेष सम्बन्धी परम्परा, मान्यता, सामाजिक मूल्य, आदर्श आदि सांस्कृतिक सन्दर्भको प्रस्तुति दिने प्रयास गरिन्छ। सांस्कृतिक गौरव चुलिएको कुनै ऐतिहासिक कालखण्डको वर्णन गर्ने र पुराण, धर्मशास्त्र वा प्राचीन ज्ञान-विज्ञान आदि विषयवस्तुमा आधारित कतिपय धार्मिक र पौराणिक उपन्यासहरू पनि सांस्कृतिक उपन्यासभित्र पर्दछन्। यस्ता उपन्यासहरूमा पात्र वा समय जुनसुकै कालखंड बुझाउने भएतापनि यिनमा सांस्कृतिक पक्षको प्रस्तुतिमाथि विशेष प्रकाश पार्ने प्रयास रहेको पाइन्छ। यस्ता उपन्यासहरूको कथानक पौराणिक, ऐतिहासिक मात्रै नभएर वर्तमान परिवेशसँग सम्बन्धित पनि हुन सक्छ। नेपालीमा मदनमणि दीक्षितको 'माधवी', दौलतविक्रम विष्टको 'ज्योतिज्योति महाज्योति', विजय मल्लको 'कुमारी शोभा', हिन्दीमा अमृतलाल नागरका 'बूँद और समुद्र', र 'अमृत और विष' हज़ारीप्रसाद द्विवेदीको 'वाणभट्ट की आत्मकथा' सांस्कृतिक उपन्यासका केही उदाहरणहरू हुन्।

## ७.१. ६. रहस्य-रोमाञ्चमूलक वा जासूसी ऐयारी तिलस्मी उपन्यास

अद्भुत रोमाञ्च जगाउने वा आङ जिरिङ्ग पार्ने, विस्मयकारी र रहस्यमूलक घटनाहरूको विन्यास भएका उपन्यासलाई रहस्य रोमाञ्चमूलक उपन्यास भनिन्छ। यस्ता उपन्यासको मूल कथानकमा प्रेम- प्रणय वा अन्य कुनै सामाजिक घटनालाई आधार बनाइए तापनि घटनाको बुनाई रहस्यजनक हुने गर्दछ। मुख्य पात्र वा नायकले साहसिक कार्य गर्दछ। ऊ आफ्नु लक्ष्य प्राप्तिका लागि विभिन्न बाधाहरू साहस र आत्मबलसँग झेल्दै अघि बढदछ। यस खाले उपन्यासमा घटनाहरू पाठकले पूर्वाभास न पाउनेगरि बुनिएका हुन्छन् जसले गर्दा अगाडि के हुन्छ भन्ने कौतुहलता पाठकका मनमा सँधै जागी रहन्छ। घटनामा अचानक आउने मोडले पाठको हृदय रोमाञ्चले भरिन्छ।

कथानकमा हत्या, अपहरण, चोरी, डकैती जस्ता आपराधिक गतिविधिको संयोजन र तिनीहरूको समाधानका निम्ति मुख्य भूमिका निभाउने जासूस सहभागी भएका उपन्यासलाई जासूसी उपन्यास भनिन्छ। उन्यासको मुख्य कथानक प्रेम प्रधान, सामाजिक आदि भएता पनि आपराधिक गतिविधिको समाधानमा जासूसले महत्वपूर्ण भूमिका निभाएको हुन्छ। सामान्य मानिस, पुलिस आदिले समाधान गर्न न सकेका मुद्दा वा अपराधको अन्वेषण गरेर जासूसले अपराधीको पत्तो लगाई प्रमाणसहित पक्राउ गराएर र उसलाई दण्डको भागी बनाउने र समस्याको निवारण गर्ने काम गर्दछ। जासूसी उपन्यासमा घटनाको तहसम्म पुग्नका लागि सामान्य मानिसले नचिन्ने आफ्नो भेष लुकाउन सक्षम भएका ऐय्यारहरूको प्रयोग पनि गरिन्छ जसले आफ्नो भेष बदलेर गुप्त तरिकाले मामिलाको छानबीन गर्न सघाउ पुऱ्याउँछन्। ऐय्यारहरू मुख्य जासूसका वीर, असीम शक्ति र बुद्धि भएका इमान्दार पात्रहरू हुन्छन्। यसरी जासूसी उपन्यासमा भावुकता भन्दा बढि बौद्धिकता र तार्किकताको प्रयोग गरिएको पाइन्छ। यस खाले उपन्यासलाई ऐयारी उपन्यास पनि भनिन्छ।

अद्भुत, अस्वाभाविक र जादुई कल्पनामा आधारित उपन्यासलाई तिलस्मी उपन्यास भनिन्छ। यस्ता उपन्यासमा अलौकिक, अतिमानवीय, चमत्कारयुक्त, जादुई र अद्भुत घटनालाई समावेश गरिएको पाइन्छ। असम्भव कार्य पनि सम्भव हुने, आवश्यक्ता अनुसार रूप फेरिने, अन्तर्ध्यान हुने, आकाशवाणी हुने, शत्रुपक्षलाई दैवीय पाराले पराजित गर्ने, मायाले छक्याउने जस्ता मानवेतर क्रियाकलापको समावेश गरिएका उपन्यास तिलस्मी उपन्यासका कित्तामा पर्दछन्। यस्ता उपन्यासको मुख्य सहभागी एउटा असाधरण, दैवी चमत्कारको गुणले युक्त हुन्छ। उसका निम्ति केही पनि असम्भव हुँदैन। यस्ता उपसन्यासमा मानवेतर सहभागीमा पनि मानवीय गुण आरोपित गरेर अद्भुत कर्य गराइन्छ। चमत्कार वा डरलाग्दा घटनाहरूको समावेश भएको हुँदा यस्ता उपन्यास कमजोर मुटुभएकाले एक्लै पढन डराउने पनि हुन्छन्।

रहस्य-रोमाञ्चमूलक वा जासूसी ऐयारी, र वास्तविक जीवनमा नहुने अद्भुत कल्पनायुक्त र मायवी कुराले भरिएका तिलस्मी उपन्यासहरू, उपन्यास लेखनको थालनीमा देखापरेका हुन्। हिन्दी साहित्यमा देवकीनन्दन खत्रीले यस उपन्यास परम्पराको सूत्रपात गरेको पाइन्छ। उनका 'चन्द्रकान्ता', 'चन्द्रकान्ता सन्तति', गोपालराम गहमरीको 'अद्भुत लाश', 'खूनी की खोज' जस्ता उपन्यासहरू प्रारम्भमा धैरै चर्चित भएका पाइन्छन्। खत्रीकै प्रभावमा आएर नेपालीमा पनि जासूसी ऐयारी वा रहस्य रोमाञ्चमूलक उपन्यास लेख्ने परम्पराको थालनी भएको देखिन्छ। जासूसी, ऐयारी, रहस्य-रोमाञ्चमूलक तीनै प्रकारका का उपन्यासहरूमा आंशिक भिन्नता भएतापनि यी सबै तत्वहरू एउटै उपन्यासमा पाउन सकिन्छ। हरिहर शर्मा लामिछाने र श्री शिवदत्त शर्माको 'वीरसिक्का', गिरीशबल्लभ जोशीको 'वीरचरित्र', दीर्घबाहुको 'बज्रजोगिनीको खजाना' नेपालीमा लेखिएका यसखाले उपन्यासका केही उदाहरणहरू हुन्। यी नेपाली साहित्यका प्रारम्भिककालीन उपन्यासहरू हुन्।

### ७.१.७. धार्मिक पौराणिक उपन्यास

धर्मविशेषका आदर्शहरू स्थापित गर्ने उद्देश्यले लेखिएका वा कुनै पनि पौराणिक कथा प्रसङ्गलाई लिएर लेखिने उपन्यासलाई धार्मिक पौराणिक उपन्यास भनिन्छ। यस्ता उपन्यासमा चरित्रहरूको माध्यमबाट धार्मिक उत्थान, परमार्थलाई मानव जीवनको उद्देश्य बनाउने, सांसारिक क्षणभङ्गुरता, मानव सेवा, पुण्य कार्य, सादा र त्यागी जीवन जिउने प्रेरणा, स्वर्ग प्राप्तिको लोकविश्वास, ईश्वर वा सद्गति प्राप्तिका लागि गरिने शास्त्रसम्मत कर्म, लोककल्याणका लागि अँगालिने कर्तव्य, असल आचरण, सदाचार, नियम आदिको अर्थबोध गराउने प्रयास गरिन्छ। यस दृष्टिबाट हेर्दा धर्मको सम्बन्ध कुनै न कुनै ढङ्गले ईश्वर वा सदाचारसँग सम्बद्ध रहेको देखिन्छ। यस्तै गरी पुराणले वर्णन गर्ने सृष्टि स्थिति, लय, ऋषि, राजवंश आदिका वृत्तान्त, देवीदेउता, तीर्थ आदिको महिमा वर्णन गर्ने प्रसिद्ध धर्मग्रन्थ, समाज विशेषमा परम्परादेखि चलि आएका देव, दानव, श्रेष्ठ मानिस आदिका कथा, सृष्टिको घटना चक्रको सविस्तार वर्णन, सदाचार वा उपासना पद्धतिको स्थापना आदि यस्ता उपन्यासको कथावस्तुभित्र पर्दछन्।

सनातनमा धर्मको अर्थ व्यापक भएको पाइन्छ। यसले धर्मलाई धारण गर्ने वा एउटा जीवनको बाटो जसमा मानव, जीव, चराअचर, आकाश पाताल वा समस्त सृष्टि का आदर्शलाई व्यावहारिक जीवनमा अँगालेर जीवन बिताउने भन्ने बुझाउँछ भने अन्य मतावलम्बीले धर्मलाई कुनै पन्थ वा सम्प्रदाय विशेषले देखाएका निश्चित र सीमित सिद्धान्तमा चल्नु भन्ने बुझाउँछ। भारतखण्डमा अन्य धर्महरूको आगमनसँगै सनातनलाई पनि धर्म (Religion) को संकुचित परिभाषामा बाँधिदिएको पाइन्छ र सबै सत आचरण र आध्यात्मिक चेतनासँग सम्बन्धित, आत्मालाई माथि उठाउने, व्यावहारिक वा नीतिपरक ज्ञान दिने प्राचीन वाङ्मयको सम्पूर्ण ठेलिलाई नै अन्य धर्म सरह धार्मिक ग्रन्थ मानेर छुट्टै राखिदिएको पाइन्छ। त्यसैले वर्तमानमा धार्मिक भन्नाले हामी वेद पुराणादि सममस्त ज्ञान परम्पराका वाङ्मय भन्ने बुझ्दछौं।

पुराण भन्नाले अठारह पुराण मात्रै नबुझाएर प्राचीनकालीन वा परापूर्वकालीन ज्ञानको साहित्य भन्ने बुझिन्छ। यसरी भारतीय वाङ्मयमा पौराणिक र धार्मिक शब्दहरू एकअर्कामा आश्रित रहेको पाइन्छ। धर्म र पुराण दुवैका प्रचलित अर्थमा निकटता रहेकाले यी दुवैलाई एउटै प्रकारमा समेटिएको हो। पौराणिक शब्दले मात्रै सनातन वा हिन्दु धर्मका प्राचीनकालीन ग्रन्थ र अठार पुराणलाई नबुझाएर अन्य धर्मावलम्बीहरूका धार्मिक ग्रन्थहरूलाई पनि समेटेको पाइन्छ। नेपालीमा रामायण, महाभारत, विभिन्न पुराण, वेद, प्राचीन पुराणेतर वाङ्मयसँग सम्बद्ध घटना, मानव धर्म, सत्कर्म, अध्यात्म, परमार्थ आदिसँग सम्बद्ध विषयवस्तु वा कथाप्रसङ्गमा आधारित उपन्यासलाई धार्मिक पौराणिक उपन्यास मानिन्छ। नेपालीमा मदनमणि दीक्षितको 'माधवी', राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान', विनोदप्रसाद धितालको 'योजनागन्धा', हिन्दीमा नरेन्द्र कोहलीको 'महासमर', हजारीप्रसाद द्विवेदीको 'अनामदासका पोथा', विनय मित्रको 'एक और युधिष्ठिर', मनु शर्मा रचित 'कृष्णकी आत्मकथा' चर्चित धार्मिक पौराणिक उपन्यासहरू हुन्।

### ७.१. ८. आञ्चलिक उपन्यास

कुनै खास अञ्चल, प्रान्त, वा सीमित भूगोलको सीमाभित्र जीवन यापन गर्ने सामाजिक जनजीवन, रहन-सहन, रीति-थिति, लोकव्यवहार, आचार-विचार, धार्मिक मान्यता, परम्परा, पहिरन, सामाजिक, राजनैतिक, आर्थिक स्थिति, अन्धविश्वास, लोक संस्कृति आदिलाई चित्रण गर्ने उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ। आञ्चलिक उपन्यासमा कथावस्तु र पात्रको छनोट अञ्चल विशेषलाई ध्यानमा राखेर गरिन्छ। यस्ता उपन्यासमा प्रशस्त मात्रामा पारम्परिक गीतको समावेश र पात्रहरूले बोल्ने भाषामा त्यस स्थान विशेषको झलक पाइन्छ। कुनै अञ्चल विशेषको सम्पूर्ण जीवन-शैली देखाउने गुण भएका हुनाले आञ्चलिक उपन्यास लोक संस्कृतिका सफल

प्रस्तोता पनि हुन्छन्। यस्ता उपन्यासमा पात्रहरूको चरित्राङ्कन पनि त्यस अञ्चल विशेषमा जीवन यापन गर्ने मानिसहरूको आचार-व्यवहार र संस्कार अनुसार गरिन्छ। नेपालीमा शङ्कर कोइरालाको 'खैरिनी घाट', महेश पौड्यालको 'तादी किनारको गीत' र फणीश्वरनाथ रेणुको 'मैला आँचल', रामदरश मिश्रको 'जल टूटता हुआ' हिन्दीमा लेखिएका केही आञ्चलिक उपन्यासका उदाहरणहरू हुन्।

### ७.१.९. अन्य विविध विषयक उपन्यास

माथि उल्लेख गरेका उपन्यासका प्रकार बाहेक अन्य विषयमा पनि उपन्यासको सिर्जना गरेको पाइन्छ। जीवन दर्शनमा आधारित दार्शनिक उपन्यास, प्रेमप्रणयमूलक उपन्यास, वैज्ञानिक उपन्यास, पर्यावरण विषयक उपन्यास, व्यक्ति चरित्र केन्द्रित उपन्यास आदि विभिन्न विषयमा उपन्यासहरूको सिर्जना भएको पाइन्छ। उपन्यासको विषयवस्तुको क्षेत्र सीमित न रहेर विस्तृत रहेको हुँदा यसमा समय अनुसार विभिन्न विषयहरू समावेश हुने सम्भावना हुन्छ। यसरी विषयगत विविधताका कारण उपन्यास पनि विभिन्न थरिका हुने गर्दछन्।

. ● **आफ्नो प्रगतिको जाँच गर्नुहोस्:-**

१. कथावस्तुको आधारमा उपन्यासको वर्गीकरण गर्नुहोस्।

**माथि उल्लेख गरिएको अंशमा स्मरण गर्न योग्य बिन्दुहरू :-**

कथावस्तुको आधारमा उपन्यासलाई ऐतिहासिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, सांस्कृतिक, रहस्य रोमाञ्चमूलक तिलस्मी ऐयारी, धार्मिक पौराणिक, आञ्चलिक आदि प्रकारहरूमा बाँडन सकिन्छ। यस बाहेक दार्शनिक, प्रेमप्रणय, वैज्ञानिक, पर्यावरण, व्यक्ति चरित्र जस्ता विषयलाई आधार बनाएर पनि उपन्यास लेखेको पाइन्छ।

## ७.२ . कथातत्वको आधारमा उपन्यासको वर्गीकरण

### ७.२.१. चरित्रप्रधान उपन्यास

चरित्रलाई बढी महत्व दिएर त्यसका चारै पाटालाई प्रकाशित गर्ने उद्देश्यले लेखिएका उपन्यासलाई चरित्रप्रधान उपन्यास भनिन्छ। यस्ता उपन्यासमा कथावस्तु र अन्य तत्वहरू मुख्य पात्रको चरित्रलाई छर्लङ्ग पार्ने सहायक तत्वका रूपमा हुन्छन्। यस्ता उपन्यासमा पात्रको बाहिरी र आन्तरिक मनोभावको चित्रण मनोवैज्ञानिक पारामा गरिएको हुन्छ। यस्ता उपन्यासमा मूल पात्र काल्पनिक साथै वास्तविक अर्थात समाजको कुनै सम्मानित व्यक्तित्व पनि हुन सक्छन्। यदि मूल चरित्र वास्तविक मानिस हुन् भने  कलमकारले उपन्यासको सिर्जना गर्दा मूल पात्रको चरित्र सम्बन्धी जानकारीहरू तथ्यसँगै साबित गर्ने सबूतहरू पनि दिनु पर्ने हुन्छ। यस किसिमका उपन्यासमा पात्रहरूको आन्तरिक र वाह्य व्यक्तित्वको चिरफार गरिएको हुन्छ। यसका साथै उपन्यासको कथानक र कार्यव्यापारले पनि चरित्रलाई प्रष्ट पारेका हुन्छन्। यस्ता उपन्यासमा पात्र विशेषको चरित्र-चित्रण कलात्मक शैलीमा प्रस्तुत गर्ने प्रयास गरिएको हुन्छ। विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' र विजय मल्लको 'अनुराधा', हिंदीमा प्रेमचन्दको गोदान, निर्मला आदि चरित्रप्रधान उपन्यासका उदाहरण हुन्।

### ७.२.२. घटनाप्रधान उपन्यास

घटनाप्रधान उपन्यासमा कुनै खास घटनालाई आधार बनाएर कथानकको सिर्जना गरिएको हुन्छ। यस्ता उपन्यासमा पात्र भन्दा बढि घटनाको चित्रण र कथावस्तुभन्दा बढि घटनाको महत्व हुन्छ। पात्र र कथानक त्यस घटनाक्रमलाई अघि बढाउने माध्यम हुन्छन्। मुख्य घटना, सहायक वा गौण घटनाहरूको संयोजनमा तारतम्यता हुन आवश्यक छ। यसो गर्नाले पाठकको मनमा अगाडि के हुन्छ भन्ने कौतुहलता बनी रहन्छ। यस्ता उपन्यासमा पाठकीय मनोरञ्जन र कौतुहलतालाई ध्यान दिएर घटनाहरूको सिर्जना, संयोजन र विस्तार गरिन्छ। तिलस्मी ऐयारी उपन्यासहरूमा घटनाको प्रधानता पाइन्छ। रूपनारायण सिंहको 'भ्रमर', लैनसिंह बाङ्देलको 'मुलुकबाहिर', तुलसीराम कुँवरको 'रने र सङ्घर्ष' केही घटनाप्रधान नेपाली उपन्यासका केही उदाहरणहरू हुन्।

### ७.२.३. भावप्रधान उपन्यास

जुन उपन्यासमा भावनात्मक सङ्घर्षको कथालाई आधार बनाइएको हुन्छ त्यसलाई भावप्रधान उपन्यास भनिन्छ। यसखाले उपन्यासमा पात्रका मनमा विभिन्न परिस्थितिहरूको प्रभावले जन्मलिने भावहरूको सुक्ष्म चित्रण गरिएको हुन्छ जसले सोझै पाठकको हृदयमा प्रभाव पार्छ। यस्ता उपन्यासमा लेखकको बुद्धि पक्ष भन्दा हृदयपक्ष प्रबल हुन्छ।

## ७.३. शैलीको आधारमा उपन्यासको वर्गीकरण

शैलीको अर्थ हो तरिका, ढाँचा। उपन्यासमा शैली भन्नाले उपन्यास प्रस्तुत गर्ने तरिका वा कला भन्ने बुझिन्छ। सुरु सुरुमा उपन्यास लेख्ने एउटै कला थियो। कथावस्तुको प्रारम्भ, विकास र अन्त। उपन्यासको विकास हुँदै गएपछि त्यसलाई पाठक समक्ष प्रस्तुत गर्ने विभिन्न शैलीहरू पनि विकसित भएको पाइन्छ। यदि उपन्यासको कथा कुनै पात्र विशेषको मुखबाट 'म', 'हामी' जस्ता प्रथम पुरुष सर्वनामहरूको प्रयोग गर्दै गरिन्छ भने त्यसलाई **आत्मकथात्मक** वा **आत्मकथानक** शैली र अन्य पुरुष भनिन्छ। यदि कुनै उपन्यासको कथा पत्र रूपमा प्रस्तुत गरिन्छ भने त्यसलाई **पत्र शैली** भनिन्छ। उपन्यासको कथावस्तुको प्रस्तुति डायरीको ढाँचामा प्रस्तुत गरिएमा त्यसलाई **डायरी शैली** भनिन्छ। कथा प्रतीकहरूको माध्यमबाट कथानक प्रस्तुत गरिने शैलीलाई **प्रतीकात्मक शैली** भनिन्छ भने सपनाको चित्र सरह लेखिने अवास्तविक शैलीलाई **फैन्टेसी शैली** भनिन्छ। यी बाहेक अन्य पुरुष शैली, पूर्वदीप्ति शैली, कथात्मक शैली आदि उपन्यास लेखनका अन्य शैलीहरू हुन्।

## ७.४. विचारधारा विशेष वा वादको आधारमा उपन्यासको वर्गीकरण

समयसँगै उपन्यासमा देश विदेशमा उब्जिएका विचारधारा वा सिद्धान्तहरूको प्रभाव परेको पाइन्छ। जब उपन्यासकारले कसैको आदर्शलाई ध्यानमा राखेर उपन्यासको रचना गरेमा यस्ता उपन्यासलाई आदर्शवादी उपन्यास भनिन्छ। जब उपन्यासकार आदर्शलाई छोड़ेर जीवनका भोगाईको यथार्थलाई जस्तो छ त्यस्तै रूपमा आधार बनाएर उपन्यास लेख्छन् भने यस्ता उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ। कार्लमाक्सका सिद्धान्तलाई आधार बनाएर लेखिएका उपन्यासलाई मार्क्सवादी, प्रगतिवादी उपन्यास, महात्मा गाँधीको दर्शनमा आधारित उपन्यासलाई गान्धीवादी उपन्यास र अस्तित्ववादमा आधारित उपन्यासलाई अस्तित्ववादी उपन्यास भन्दछन्। समय अनुसार अस्तित्वमा आएका वाद, दृष्टिकोण र विचारधाराहरूले उपन्यासको ढाँचालाई निरन्तर नयाँ रूप दिने प्रयास गरेको पाइन्छ भने परिवर्तनशील वातावरण र कालखण्डले पनि उपन्यासको ढाँचामा प्रभाव पारेको पाइन्छ।

**माथि उल्लेख गरिएको अंशमा स्मरणीय बिन्दुहरू** :-

१. कथातत्वका आधारमा उपन्यास तीन प्रकारका हुन्छन्-चरित्र प्रधान, घटना प्रधान र भाव प्रधान।

२. शैलीको आधारमा उपन्यासलाई आत्मकथानक, अन्य पुरुष, पत्र, डायरी, रोमान्टिक, फैन्टेसी आदि शैलीमा बाँडन सकिन्छ।

३. विचारधाराको आधारमा उपन्यास आदर्शवादी, यथार्थवादी, मार्क्सवादी, प्रगतिवादी, अस्तित्ववादी,

● **आफ्नो प्रगतिको जाँच गर्नुहोस्:-**

१. कथातत्वका आधारमा उपन्यासको वर्गीकरण गर्नुहोस्।

२. उपन्यास लेखनमा प्रयोग गरिने शैलीहरूको परिचय विस्तारमा दिनुहोस्।

## ८. निष्कर्ष

उपन्यासको प्रारम्भ धेरै अघि भएता पनि यो वर्तमान कालमा आएर पाठकले सबै भन्दा पढन रुचाउने विधा बन्न सफल भयो। कथानक, पात्र, प्रस्तुति शैली, घटनाको विस्तृत वर्णनसँगै जीवनको सम्पूर्णताको चित्रण गर्ने जस्ता विशेषताहरूले गर्दा पाठकले कथावस्तुसँग एक किसिमको आफ्नोपनको नाता जोडिएको अनुभव गर्दछ। उपन्यास विधा प्राय सबै भाषाको साहित्यमा पाइन्छ। समयको गतिसँगै यसको रूप रङ्ग र ढाँचामा पनि परिवर्तन आएको देखिन्छ। इन्टरनेटको आविष्कारले यस विधालाई थप प्रभावित पारेको छ। आज अघि झैं वृहत आकारका उपन्यास न भएर समय र व्यस्तताले भरिएको जीवन अनुकूल छोटो कथानक भएका उपन्यासहरू प्रशस्त लेखिन थालेका छन् जसलाई केही विद्वानहरू उपन्यासिका भन्न रुचाउँछन्। आज कागजमा न भएर थुप्रै उपन्यासहरू इन्टरनेट सञ्चालित विभिन्न प्लेटफार्महरूमा उपलब्ध छन्। यसरी आजका रचनाकार वैज्ञानिक आविष्कारसँगै कदम मिलाउने कोशिशमा छन्। यसले भविष्यमा अझ उपन्यासको ढाँचामा समयसँगै परिवर्तन आउने सङ्केत पाइन्छ। समय अनुसार यसको कलेवरमा परिवर्तन आउनु भनेको यसको लोकप्रियता बढेर गएको सङ्केत बुझिन्छ।

## थप अध्ययनका लागि सन्दर्भ सामग्री


१. दाहाल मोहन.पी, नेपाली उपन्यासको अध्ययन, श्याब्रदर्श प्रकाशन, दार्जिलिङ

२. प्रधान, कृष्णचन्द्रसिंह नेपाली उपन्यास र उपन्यासकार, तेस्रो अंक, ललितपुर साझा,प्रकाशन, वि.सं.२०५२

३. राई इन्द्रबहादुर –नेपाली उपन्यासका आधारहरू –ललितपुर, साझा प्रकाशन

४. शर्मा गोमा देवी,  भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास, गोर्खाज्योति प्रकाशन, २०१८

५. एलेन, हर्ने (सन १९९४), हिस्ट्री अफ नोभेल, एटलान्टिक पब्लिकेशन्स।

६. मधुरेश –हिंदी उपन्यास का विकास, लोकभारती प्रकाशन, २०१४

७. भारतीय साहित्य कोश, नयी दिल्ली नेशनल पब्लिसिंग हाउस, १९८१।

८. बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दोस्रो अङ्क, ललितपुर, साझा प्रकाशन वि.सं.२०५८।

९. श्रीवास्तव, शिवनारायण (सन १९६६), हिन्दी उपन्यास (ऐतिहासिक अध्ययन), वाराणसी सरस्वती मन्दिर।


----------------------------------------------------x----------------------------------------------------

## एकाइ २

## नेपाली उपन्यास र यसका विभिन्न  मोड

### १. प्रस्तावना

नेपाली उपन्यासको इतिहास सारै लामो नभए तापनि यसको आधुनिक युगदेखिको पृष्ठभूमि र इतिहासले निकै फड्को मारिसकेको छ। नेपाली साहित्यका विद्यार्थीहरूले यसको अध्ययन विश्लेषण गर्नु जरुरी हुन्छ। यहाँ त्यसको केही झलक प्रस्तुत गरिएको छ। य़समा इस्वी कालखण्ड लेखिएको छ। विक्रम संवतलाई ५७ घटाएर इस्वी पारिएको छ।

### २. उद्देश्य

नेपाली साहित्यको उपन्यास विधाको आधुनिक युगदेखिको नेपाली उपन्यासको विकासबारे केही जानकारी यहाँ समेटिएको छ। विद्यार्थीहरूलाई नेपाली उपन्यासका केही पक्षको ज्ञान तथा जानकारी  उपलब्ध गराउने उद्देश्य रहेको छ।

### ३. आधुनिका नेपाली उपन्यासको उठान

नेपाली उपन्यासमा आधुनिकता रुद्रराज पाण्डेको 'रूपमती'(१९३४) बाट आरम्भ भएको हो। यस कालमा उपन्यासले मौलिकता र वास्तविक स्वरूप प्राप्त गरेको छ। नेपाली उपन्यासको यो प्रवृत्ति विकसित र गतिशील बन्दै वर्तमान कालसम्म आइपुगेको छ। यस अवधिमा नेपाली उपन्यासमा विभिन्न शैली आएको छ भने मानवजीवनका विभिन्न अन्तबार्ह्य पाटाहरूलाई चित्रण गर्ने विषयवस्तुको उपयोग पनि गरिएको छ। त्यसरी नै विश्वमा देखिएका युगीन चेतना, वैज्ञानिक उन्नति, मानवीय मूल्य र मान्यता आदिका कारण परम्परागत मूल्य र मान्यता तथा शिल्पलक्षलाई अतिक्रमण गरी नेपाली उपन्यास परम्परामा गतिशीलता आइरहेको छ। इस्वी १९३४ देखि वर्तमानसम्म नेपाली उपन्यासमा अनेक साहित्यिक वादहरू देखापरेका छन्। नेपाली औपन्यासिक परम्परालाई आधुनिकता प्रदान गर्ने श्रेय 'रूपमती' उपन्यासलाई छ। यसरी रूपमती उपन्यासमा परिवेशगत चेतना र मानवीय मूल्य अन्तर्भाव हुनु यसको ऐतिहासिक उपलब्धि मानिन्छ। यसमा सामाजिक विषय भएर पनि आदर्शपट्टि विशेष आग्रह राखेको हुनाले यसलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ। यसरी आरम्भ भएको आधुनिक नेपाली उपन्यासमा विषय र शैलीमा जति नै विविधता पाइन्छ त्यति नै पाश्चात्यवादको प्रभाव पनि भित्रिएको देखिन्छ। तसर्थ नेपाली उपन्यासमा अनेक प्रवृत्ति देख्न सकिन्छ।

इस्वी १७७०को शक्तिवल्लभ आर्यलको महाभारत विराटपर्व बाट थालिएको नेपाली उपन्यासको विकासक्रम माध्यमिककालीन आख्यानात्मक गद्य विधाको ऐतिहासिक पृष्ठभूमिलाई नै आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि मान्न सकिन्छ। नेपाली उपन्यासको प्राथमिककालीन नीतिमूलक पौराणिक आख्यान परम्पराबाट रोमाञ्चक अतिरञ्जक आख्यान परम्परातर्फको झुकाव नै माध्यमिक कालको मूल प्रवृत्ति रह्यो। माध्यमिककालीन आख्यान परम्पराबाट विमुख हुँदै सामाजिक धरातललाई ग्रहण गरी लौकिक जीवनजगततिर उन्मुख हुनु आधुनिक नेपाली उपन्यासको प्रतिष्ठापनको खास लक्षण हो। यसै परिपेक्ष्यमा रुद्रराज पाण्डेको 'रूपमती'(१९३४), विष्णुचरण श्रेष्ठको 'सुमती'(१९३४) र रूपनारायण सिंहको 'भ्रमर'(१९३६) ले नेपाली

उपन्यासको मौलिकताका साथै आधुनिकताको नवीन क्षितिज उघारेको देखिन्छ। तसर्थ नेपाली उपन्यासको इतिहासमा इस्वीको तेस्रो दशकलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ। रूपमतीको प्रकाशनपछि नेपाली उपन्यासमा विभिन्न घुम्ति र मोडहरू देखिएका छन्।

इस्वी १९३४ देखि १९४७ सम्मको अवधिमा राणाकालीन कठोर सामाजिक र राजनैतिक वातावरणका कारण नेपालभित्र र बाहिर सामाजिक तथा ऐतिहासिक धरातललाई ग्रहण गरेर फाटफुट रूपमा औपन्यासिक कृतिहरू देखापरे। यसै सन्दर्भमा रुद्रराज पाण्डेका 'चम्पाकाजी'(१९३६), 'प्रायश्चित'(१९३८), भवानिभक्तको 'यौवनको आँधी'(१९३९), रामप्रसादको 'भाग्यचक्र'(१९४४), तथा शोभाचन्द्र उपाध्यायको 'पाटली पुत्र'(१९४६) आदि उपन्यासहरू देखा पर्दछन्। यी उपन्यासमा कतै सामाजिक कुरीति र आदर्शको चित्रण पाइन्छ त कतै प्रेमका कोमलतम भावना र आदर्शको रोमान्टिक चित्रण देखिन्छ।

'रूपमती' मा नारी आदर्शका सहनशीलता र त्यसकै परिप्रक्ष्यमा सामाजिक कुरीतिको सफल चित्रण गरिएको छ। यस्ता कुरीतिका विरुद्ध पात्रगत संधर्ष नगराई तिनीहरूलाई आदर्शको जामा पहिराइएको छ। व्यक्तिगत र सामाजिक परिस्थितिमा आदर्श नियम निष्ठाको त्याग मनुष्यले गर्नु हुँदैन भन्ने सन्देश रूपमती ले दिएको छ। उनको प्रयश्चित र प्रेम मा संसारिक माया, मोह, वासना एवं खराब कुरा भएकाले तिनको त्यागबाट नै मुक्ति सम्भाव्य छ भन्ने आदर्श पक्षको सरलीकृत रूप पाइन्छ। पाण्डेले पूर्वीय आदर्शलाई मूल आधार बनाएर नेपाली सामाजिक आदर्शका रूपमा उनका उपन्यास सिर्जित देखिन्छन्।

आधुनिक नेपाली उपन्यास परम्परामा 'भ्रमर'(१९३६) ले निकै उच्चता थपेको छ। यो एउटा प्रेमकथामा वर्णित स्वच्छन्दतावादी उपन्यास हो। कोमल एवं भावुकतापूर्ण प्रेममा आधारित वर्णनको सहजता र सौन्दर्यले गर्दा यो उपन्यास स्तरीय र कलात्मक बनेको छ। यसमा पनि आदर्श प्रणयको पुट पाइन्छ। आदर्शको सात्विकता तथा वर्णन चातुर्य र भाषागत सौन्दर्यले रूपमतीका तुलनामा भाषाशैलीका दृष्टिले प्रभावशाली बनेको छ। भ्रमरमा संस्कृतनिष्ठ भाषाको बहुलता भए पनि शैलीमा मिठास र कलात्मकता पाइन्छ। कथामा रोचकता, कौतुहलता, भावुकता तथा सौन्दर्य गुणयुक्त शैलीले ज्यादै सफल देखिन्छ। त्यसैले पनि भ्रमरलाई नेपाली साहित्यमा अनुपम कृतिमध्येको मानिन्छ। भ्रमरबाट प्रभावित हुँदै लैनसिंह वाङ्गदेलको 'मुलुक बाहिर'(१९४७) देखापर्छ। नेपाली उपन्यासमा इस्वी १९३४ देखि मुलुक बाहिरको प्रकाशन पूर्व आदर्शोन्मुख यथार्थवादमा आधारित सामाजिक तथा ऐतिहासिक उपन्यासहरू लेखिनु यस अवधिको महत्वपूर्ण उपलब्धि मानिन्छ।

**रुद्रराज पाण्डे (१९००-१९८६):** इतिहासमा एम.ए गरेका र त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसम्म भएका रुद्रराज पाण्डेको उपन्यास, नाटक/एकाङ्की, कविता, कथा तथा अन्य विधामा पनि कलम चलेको देखिन्छ। उनका 'रूपमती'(१९३४), 'चम्पाकाजी'(१९३६), 'प्रायश्चित'(१९३८) र 'प्रेम'(१९४८) प्रकाशित उपन्यास हुन्। रूपमती नेपाली साहित्यको पहिलो आदर्शोन्मुख यथार्थवादी सामाजिक उपन्यास हो। यस उपन्यासमा पाण्डेले आइमाईका सूक्ष्म व्यवहारिक चित्रण र नैतिकता साथै सामाजिक कुरीतिहरूलाई पनि रोचक शैलीमा प्रस्तुत गरेका छन्। यिनी सरल, सहज भाषाशैलीमा स्वाभाविक वार्तालापका माध्यमबाट यथार्थ घटनालाई आदर्शको पुट दिएर प्रस्तुत गर्ने उपन्यासकार हुन्।

**विष्णुचरण श्रेष्ठ (१८८४-१९४५)** : यिनका 'सुमती'(१९३४) र 'भिष्म प्रतिज्ञा'(१९३६) प्रकाशित उपन्यास हुन्। यिनका विषयवस्तु र शैलीका दृष्टिले अपरिष्कृत लाग्ने उपन्यास हुन् तापनि नेपाली उपन्यासले आधुनिकताको वरण गर्दा यिनको सुमती उपन्यास प्रकाशित भएको थियो। तसर्थ यिनको विशेष महत्व देखिन्छ।

**रूपनारायण सिंह(१९०४-१९५४):** बी.ए., बी.एल्. गरेर वकालती व्यवसायमा लागेका रूपनारायण सिंहका कथा र उपन्यास प्रकाशित भएका कृति हुन्। यिनका 'भ्रमर'(१९३६), 'बिजुली'(अपूर्ण-१९४९) प्रकाशित भएका उपन्यास हुन्। दार्जिलिङ्गको जीवनको यथार्थ चित्रण गरिएको भ्रमर भाषा र शैलीका दृष्टिले उत्कृष्ट उपन्यास हो। पात्रलाई विभिन्न ठाउँमा घुमाएर उपन्यासमा कुतूहल सृजना गर्ने र रोचकता थप्ने काममा सिंहले निकै कौशल देखाएका छन्। भ्रमर संस्कृतनिष्ठ भाषा तथा स्वच्छन्दतावादी शैलीमा सृजित कलात्मक उपन्यास हो। यस अवधिमा कलम चलाएर उपन्यास विधालाई धेरथोर मलजल पुऱ्याउने अन्य उपन्यासकारहरूमा काशीबहादुर श्रेष्टका 'उषा'(१९३८) र 'वचन'(१९४४), शान्त शमशेरको 'दुःखी जीवन'(१९४१), शिवप्रताप शमशेर थापाको 'श्री कृष्ण चरितामृत'(१९४१) आदिलाई पनि बिर्सन सकिँदैन।

आधुनिक नेपाली उपन्यासको प्रथम चरणमा महत्वपूर्ण मोडका रूपमा लैनसिंह बाङ्गदेलको 'मुलुक बाहिर'(१९४७) देखापर्छ। यस उपन्यासमा सामाजिक यथार्थ प्राविधिक नवीनता तथा आदर्शका रूपमा नारीका सहनशील रूपको बढी ग्राह्य तथा भावुकतावश परुष पात्रमा भएको पश्चताप वा ग्लानी तथा आत्महत्या आदिलाई अघि सारिएको छ। प्रकृतिको सहज चित्रण तथा सरल भाषिक प्रयोग मुलुक बाहिर का विशेषता हुन्। बाङ्गदेलका उपन्यासमा सामाजिक अन्याय, शोषण र मानवीय करुणालाई कलात्मक रूपमा दर्शाइएको छ।

'भ्रमर' र 'मुलुक बाहिर'ले तयार पारेको वातावरणमा हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नी मान्छे'(१९५४) ले नयाँ गति दिन्छ। यस क्रममा 'पल्लो घरको झ्याल'(१९५९) उल्लेख्य मोडका रूपमा देखापर्छ। इस्वी १९४७ देखि १९५८ सम्मको अवधिमा नेपाली उपन्यासमा मूलरूपमा सामाजिक यथार्थवादलाई वस्तुपरक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ। यस अवधिमा अच्छा राई रसिकका 'दोभान'(१९४८) र 'लगन'(१९५५), रुद्रराज पाण्डेको 'प्रेम'(१९४८), कलकत्ता निवासी रन्द गेरिमिको 'एक पापको कथा'(१९४८), डायमन शमशेरको 'वसन्ती'(१९४८), लैनसिंह बाङ्गदेलको 'माइतीघर'(१९४९) र 'लङ्गडाको साथी'(१९५१), मन बहादुर मल्लका 'उजेली छामा'(१९५१), 'मायारानी'(१९५२), 'पञ्चायत'(१९५३) र 'समयको हुरी'(१९५८), हृदयचन्द्र सिंह प्रधानको 'स्वास्नी मान्छे'(१९५४), चन्द्रशेखर शास्त्रीरो 'भृकुटी'(१९५७), लीलबहादुर क्षेत्रीको 'बसाइँ'(१९५७), लीलाध्वज थापाका 'मन'(१९५८), 'शान्ति'(१९५८) र 'पूर्वस्मृति'(१९५९), तुलसीराम कुँवरको 'रने'(१९५८) आदि उपन्यासहरू देखापरेका छन्।

**लैनसिंह बाङ्गदेल (जन्म-१९१९-मृत्यु-१५अक्टोबर-२०२२):** भारतको पश्चिम बङ्गालमा चित्रकारितामा डिप्लोमा तहको अध्ययन गरेका लैनसिंह बाङ्गदेल नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति तथा कुलपतिसम्म भएका छन्। यिनका **मुलुक बाहिर**(१९४७), **माइतीघर**, लङ्गडाको साथी र रेम्ब्रान्ट (१९६३) प्रकाशित उपन्यास हुन्। बाङ्गदेलको मुलुक बाहिर नेपाली उपन्यासको इतिहासमा प्रसिद्ध मानिन्छ। यस उपन्यासमा उपन्यासकारले काम र मामको खोजीमा मुलुक बाहिरका विभिन्न ठाउँमा भौँतारिन बाध्य भएका निम्नवर्गीय जनताको मर्मस्पर्शी घटनाको चित्रण गरेका छन्। यसले भारतीय नेपालीका आर्थिक विषमता र संघर्षपूर्ण जीवनको मार्मिक व्यथा प्रस्तुत गरेको छ। बाङ्गदेल यदाकदा प्रगतिशील विचारधाराका देखापरे तापनि

उनी सामाजिक चेतना भएका मानवतावादी उपन्यासकार हुन्। नेपाली उपन्यासमा यथार्थवादी प्रवृत्तिलाई सफलतापूर्वक प्रतिष्ठापन गराउने श्रेय पनि बाङ्गदेललाई नै प्राप्त छ। यिनको आगमनपश्चात् नेपाली उपन्यासमा नवीन बान्की देखापरेको हो।

**डायमन शमशेर(जन्म १९१९: मृत्यु- ११ मार्च २०११):** यिनी टुकराज पदमराज मिश्रका ऐतिहासिक परम्परामा उपन्यास लेख्ने ऐतिहासिक यथार्थवादी उपन्यासकार हुन्। यिनका 'वसन्ती', 'अनिता', 'सेतो बाघ'(१९७३), 'प्रतिबन्ध'(१९७७), 'सतप्रयास'(१९८१) प्रकाशित उपन्यास हुन्। यिनको जङ्गबहादुर कालीक नेपालको इतिहासको पृष्ठभूमिमा लेखिएको वसन्ती उपन्यासमा ऐतिहासिक तत्त्वभन्दा भावना तत्त्व बढी प्रबल देखिन्छ।

**हृदयचन्द्रसिंह प्रधान(१९१५-१९५९):** नेपाली साहित्यमा हृदयचन्द्रसिंह प्रधानका नामले चिनिएका चन्द्रप्रसाद प्रधानको कलम साहित्यका उपन्यास, निबन्ध, व्याकरण, कथा, एकाङ्की, समालोचना आदि विधामा चलेको छ। यिनका 'स्वास्नीमान्छे'(१९५४) र 'एक चिहान'(१९६०) प्रकाशित भएका उपन्यास हुन्। सामाजिक प्रगति र सुविधावादी स्वर भएका उपन्यासकार प्रधान एकै परिवारका सदस्यलाई केन्द्रीय चरित्र बनाएर आदर्श विचार प्रतिपादन गराउने आशावादी उपन्यासकार हुन्। उनका उपन्यासमा सामाजिक शोषण, उत्पीडन र चारित्रिक भ्रष्टताको चित्रण पाइन्छ। उनका उपन्यासमा सामाजिक विद्रोहको स्वर पनि प्रकट भएको छ। प्रजातन्त्र प्राप्तिपछिको विकृत चरित्र र नैतिक पतन हुनाको कारण खोतल्न उपन्यासकारको ध्यान केन्द्रित भएको देखिन्छ। पात्रगत घृणा र तिरस्कार देखाउँदै समाजको आर्थिक अधोगति, वैवाहिक अव्यवस्थालाई दोषी बनाउँदै उनले नारीलाई सचेत भएर उभिन प्रेरणा दिएका छन्। न्यूनतम औपन्यासिक शिल्प-प्रविधि भएका प्रधान आदर्श समाजको निर्माण गर्ने चाहना प्रकट गर्दछन्। उनी शोषित, पिडीत र आर्थिक दृष्टिले थिचिएका वर्गप्रति सहानुभूति राख्ने प्रगतिशील उपन्यासकार हुन्।

**लीलबहादुर क्षत्री(१ मार्च १९३३:१३ मार्च २०२५)**: अर्थशास्त्रमा एम.ए गरेर आर्य विद्यापीठ कलेज गुवाहाटीका विभागीय प्रमुख समेत भएका क्षेत्रीका कविता, कथा, निबन्ध, नाटक/एकाङ्की र उपन्यास प्रकाशित भएका छन्। यिनका 'बसाइँ'(१९५७), 'अतृप्त'(१९६८) र 'ब्रह्मपुत्रको छेउछाउ'(१९८६) र प्रतिध्वनि विस्मृतिका(२००४) प्रकाशित उपन्यास हुन्। यस अवधिमा राणाकालीन अवस्थाका दमित अभिव्यक्तिहरूको प्रकटीकरण हुन थाल्दछन्। युग चेतना र जागरणका नवीन स्वरहरूलाई मूर्त रूप दिन विशेष गरी सामाजिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक तथा आञ्चलीक विषयवस्तुलाई ग्रहण गरी प्रशस्त मात्रामा उपन्यासहरू लेखिए। यिनको बसाइँ उपन्यास बढी चर्चित छ। नेपाली पद्य साहित्यको सबैभन्दा बढी पढिने, प्रकाशित हुने, धेरै समय सेलेबसमा रहेको बसाइँ उपन्यास धेरैवटा भाषामा अनुवाद भएर चलचित्र पनि बनिएको छ।

यसै क्रममा बाङ्गदेलको यथार्थवादबाट अलग्गिएर गोविन्दबहादुर मल्ल 'गोठाले'को 'पल्लो घरको झ्याल'(१९५९) देखापर्छ। पल्ला घरको झ्याल ले परम्परागत विषयवस्तुका अतिरिक्त व्यक्तिमनको विश्लेषण गर्ने परिपाटीको आरम्भ गरेको छ। यो कृति प्रकृतवादी यथार्थवादलाई अँगाली सामाजिक विश्लेषण र अझ मानसिक विश्लेषण गर्ने आधार भएको छ। त्यसैकारण नेपाली उपन्यासका क्षेत्रमा सर्वप्रथम मनोविश्लेषणतिर उन्मुख 'पल्लो घरको झ्याल'(१९५९) नेपाली उपन्यास परम्परामा नवीन प्रयोग मानिन्छ। भ्रमर र मुलुक बाहिरले तयार पारेको

वातावरणमा पल्लो घरको झ्याल उल्लेख्य मोडका रूपमा देखापर्छ। पल्लो घरको झ्यालपछि विजय मल्लको 'अनुराधा'(१९६१) देखापर्छ। यी दुवै उपन्यासका साथ नेपाली उपन्यासमा मनोवैज्ञानिक प्रवृत्ति भित्रिन्छ। पल्लो घरको झ्यालमा सामाजिक वर्जना दमित काम-वासनाको अन्तर्द्वन्द्व राम्ररी देखाइएको छ भने अनुराधामा नारी विद्रोहको पराकाष्ठा देखाइएको छ।

**गोविन्दबहादुर मल्ल 'गोठाले'(१९२२):** यिनी नेपाली उपन्यास परम्परामा सर्वप्रथम मनोविज्ञानलाई भित्र्याउने उपन्यासकार हुन्। यिनको 'पल्लो घरको झ्याल'(१९५९) मनोवैज्ञानिक उपन्यास हो। नेपाली औपन्यासिक क्षेत्रमा पल्लो घरको झ्यालबाट मनोवैज्ञानिक प्रवृत्ति भित्रिन्छ। यस उपन्यासको सामाजिक वर्जना र दमित कामनावासनाको अन्तर्द्वन्द्वलाई राम्ररी देखाएको छ। यसमा आफ्नो परम्परालाई मान्यता दिने मिस्री कसरी आफ्नो लोग्नेलाई चटक्क छोडेर पल्लो घरको झ्यालबाट च्याउने पठ्ठोसित जान्छे भन्ने कुरालाई अति राम्ररी उपन्यासकारले देखाएका छन्।

**विजय मल्ल(१९२५-१९९९)**: यिनका 'अनुराधा'(१९६१) र 'कुमारी शोभा'(१९८२) प्रकाशित भएका उपन्यास हुन्। यिनी मनोविकृत पात्रको मनोविश्लेषण गर्ने उपन्यासकार हुन्। अनुराधा उपन्यासमा नारी विद्रोहको पराकाष्ठा देखाइएको छ। फ्रायडेली सिद्धान्तमा आधारित यो उपन्यास इद. इगो र सुपर इगोका विभिन्न तह र अवस्थाको विश्लेषण गर्दै त्यसको दमनले मानिस कसरी विक्षिप्त अवस्थामा पुग्छ भन्ने देखाइएको छ। अनुराधाका प्रतिक्रियाहरू, महत्त्वाकांक्षाहरू स्वप्न र पारिवारिक स्थिति तथा सामाजिक यथार्थका बीच संघर्स भएको छ। मनोविश्लेषण गर्दा विकृत पात्रहरू बढी महत्त्वपूर्ण हुन्छन् भन्ने विचार उपन्यासकारको देखिन्छ। यस उपन्यासमा लेखकको मनोविश्लेषणात्मक क्षमताको प्रकटीकरण भएको छ।

आधुनिक नेपाली उपन्यासको यस चरणका उपन्यासकारहरू परम्परागत लेखन प्रक्रियामा आबद्ध भएको पाइन्छ। उनिहरूको लेखन शिल्पमा कुनै नवीनता देखिदैन तापनि यस चरणले उपन्यासको विकासमा सकारात्मक भूमिका खेलेको देखिन्छ।

**यस चरणका प्रमुख औपन्यासिक मोडहरू:**

१. आदर्शोन्मुख यथार्थवाद १९३४ (रूपमती)
२. स्वच्छन्दतावाद १९३६ (भ्रमर)
३. ऐतिहासिक यथार्थवाद १९३९ (रजबन्धकी/रामकृष्ण कुँवर)
४. यथार्थवाद १९४७ (मुलुक बाहिर)
५. अतियथार्थवाद १९५१ (लङ्गडाको साथी)
६. मनोविश्लेषण १९५९ (पल्लो घरको झ्याल)

आधुनिक नेपाली उपन्यासको इतिहासमा इस्वी १९६४ देखि विषयवस्तु, संरचना तथा रूपविन्यासका दृष्टिले नवीन प्रयोगका सम्भावनाहरू देखापरेका छन्। परम्परागत लेखन प्रक्रियामाथि अतिक्रमण गर्दै र चुनौति दिदै इस्वी १९६४ मा इन्द्रबहादुर राईको ***आज रमिता छ*** प्रकाशित हुन्छ। ***आज रमिता छ*** को प्रकाशनपछि नेपाली उपन्यासको विकासक्रमले नवीन रूपमा प्रयोगवादी औपन्यासिक मोड प्राप्त गर्दछ।

उक्त प्रवृत्तिलाई पारिजातको 'शिरीषको फूल'(१९६५) ले अझ व्यापकता दिनुका साथै नेपाली उपन्यासको इतिहासमा देखिएको नयाँ मोडलाई स्पष्ट पारिदियो। आज रमिता छ उपन्यासले अख्तियार गरेको प्रयोगवादी धाराको अस्तित्त्ववादोन्मुख विसङ्गतिवादी शिल्पपद्धतिलाई अवलम्वन गरेर नेपालभित्र र बाहिरबाट प्रशस्त मात्रामा उपन्यासहरू देखा परेका छन्। यस दशकमा प्रथम चरणमा देखापरिसकेका दौलतविक्रम विष्ट, लीलबहादुर क्षेत्री, लैनसिंह बाङ्गदेल, हरिहर शास्त्री, शङ्कर कोइराला, कृष्णसिंह मोक्तान आदि उपन्यासकारहरू पनि सक्रिय नै भए।

**इन्द्रबहादुर राई(३ फेब्रुवरी १९२७: ६ मार्च २०१८):** अङ्ग्रेजी साहित्यमा एम.ए., बी.एल. गरेका ९१ वर्षसम्म बाँचेका इन्द्रबहादुर राईले सेन्ट जोसेफस् कलेजमा प्राध्यापन गरेका हुन्। उनको कलम कथा, उपन्यास तथा समालोचना विधामा चलेको छ। उनको 'आज रमिता छ'(१९६४) उपन्यासले दार्जिलिङ्गको नेपाली जीवनपद्धति खोख्रो र खोरण्डो भएको अभिव्यक्ति दिएको छ। राई यथार्थवादी उपन्यासकार हुन्। उनको यथार्थवाद जीवनमुखी छ। त्यसमा वास्तविकता अस्तित्व र जीवनलाई पर्यायका रूपमा लिइएको छ। त्यसैले उपन्यासकारले वास्तविकताभन्दा जीवनमाथि विशेष जोड दिएका छन्। यसमा साहित्यमा सिलसिला वा क्रम नमिलेको उपन्यासको पङ्क्तिमा पहिलो दर्जाको उपन्यास हो। यस उपन्यासले विश्रृङ्खलित परिवेश, कथावस्तु, पात्र तथा औपन्यासिक संरचना पद्धतिद्वारा नेपाली उपन्यासमा नवीनता ल्याएको छ। यस उपन्यासमा एउटा स्वतन्त्र समाजको अस्तित्व बचाउन आएका पात्र छन्। यिनै पात्रका माध्यमबाट दार्जिलिङ्गे समाजको यथार्थता छर्लङ्ग भएको छ। यो सामाजिक यथार्थवादी चरित्रप्रधान उपन्यास हो। यसमा राष्ट्रवादको रङभन्दा स्थानीय रङ बढी तीव्र बनेको छ।

**पारिजात(१९३६-१९९२):** बी.ए. तहको अध्ययन गरेकी पारिजातले केही समय मदन मेमोरियल गर्ल्स स्कूलमा अध्यापन गरेकी हुन्। उनको कलम कविता, कथा, निबन्ध र उपन्यास विधामा चलेको देखिन्छ। उनका 'शिरिषको फूल'(१९६५), 'महत्ताही'(१९६८), 'बैंसको मान्छे'(१९७२), 'अनिंदो पहाडसँगै'(१९७२), 'तोरीबारी बाटा र सपनाहरू'(१९७५), 'पर्खालभित्र र बाहिर'(१९७८), 'अन्तर्मुखी'(१९७८), 'परिभाषित आँखाहरू'(१९८९), 'बोली'(१९९१) प्रकाशित उपन्यासहरू हुन्।

पारिजात  नेपाली उपन्यास परम्परामा नितान्त भिन्न दृष्टिकोण लिएर देखापरेकी उपन्यासकार हुन्। पारिजातको आगमनपश्चात् नेपाली उपन्यासले नयाँ क्षितिज भेट्टाएको छ। अबको औपन्यासिक प्रवृत्ति सामाजिकता र मनोवैज्ञानिकताका घेराबाट दार्शनिक क्षितिजसम्म पुगेको छ। आधुनिक दर्शनका रूपमा स्वीकारिएको अस्तित्वबोधी भावना उनका उपन्यासमा मुखरित भएको छ। उनका उपन्यासमा मानव जीवनका कुण्ठा, हीनता, विसङ्गति र निराशालाई युगीन परिप्रेक्ष्यका सन्दर्भमा हेरिएको छ। उनको उपन्यास शून्यवादमा आधारित छन्। उनी साहित्यिक वाद, प्रतिवाद र संवादका अनेक उतार चढाव पार गर्दै प्रगतिवादी दर्शनतिर आकृष्ट भएकी लेखिका हुन्। उनका उपन्यासमा अस्तित्ववाद र मार्क्सवादलाई मेल गराउने प्रयास भेटिन्छ। उनको 'शिरिषको फूल'(१९६५) सामाजिक रूढीका विरुद्ध विद्रोहात्मक स्वर भएको पन्यास हो। यसमा व्यक्तिमनका उतुङ्ग तरेलीलाई समेत उदाङ्गो पारिएको छ।

बिसौं शताब्दीको ७० र ८०को दशकमा नेपाली उपन्यासमा परम्परागत लेखनका विरुद्ध नवलेखनको तीव्रता पाइन्छ। बढ्दो पश्चात्य प्रभाव र शिल्पगत प्रयोगले यस कालका औपन्यासिक संरचनामा आकर्षण थपेको छ। यस

अवधिमा समुहगत ढङ्गले उपन्यासको रचना भएको पाइन्छ। नेपाली उपन्यासलाई गतिशील तुल्याउन ध्रुव सापकोटा र अरूको 'आकाश विभाजित छ'(१९७५), डोरबहादुर विष्टको 'सोताला'(१९७६), पीटर जे. कार्थकको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे'(१९७७), वानीरा गिरीको 'कारागार'(१९७८), ध्रुवचन्द्र गौतमको 'घामका पाइलाहरू'(१९७८), भरत जङ्गमको 'कालो सूर्य'(१९७९), आदिको महत्त्वपूर्ण भूमिका छ। यस चरणमा नयाँ तथा पुराना लेखकहरूले उपन्यासको विकासमा निरन्तरता दिइरहेको देखिन्छ। यिनै दशकमा रमेश विकल, भीमचरण थापा, कृष्ण जोशी, मुरारीप्रसाद रेग्मी, ऋषिराज बराल, कुमुद देवकोटा, वासु शशी आदिले उपन्यासको फाँटलाई निकै उर्बर बनाएको देखिन्छ।

इस्वी १९८०पछि ध्रुवचन्द्र गौतमका 'अलिखित' (१९८३), 'उपसंहार' अर्थात् चौथो अन्त्य(१९९१), 'अग्निदत्त+ अग्निदत्त'(१९९५), सञ्जय थापाका 'नओइलाउने फूल'(१९८६) र 'देउमाईको किनारमा'(१९९०), राजेश्वर देवकोटाका 'आवर्तन'(१९८४), 'द्वन्द्वको अवसान'(१९८५), 'उत्सर्ग प्रेम'(१९९१), आदिकुमार ज्ञावालीको 'प्रलय हुनुअघि'(१९८४), ऋषिराज बरालको 'कामरेड हुतराजको राजधानी प्रस्थान'(१९९१), गीता केशरीका 'सौगात'(१९८९),'आवाज'(१९९०), 'विश्वास'(१९९५), नयराज पाण्डेका 'विक्रमादित्य एउटा कथा सुन!' (१९९२) र 'उलार'(१९९६), नारायण ढकालको 'पति संवाद'(१९९८), सुस्मिता नेपालको 'मेरो छातीका कोलाजहरू'(१९९८) आदि उपन्यासहरूले सामाजिक भ्रष्टचार, पाखण्डी प्रवृत्ति, आर्थिक विकृति र विसङ्गतिप्रति चित्रण गरेका छन्।

यी उपन्यासले परम्परागत मूल्य र मान्यताप्रति खुला विरोध गर्दै फ्रायडवाद तथा मनोवेज्ञानिकका मनेविश्लेषण पद्धतिका साथै मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई नेपाली उपन्यासमा प्रयोग गरेको देखिन्छ। यस अवधिका उपन्यासमा कथात्मकताका ह्रासका कारण अउपन्यास हुने स्थिति पनि देखिएको छ। विचार प्रतिपादनका लागि उपन्यास लेख्दा कलात्मकताको ह्रास र क्लिष्टताको वृद्धि हुने स्थिति पनि देखिएको छ। विसङ्गतिबाट भाग्ने होइन त्यसका विरुद्ध संघर्ष गर्ने सामर्थ्य राखेर उपन्यासकारहरू अग्रसर भएमा वर्तमान युग जीवनको गाथा बोल्ने महाकाव्यस्तरका उपन्यासको सृजना हुने छ।

यस चरणका प्रमुख औपन्यासिक मोडहरू:–

| | | |
|---|---|---|
| प्रयोगवाद | १९६४ | (आज रमिता छ) |
| शून्यवाद | १९६५ | (शिरिषको फूल) |
| समुह लेखन | १९७५ | (आकाश विभाजित छ) |
| प्रयोगवाद | १९८३ | (अलिखित) |

## ४. आदर्शवादी नेपाली उपन्यास

नेपाली उपन्यासको लेखन प्रक्रिया इस्वीको १८९५ पछिका वर्षहरूमा आरम्भ भयो। प्रारम्भका वर्षहरूमा नेपाली उपन्यासका क्षेत्रमा बनारसको प्रमुख योगदान रहेको छ। भारतको भाषा, साहित्य, संस्कृति र राजनीतिक जागरणका सन्दर्भमा बनारसको जस्तो भूमिका छ नेपाली भाषा, साहित्य र राजनीतिक जागरणमा पनि कम योगदान रहेको छैन। नेपालीहरू शिक्षालाभ गर्न पुग्ने ठाउँ बनारस, धार्मिक र आध्यात्मिक लाभ गर्न पुग्ने ठाउँ बनारस, लेखन-प्रकाशन र वितरणका लागि पुग्ने ठाउँ बनारस प्रसिद्ध भयो। त्यहाँ पुगेका नेपालीहरूका चेतनामा

सामाजिक, राजनीतिक र आर्थिक उत्थानका भावनाको अभिवृत्ति मुखर हुँदै आयो। नेपालीमा संघ-संस्थाप्रति प्रतिबद्ध हुने चेतना सर्वप्रथम बनारसले प्रदान गऱ्यो।

नेपालमा धार्मिक संस्थाका नाममा सर्वप्रथम आर्यसमाज इस्वी १८९६ मा स्थापित भयो। भाषा साहित्यका क्षेत्रमा १९१२मा 'गोर्खा भाषा प्रकाशिनी समिति'को स्थापना भयो। बहुदलीय राजनीतिक व्यवस्थाको स्थापनाको उद्देश्यले 'नेपाल प्रजापरिषद्'(१९३६) र 'प्रचण्ड गोर्खा' पनि गठित हुँदै गए। सामाजिक सुधार, राष्ट्रीय जागरण, सांस्कृतिक परिष्कारका भावना प्रबर्द्धन गर्ने उद्देश्यले भएका कार्यहरू 'मकै पर्व', 'लाईब्रेरी पर्व', हरू हुन्। यिनलाई नेपाली जगतले आफ्नो अभ्युत्थानको कारणका रूपमा ग्रहण गर्दै गयो। यिनै अभ्युत्थानिक चेतना बोकेको तत्कालीन साहित्यिक रचनाहरू नेपालीहरूको वौद्धिक जागरणका साधन बनेका छन्। यी प्रयासहरूले साहित्यलाई यथार्थ समाजतिर अभिमुख हुन सबल भूमिका प्रदान गरेका छन्। विशुद्ध सामाजिक यथार्थका आडमा समस्यालाई प्रस्तुत गर्ने प्रक्रिया भने मौलाउन सकेन। यथार्थतिर अभिमुख हुन यत्किञ्चित् प्रेरणा प्रदान गरे पनि यस अवस्थामा उपन्यास जगतले प्राप्त गरेको उपलब्धि भनेको नै आदर्श समाज निर्माणका लागि व्यक्तिगत, पारिवारिक र सामाजिक चेतनाको पर्ष्कार गर्ने भावना हो। यस मनोभावनाबाट प्रेरित मान्छेले सृजना गरेका सामाजिक आदर्शहरू यस समयका उपन्यासमा प्राप्त गर्न सकिन्छ।

नेपाली समाजमा पारिवारिक जीवनमा भोग्नुपर्ने यथार्थहरू उपर्युल्लिखित आदर्शको मापदण्डभित्र पर्नुपर्ने आग्रहका साथ तत्कालीन औपन्यासिक जीवन प्रवाहित भएको छ। पूर्वआधुनिक युगबाटै आरम्भ भएर छिटपुट रूपमा हालसम्म पनि देखापर्ने यस प्रवृत्तिले आफ्नो सबल अधिकार प्राप्त गरेको समय भनेको १९२२ देखि १९३५ सम्म हो। यो नेपाली उपन्यासको आदर्शवादी युग हो। यस आदर्शवादी युगका मूल्यलाई पहिल्याउने कृतिहरूको केन्द्रमा रुद्रराज पाण्डेको उपन्यास रूपमती रहन्छ र यसका परिधिमा पाण्डेकै अरू उपन्यासहरू र तत्कालीन अन्य लेखकका उपन्यासहरू पनि पर्दछन्। रूपमती उपन्यासका केन्द्रीय मूलको सेरोफेरोमा र यसकै नेतृत्वका सामयिक घेरामा देखिएका उपन्यासहरूमा वेदनाथ आचार्यको 'दयाकी भावी'(१९२२) पहिलो उदाहरण बनेको छ।

उक्त परम्परालाई गति दिने अन्य उपन्यासहरूमा रामप्रसाद सत्यालको 'महासती अनुसूया'(१९२८), अम्बालिका देवीको 'राजपूत रमणी'(१९३२) उपन्यासहरू नेपाली उपन्यास परम्पराका आधुनिक कालका निम्ति सबभन्दा पुराना र माध्यमिक कालका निमित्त सबभन्दा नयाँ लाग्ने सङ्कमणकालीन उपन्यास कृति हुन्। दयाकी भावी अत्यन्त असङ्गठित र शिल्पविहीन एवं तारतम्यको कृत्रिम जोरजाम भएको उपन्यासको रूपमा देखिन्छ भने महासती अनुसूया अतिमानवीय आदर्शको कृत्रिम प्रस्तुति देखिन्छ। राजपूत रमणीअति संयोगिक र साहसिक अभियानयुक्त कथामा आबद्ध उपन्यास देखिन्छ। दुवै उपन्यास अतिकृत्रिम सृजना बनेका छन्। सती गमन, स्वर्गीय प्राप्ति जस्ता अतिमानवीय आचरणहरू रुढ आदर्श हुन्। त्यस्ता तत्त्वहरू यथार्थ भने होइनन्। महासती अनुसूया र भीष्म प्रतिज्ञा महाभारतीय स्रोतका पौराणिक आख्यानमा आधारित उपन्यास हुन् भने दयाकी भावी र सुमती जीवनको यथार्थ भोगेका सामाजिक धरातल हुन् र आदर्शपरक उपन्यास हुन्। यसरी भौतिक जगतका अन्तर्वस्तुलाई रचनात्मकता र गतिशीलताभन्दा यथास्थितिमा मूल्यलाई नियन्त्रण गर्ने काम यस समयका उपन्यासमा भएको छ।

प्रस्तुत अवधिका उपन्यासमा सामाजिक सुधार र वैयक्तिक परिष्कारको भावना गम्भीर देखिन्छ। नैतिकता, अनुशाइस्वी, आदर्श र शिष्टताका पक्षहरू उपन्यासभित्र गम्भीर दायित्व स्वीकार्ने प्रचलन बनेर बसेका छन्। प्रस्तुत

अवधिका यस्ता उपन्यासमा आदर्शका रुढहरू व्यापक देखिएका छन् र तिनको प्रभाव पछिसम्म र कतिपय लेखकमा त आजसम्म पनि प्राप्त गर्ने सकिन्छ।

यो समयमा देखा परेका नेपाली उपन्यासपरम्परामा देखिएका आदर्शमूलक उपन्यासको छोटोमोटो प्रस्तुति मात्र हो। आदर्शवादी उपन्यासको तपसिल निक्कै विस्तृत हुन सक्छ। यस्ता उपन्यासको लेखन र प्रकाशन निकै व्यवसायिक बन्न पुगेको पनि देखिन्छ। त्यस्ता बजारु उपन्यासको टिप्पणी गर्नु यहाँ आवश्यक ठानिएन। यस प्रवृत्तिका प्रतिनिधि पन्यासका आधारमा आदर्शवादी लेखनको मूल्याङ्कन गर्नु चाहिं बढी उपयुक्त देखिने हुनाले त्यतैतिर अभिमुख हुनु उपयुक्त ठहर्छ।

आदर्शवादी उपन्यासहरूमा व्यवहारिकता, सम्भावित सत्यतासमेतको अपेक्षा राख्ने गरिएको छैन। रचनाको मौलिकता, वस्तुको साङ्गठनिकता, कलाको नवीनता आदिमा जोड दिंदा पनि विश्वशनीयतालाई भुल्ने गल्ती भने प्रशस्त भएको छ। त्यसरी नै चरित्रको समायोजनमा पनि अतिमानवीय आचार र अतिमानवीय अनाचारको प्रस्तुति भएको छ। यसरी हेर्दा सबैभन्दा मानवसम्मत चित्रण भएको पहिलो उपन्यास ‘रूपमती’ लाई लिने गरिन्छ। त्यस कारण आदर्शवादी उपन्यास लेखनको आरम्भ स्तम्भ ‘रूपमती’ उपन्यास नै ठहर्छ।

**५-आदर्शवादी प्रवृत्तिका अन्य उपन्यासकारहरू :**

आदर्शवादी धाराको आरम्भमा सबल पाइला चाल्ने उपन्यासकार पाण्डेका अनुयायी भएर धेरै जना उपन्यासकारहरू देखापरे। त्यस्ता अनुयायीहरूमा १९३४ मा सुमती र १९३६ मा भीष्मप्रतिज्ञा जस्ता उपन्यास लिएर देखापर्ने ख. विष्णुचरण उल्लेखनीय व्यक्तित्व हुन्। युनका उपन्यासहरूले पनि आदर्शको मार्गलाई निकै फराकिलो बनाएका छन्। भीष्मप्रतिज्ञा पौराणिक कथास्रोतको उपन्यास भएकाले यसमा चिन्तनको प्रक्षेपण आधुनिकतातिर हुन सकेको छैन। सुमती सामाजिक स्रोतको भएर पनि पाण्डेको उपन्यासमा पाइने यथार्थको आभास यसमा पाइँदैन। १९३४ मा सुमती र १९३५ मा रूपमती प्रकाशमा आए पनि आधुनिकताको चिन्तन र यथार्थको प्राप्तिमा रूपमती ले नै जितेको छ। आदर्शवादी प्रवृत्तिमा आधारित उपन्यासहरूको लेखन प्रारम्भका वर्षहरूमा निकै जल्दो बल्दो देखियो तर क्रमशः यो धारा स्वच्छन्दतावादी र आदर्शोन्मुख यथार्थवादी धाराबाट निरस्त हुँदै गएर किनारा लाग्यो। यद्यपि यस प्रवृत्तिको लेखन शून्य प्रायः भने भएन।

सामाजिक विकृतिको निराकरण र चारित्रिक परिष्कारको भावना प्रबल बनेका यस प्रवृत्तिका उपन्यासहरूमा आदर्शचेत बढी मुखर देखिन आएको छ। स्वच्छन्दतावादी उपन्यास भ्रमर मै पनि सुधारात्मक चेतना उच्च छ जसले आदर्शको आभास दिन्छ। आदर्शको उच्च आकांक्षा राख्ने उपन्यासकारहरूमा काशीबहादुर श्रेष्ठका ‘उषा’(१९३८) र ‘वचन’(१९४३) पनि पर्दछन्। प्रणयको रोमान्सेली छटा र जीवनको नैतिक आदर्श श्रेष्ठको प्राप्ति बनेको छ। भवानीभक्त प्रधानको ‘यौवनको आँधी’(१९३९), मेजर जनरल शान्तशमशेर जबराको ‘दुःखी जीवन’(१९४१) अनि माष्टर रामप्रसाद तण्डुकारको ‘भाग्यचक्र’(१९४४) पनि यसै फाँटमा पर्छन्। यिनमा प्रणय भाग्य र कर्मको रोमाञ्चक संयोग प्रस्तुत भएको छ। टुकराज पद्यराज मिश्रको ‘रजबन्धकी’(१९३९) र ‘रामकृष्ण कुँवर राणा’(१९४२) ले चाँहि ऐतिहासिक कथास्रोतका माध्यमबाट आदर्शलाई प्रस्तुत गरेका छन्। यस्ता उपन्यासहरूमा रुद्रराज पाण्डेको आदर्श नै केन्द्रीय र साध्य वस्तु बनेर स्थापित भएको छ। रुद्रराज पाण्डेको

उपन्यास सृजन अवधिमा लेखिएका अन्य उपन्यासहरू पाण्डेको व्यापक क्षितिजभित्र एक एक नक्षत्र भएर अडेका छन्।

इस्वी १९४७ पछिको उपन्यास लेखनमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिको आरम्भ भयो। यसको एकवर्ष पूर्व पण्डित शोभाचन्द्र उपाध्यायको उपन्यास 'पटलीपुत्र'(१९४६) प्रकाशमा आयो। १९४७ पछि लैनसिंह बाङ्गदेलको कलम सक्रिय बनेपछि आदर्शवादी उपन्यास लेखनको क्रम पातलो हुँदै गयो। यस समयका आदर्शवादी उपन्यासहरू हुन्- बबरबहादुर राणाको 'सपना र विपना'(१९४८), भुवनेश्वर कोइरालाको 'बैकुण्ठको महल'(१९५६) र 'सत्य सन्देश र विधवा जीवन'(१९५६), चन्द्रशेखर शास्त्रीको 'भृकुटी'(१९५७) यस समयका सृजना हुन्। १९५४ पछि हृदयचन्द्रसिंह प्रधान, खड्गबहादुर सिंह, मुक्तिनाथ तिमिल्सिनाहरू प्रगतिशील प्रवृत्तिका उपन्यासहरू लिएर आए। १९५९ देखि यौनमनोविज्ञान र १९६१ पछि विसङ्गतिवादी अनि १९६५ पछि अस्तित्ववादी लेखनको आरम्भ भइसक्दा पनि आदर्शवादी उपन्यासको सृजनाक्रम फाटफुट देखा पर्दै रह्यो। यस क्रममा इन्द्र सुन्दासका 'मङ्गली'(१९५८) र 'जुनेली रेखा'(१९७९), हरिहर शास्त्रीका 'दुर्दशा'(१९६५) र 'अवनति'(१९६७) उपन्यासहरू देखिए। आदर्शलाई दार्शनिक तहबाटै उपन्यासीकरण गर्ने प्रतिभा तोयनिधि पौडेल पनि यसै अवधिमा देखा परे। उनका समर्पण र प्राप्ति(१९६७), भावना(१९७५), एक र अनेक(१९७७), नारी, पूर्व र पश्चिम जस्ता आकारका दृष्टिले मोटा र चिन्तनका दृष्टिले गहिरा उपन्यास प्रकाशित भए। समीरण प्रियदर्शीको 'बलिवेदी'(१९७०) र 'पोखिएको जिन्दगी'(१९७१) पनि यस फाँटका उपन्यास हुन्। कष्णकुमारी राईको 'समर्पिताको अस्तित्व'(१९७३), उषा सुन्दासको 'बिन्दु'(१९७८), ऋषभदेव शर्माको 'दिन, भद्री र सहलेश'(१९७८) र भारती खरेलको 'एउटी आमाको कथा'(१९९१) जस्ता उपन्यासहरू आदर्शका धरोहर भएर खडा भएका छन्।

विशेषतः आदर्शवादी उपन्यासहरू पूर्वीय चिन्तनका आध्यात्मिक आस्थामा टिकेका हुन्छन्। जगतको क्षणिकताबोध, जीवनको नश्वर स्वीकृति सबैभन्दा बढता तोयनिधि पौडेलका उपन्यासले प्रदर्शन गरेका छन्। मानवीय अस्मिता भनेको ईश्वरीय प्रसाद ठान्ने, भौतिक शरीरलाई आत्मिक परिशोधनको साधन मात्र ठान्ने जस्ता आध्यात्मिक स्वरहरू उनका उपन्यासमा प्रकट भएका छन्। भुवनेश्वरप्रसाद कोइरालाका उपन्यासमा ऐहिक देहको नश्वरता र उत्तर जीवनको शास्वतता स्वीकार्दै बैकुण्ठको प्राप्तिमा विश्वास गरिएको छ। जीवनलाई परमात्मामा समर्पण गर्ने र परमपद प्राप्त गर्ने बाटामा लगाएको देखाइएको छ। सामाजिक जीवनको सङ्गत र असङ्गतका द्वन्द्वहरूमा सत् को जय र असत् को पराजय, सहनको सिद्धि र दुःसहनको असिद्धि, मान्यको आदर र अमान्यको अनादर जस्ता अनेकौं कृत्यहरू यी उपन्यासभित्र प्रदर्शित भएका छन्।

पूर्वीय आध्यात्मको उदारतामा रुढिले गाँजदै गएपछि धार्मिक र सांस्कृतिक सङ्कीर्णता मौलायो। नेपाली समाजमा कर्मकाण्ड, जपतप, विधिव्यवहार, पाठपूजा, तीर्थव्रत, दानयज्ञजस्ता कट्टरवादीपन विकसित भए। यस अवस्थालाई आदर्शवादी उपन्यासले प्रस्तुत गर्दै गयो। समाजमा आधुनिकताका यथार्थहरूले जटिलतामा उदारता थप्दै ल्याए। परिणाम के भयो भने सामाजिक मूल्यमा क्रमशः रूपान्तरित हने प्रक्रिया आरम्भ भयो। पुरानो संस्कारमा स्थापित भएका आदर्शमा विस्तार भयो। शिक्षादीक्षा, परोपकार, मानवसेवा, पाटीपौवा, गौचर पानीघाट, पथप्रदेश, सहयोग सद्व्यवहारहरूले आदर्शको रूप प्राप्त गर्न लागे। पुनर्जन्ममा मात्र होइन यसै जन्ममा सुविधा प्राप्तिका लोभमा सामाजिक कार्यहरू हुन थाले। मान्छेलाई समाजमुखी आदर्शले लोभ्याउन थाल्यो। अनि समाज

स्वच्छन्द विचारणशील र आदर्शोन्मुख यथार्थतिर अभिप्रेरित भयो। यस प्राप्तिलाई उपन्यासकारहरूले स्वच्छन्दतावादी र आदर्शोन्मुख यथार्थवादी ढाँचामा ढाल्ने काम गर्न थाले। परिणाममा नेपाली उपन्यासले आदर्शका अतिरिक्त यथार्थवादी ढोका पनि उद्घाटन गर्न थाल्यो।

**६-स्वच्छन्दतावादी नेपाली उपन्यासको आरम्भ :**

नेपाली साहित्य जगतमा पनि यस प्रकारका आदर्शको परिणाम नाप्ने मूल्यहरू स्वच्छन्दताकै मार्गबाट आरम्भ भएर यथार्थबाट पलायनसम्म विचरण गर्दछन्। समाजको यथार्थका सम्बाहक जीवनचर्यामा आदर्शको पूर्णता फलित नहुँदा हुने पलायन रोमान्टिसिज्म हो। यसको अभ्युत्थान नेपाली उपन्यासका इतिहासमा इस्वी १९३६ को भ्रमर उपन्यासबाट भए पनि यसको आरम्भिक सङ्केत १८९९ इस्वी पछिका उपन्यास वीरचरित्र, महेन्द्रप्रभा र उपन्यासतरङ्गिणी का अंशहरूमा प्रशस्त प्राप्त गर्न सकिन्छ। परम्परागत आदर्शको सोझोपनलाई साध्य बनाएर सामाजिक सङ्गतिका पक्षहरू प्रस्तुत गरिएका उपन्यासहरू लेख्ने प्रचलन नेपालीमा क्रमशः बढ्दै गयो। आदर्शवादी लेखनधाराका कोणभित्रबाटै स्वच्छन्दतावादी लेखन परम्पराको आविर्भाव हुन थाल्यो। सभ्यताको लामो श्रृङ्खलामा विकसित हुँदै आएको आदर्शका कोरा नियम र विधि निषेध हुँदै बाँच्नु पर्नेहरू र यथार्थका भौतिक टकरावबाट पनि वितृष्णाबोध गर्ने अनि परिस्थितिजन्य क्रियाकलापबाट त्रस्त हुने मानसिकताले आफ्नै प्राचीनताप्रति आफ्नै हिजो र आफ्नै पुरातन जीवनपद्धतिको सरलतामा शीर लुकाउन मिल्ने प्रशस्त ठाउँ देखेर त्यही आर्ष वैभव, त्यही आध्यात्मिक शान्ति र त्यही परालौकिक सुख प्राप्तिको सम्मोहनमा वर्तमानको यथार्थलाई नकार्ने प्रवृत्तिको परमपराको फलन स्वच्छन्दतावादको रूपमा साहित्यमा स्थापित हुँदै गयो। आदर्शको सुधारवादी र यथार्थको पलायनवादी पक्षको सङ्गम बिन्दु बनेर उभिने विचारबिन्दु नै स्वच्छन्दतावाद हो। प्रणय प्रसङ्गका माया र स्नेहका सामाजिक मान्यताका सीमाका अस्वीकृति र परिस्थिति एवं व्यवहार, स्वप्निल चाहनाको अवस्था पनि यस प्रवृत्तिका उपन्यासको साध्य बनेको हुन्छ। यसरी आरम्भ भएको स्वच्छन्दतावादी उपन्यास परमपराले मानवमूल्यलाई विचलन र विचरणशील अवस्थामा स्थापित गर्ने परमपरा कायम गरिदियो।
स्वच्छन्दतावादी उपन्यासको पृष्ठभूमि आदर्शवादी उपन्यास परमपरामै तयार भएको र त्यस पृष्ठभूमिमा नेपाली समाज, संस्कार, जातिगत चेतना, अस्मिताबोध र उत्थानको चेतना आरम्भ हुने स्थितिको अभ्युत्थान गर्ने क्रममा स्वच्छन्दतावादको आरम्भ भयो। स्वच्छन्दतावादी चेतना भनेको संघर्षमूलक विद्रोहका दृष्टिले ऋणात्मक अभिव्यक्ति हो। यस चेतनालाई मूर्त रूप दिने काम समाजका संरचनामा रहेका संकीर्णता र त्यसबाट मुक्ति पाउने मार्गको अन्वेषण गर्नु परेका खण्डमा यस परिस्थितिलाई अभिव्यञ्जना दिने काम गर्नु साहित्यको प्रमुख जिम्मेदारी रहेको हुन्छ। यस जिम्मेदारीलाई चेतना, शिक्षा, सामाजिक जागरण क आर्थिक र राजनीतिक अधिकारका विपरीत कुण्ठाबाट विधि र निषेधका सम्पूर्ण पक्षहरूको प्रस्तुतिबाट अभिव्यक्त हुने असन्तुष्टिहरूका परिणतिले विद्रोहको सही मार्ग प्राप्त गर्न नसकेका अवस्थाको दिग्भ्रमित अवस्था नै हो – स्वच्छन्दतावाद।

नेपाली उपन्यास परम्परामा स्वच्छन्दतावादको जन्म भारतीय भूमिबाट भएको छ। भारतीय परिवेशका निम्ति अपेक्षित धार्मिक र राजनीतिक स्वतन्त्रता,भाषिक र सांस्कृतिक जागरण, जातीय अस्मिताबोध एवं शैक्षिक अभ्युत्थान, छुवाछुत र अन्तर्जातीय भेदभावको लचिलोपन क्रमशः विकसित हुँदै गरेको र सुगौलीको सन्धिपछि भारतीय मानचित्रमा परेका नेपालीहरू स्वतन्त्रता उपभोग गर्ने चेतना र त्यसको आधिकारिक स्थिति अर्जन गर्न

लागेका अवस्थामा देखिन आइपुगेका छन्। जातभातको सङ्कीर्ण घेराबाट मुक्त हुन लागेका श्रम र पसिनाको मूल्यमा भएका वैदेशिक शोषण आदिका विरुद्ध विकसित हुन लागेको नेपाली चेतना अनि नेपालीहरू गोर्खा सैनीक प्रवेश गर्नका लागि बढ्दै गएको आकर्षण र दार्जिलिङे नेपालीहरूले प्राप्त गरेका सुअवसर, सेवा निवृत्तिपछि पतिया नगरी बस्न अनुमति मिल्ने परिवेशको जीवन पद्धतिलाई भारतीय भूभागका दार्जिलिङ, कालिम्पोङ, आसाम, मणिपुर, देहरादून, भाक्सु र बर्मासम्मका मान्छेको मानसिक अवस्थालाई स्वच्छन्दतावादी उपन्यासले आफ्नो आधारशीला बनाएको छ। त्यसरी नेपाल बाहिर नेपाली शैलीलाई निरन्तरता दिएर जीवन निर्वाह गर्ने नेपालीहरू सिक्किम र भुटानमा पनि अधिकांश सङ्ख्यामा थिए। नेपालबाहिरका परिवेशमा शिक्षा-दिक्षा र जागरण चेत प्राप्त गरेर विदेशमै सेवाप्रवृत्त भएका युवापुस्ताले स्वच्छन्दतामूलक जीवन मूल्य र स्वतन्त्रतामूलक सामाजिक जीवन पद्धति अँगालेर बस्ने, नेपालभित्र आएर सेवा गर्ने युवापुस्ताले आदर्शमूलक जीवन चेतना आरम्भ गरेको देख्न पाइन्छ। सेवा वा अन्य श्रमिक जीवनको निवृत्तिपछि दार्जिलिङ लगायतका क्षेत्रमा कृषि, पशुपालन, व्यापारबन्ध, शिक्षण, सरकारी र अर्द्धसरकारी संस्थाको ज्यालादारी कर्मचारी भएको जीवन व्यतित गर्दै रहेका नेपालीहरूको सचेत तर ऋणात्मक सृजनमानसिकताबाट तयार भएको सामाजिक चेतना नै स्वच्छन्दतावादी चिन्तनधारा भएर साहित्यमा अभिव्यक्त भयो। यसै अभिव्यक्तिका सम्बाहक तत्त्वलाई साहित्यमा स्वच्छन्दतावाद भनियो। उपन्यासमा यस धाराको प्रतिनिधित्व गर्ने कला दार्जिलिङबाट प्रकाशित भएको भ्रमर उपन्यासलाई आधार र आधिकारिक रूपमा लिन उपयुक्त देखिन्छ। यसरी उपन्यास परम्परामा स्वच्छन्दतावादी प्रवृत्तिको आरम्भ भएको छ।

इस्वी १९३६ देखि वर्तमानसम्मका अवधिमा स्वच्छन्दतावादी प्रवृत्तिका धेरैथोरै उपन्यासको लेखन कायम रहेको छ।यसको प्रबल र प्रखर अवधि पनि लगभग आदर्शवादी धाराकै उपन्यास लेखन अवधि भरको रेखा हो। मूल रूपमा स्वच्छन्दतावाद पनि १९४७ इस्वी पछि स्थानान्तरित, प्रवृत्यन्तरित र मूल्यान्तरित हुँदै आदर्शोन्मुख यथार्थतिर अभिमुख भए पनि आदर्शवादी उपन्यासको लेखन कायम रहे झैँ स्वच्छन्दतावादी उपन्यासको लेखनको परम्परा पनि कायमै रह्यो। परन्तु प्रवृत्तिको प्रधानता स्वच्छन्दतावादका अतिरिक्त धारातिर नै अभिप्रेरित भयो।

### ७.सामाजिक यथार्थवाद अर्थात् आदर्शोन्मुख यथार्थवाद

र स्वच्छन्दताले वस्तुजगतका यथार्थतालाई सम्मूर्तन गर्न सक्दैन। वस्तुजगतको सम्मूर्तन गर्ने तत्त्वलाई यथार्थ र भौतिक तथ्यको आवश्यक पर्दछ। यस भौतिक जगतको अनुभवपूर्ण उपभोग गर्ने तत्तव भनेको मान्छे हो। मान्छेले जीवन निर्वाह गरेको समाज वर्गयुक्त हुन्छ र समाजको यो वर्गयुक्त परिवेश विसङ्गतिबाट अमुक्त अवस्थामा रहेको हुन्छ। समाजका आदर्शपक्षलाई एउटा टापु बनाएर जीवन बाँच्न सक्ने अवस्थामा रहँदैन। अनि यथार्थ जगत पनि त्यस आदर्शका धुरीमा टिक्न सक्ने अवस्थामा रहँदैन। यस जगतका वर्ग र तिनबाट जन्मेका विसङ्गत कोणहरूलाई समेट्ने श्रम र मिहनतबाट जीविकोपार्जन गर्न विवश बनेका मान्छेहरूका समाजमा प्रतिष्ठा र इज्जतको चयन, अधिकार र मौलिकताको सुरक्षा आदि आधारभूत विषयमा सचेत बन्दै गएका मानव समुदायका पक्षमा व्यक्त भएको कलात्मक प्रस्तुति नै यथार्थ हो। यस यथार्थसँग जब वा उत्तरपद पनि जोडिएर आउँछ अनि के थाहा हुन्छ भने वैचारित दृष्टिसमेत यथार्थसँग सम्बद्ध भएर आइपुग्छ।

यथार्थ जे जति छ त्यति हो। हामीसँग जीवन छ। हाम्रा अगिल्तिर जगत् छ। विश्वरचना छ। समस्त ब्रह्माण्ड छ। यसमा सुख छ, दुःख छ, यसका भौतिक र सामाजिक कारण छन् एकातिर र अर्कातिर प्राकृतिक कारण छन्। हामीसँग भ्रम छ र उद्यम छ, गरीबी छ र धनाढ्यता छ। दुवै पक्षहरूमा भौतिक कारणहरू छन्। ती कारणहरू मानव समाजका वर्गीय प्रवृत्तिहरू हुन्। श्रमिक मिहनत गर्छ तर पेटभरी खान उसलाई पुग्दैन। पूँजिपति मेहिनत गर्दैन तर मीठो-मीठो खाने विलासितापूर्ण जीवन निर्बाह गर्छ। श्रमिक मालिकको घर बनाउँछ र छाप्रोमा सुत्तछ। मालिकश्रमिकको न्यूनतम मजदुरी चुकाएर महलमा सुत्तछ। वर्षाद छ, खडेरी छ, जाडो छ, गर्मी छ। यस्ता मानव इन्द्रिय सम्बेद्य स्थितिहरू जे छन् र जो हुनु नपर्ने हुन्, जे छैनन् र जो हुनु गरिन् हुन् तिनके बोध नै यथार्थको अर्थ हो। हामीले देखेका, भोगेका, स्वीकारेका सम्पूर्ण स्थितिहरू यथार्थ हुन्। हामी बाँचेको यस वस्तुजगतको आफ्नै क्रिया र प्रतिक्रिया छ। राजनीति र संस्कृतिका पद्धतिहरूले समाजमा वर्गीय विभाजनको रेखा कोरिएको छ। त्यस रेखाबाट जीर्ण बन्दै गएका सामाजिक मूल्यलाई साहित्यका स्रष्टाले कलाका माध्यमबाट पुनर्निर्माण गर्दछ र सङ्गति बोध भएका पक्षहरूमा आफ्नो आसन्नता प्राप्त गर्दछ। यही यथार्थ हो। यसलाई कला समीक्षकहरूबाट धेरै अल्मलमा राखेर प्रस्तुत गर्ने काम भएको छ। कृष्णचन्द्रसिंह प्रधानका कथनमा पनि यो कुरा स्पष्ट हुन सकेको छैन। यसो हुनु यथार्थप्रतिको चिन्तामा स्पष्टता आउन नसक्नु हो।

यही यथार्थको पुनरुत्पादनमा केही दृष्टिकोणहरू पनि थपिएपछि यसले आफुलाई वादको रूपमा स्थापित गर्दछ। अनि यथार्थले प्रवृत्ति वा चिन्तनको रूप ग्रहण गर्दछ। तर कलात्मकता र सौन्दर्यका नाममा वस्तुजगतले वैचारिक परम्परा प्राप्त गर्दछ। आजको सन्दर्भमा सौन्दर्यको नाममा वस्तुजगतले यथार्थता गुमाउदै जाने गरेको स्थिति रचनाले सामना गर्नु परेको छ। मान्छेका इन्द्रियजन्य ज्ञानभन्दा परका कल्पनामय संसारको सृजना गरेर कलालाई वस्तुकेन्द्रिकताबाट व्यक्ति केन्द्रिकतातिर अभिप्रेरित गर्न लाग्दछ। यस क्रियाले रचनालाई भौतिक यथार्थबाट पृथक्कीकरण गर्दछ। यस्तो स्थितिमा कला र साहित्य बुर्जुवावर्गको पोषक तत्त्व बन्न पुग्दछ। प्रकृतिका समष्टि वस्तुजगतलाई कलाबाट अलग गराएर रचनालाई रूप प्रदान गर्ने यस प्रकारका स्रष्टाहरू रूपवादी हुन् र यिनीहरू वस्तुवादका नितान्त विरोधी तत्त्वका रूपमा स्थापित बन्दछन्। यथार्थको सोझो पुनरुत्पादन भनेको कोरा प्रकृतवाद पनि हो। यस पुनरुत्पादित प्रकृतिले जब प्रभावको स्रोतरूप प्राप्त गर्दछ, तब बढ्दो वैयक्तिक रूप ग्रहण गर्दछ। विषयवस्तुको स्थापनाको कलात्मक विधिमा देखिँदै गएका आजका रूपपरक तडक भडकहरू व्यक्तिवादी दिशातिर डोऱ्याइरहेका छन्। यिनै कलाहीन वस्तुवादी र वस्तुहीन कलावादीका भ्रमक विचारका उतार चडढाउना साहित्यको सृजना पनि निकै समयसम्म अल्मलमा परेको छ। अतिभावनावादका नाममा वस्तुयथार्थवाद पलायित भएको स्रष्टा रूपवादको भासमा पुग्दछ र अति वस्तुवादका नामा भाववादबाट विचलित भएको स्रष्टा कोरा र कलाहीन वस्तुको दस्तावेज लेखनका जालमा अल्मलिन पुग्दछ।

यस आगर्शोन्मुख यथार्थवादीप्रवृत्तिको लेखनलाई समाजको चित्रण गर्ने साधन बनाउने प्रचलन नेपाली उपन्यास परम्परामा १९४७ इस्वीदेखि आरम्भ भएको हो। वस्तुको चयनमा स्वाभाविकता, प्रस्तुतिको सत्यता र निष्कर्षको विश्वसनीयता नै यथार्थ हो। यसमा समाजका यथार्थलाई संयोजन गरिएको हुन्छ। समाज जीवनको सम्पूर्ण पक्ष होइन, उपयुक्त र जीवनोपयोगी वस्तुको चयनमात्र समाजबाट गरिन्छ। त्यस्तो अवस्थामा सञ्चित वस्तुको स्थापना यथार्थ हुन्छ। विचारका आक्रामक औजारले समाजका कच्चा वस्तुलाई आकृति दिने कलाकार हो उपन्यासकार। त्यस प्रदत्त आकृतिभित्र मान्छेका, समाजका, सिङ्गै विश्वका आन्तरिक एवं बाह्य आकृतिहरू

नितान्त व्यक्तिगत र नितान्त सामूहिक पनि बन्दछन्। जहाँसम्म आदर्शोन्मुख यथार्थवादको प्रश्न छ त्यसमा के मात्र भन्नु उपयोक्त हुन्छ भने यथार्थमा देखिने पीडक र पीडित, शोषक र शोषित, दमनक र जमितजस्ता विषम पक्षहरू परम्पराका टकराउबाट समाधानका बिन्दुतिर उन्मुख नभई पीडक आफ्नो हैकमी परम्परालाई अद्यावधिक गर्ने कार्यमा तन्मय हुँदै र पीडित आफ्नो असफलता र दुःखलाई कर्म वा भाग्यमा जिम्मा लगाएर पलायिते हुँदै जाने कार्यमा तन्मय बन्दै गएको हुन्छ। द्वन्द्वबाट जन्मिने टकराउ समाजवादी यथार्थका ठीक विपरीत आदर्शोन्मुख यथार्थमा पलायन, आत्मतुष्टि, भाग्यनिर्भरता र प्रारब्धवादी आदि चिन्तनले प्रश्रय पाएको हुन्छ। यस परम्पराले नेपाली उपन्यासलाई स्पर्श गरेको नै १९४७ इस्वीभन्दा पछिको अवधि हो। यस प्रवृत्तिमा सृजित उपन्यासका बारेमा टिप्पणी गर्दै जानु उपयुक्त हुन्छ।

रूपमती उपन्यासले वस्तुलाई समाजबाट टिपेर आदर्शका मठमा प्रतिष्ठा गरिदियो। त्यस्तै भ्रमर उपन्यासले वस्तु, पात्र, घटना र पर्यावरणसमेत टिपेर स्वच्छन्द र पलायनमुखी आइस्वीमा स्थापित गरिदियो। आदर्शोन्मुख यथार्थवादका घेरामा पर्न आउने उपन्यासले चाहिँ समाजले भोग्दै गरेका यथार्थलाई टिपेर असांघर्षिक यथास्थिति र पलायित आइस्वीमा विन्यास गरेर द्वन्द्वहीन वस्तुजगतका गतिविधि प्रदर्शन गर्ने कामको आरम्भ चाहिँ मुलुकबाहिर उपन्यासले गरिदियो। यस परम्परामा आएका आजसम्मका उपन्यासले यथार्त चित्र खिचेर कि त यथास्थितिका स्थापना गरेका छन् कि त पलायनको सन्देश दिएका छन्।

इस्वी १९५० अघिको नेपाली समाजको आर्थिक र सामाजिक विसङ्गति, नेपाली सांस्कृतिक र घार्मिक क्षेत्रमा प्रयुक्त विसङ्गतिहरूको औपन्यासिक प्रस्तुति १९४७ इस्वीमा  प्रकाशित लैनसिंह वाङ्देलको उपन्यासबाट आरम्भ भएको कुरा उपन्यासका तथ्यहरूबाट प्रस्तुत भएको छ। यहाँबाट जातभात, छुवाछुत, बिहाबरी, धर्म-संस्कार, काजक्रिया जस्ता जीवनचर्याका संस्कृतिक पर्यावरणहरूको अनेकतम पक्षहरूलाई उपन्यासमा प्रयोग गर्ने कला आरम्भ भएको छ। भारतीय परिवेशमा दैनिक जीवन निर्बाह गर्न विवश भएका नेपालीहरूको जीवनचर्या प्रस्तुत गर्ने पद्धतिका परिवृत्तमा आधारित लेखकहरू पर्याप्त क्रियाशील हुन लागेका यस समयमा अगुवा व्यक्तित्वको रूपमा स्थापित हुन पुगेका उपन्यासकारमा लैनसिंह वाङ्देल देखिएका छन्।

**८.नेपाली उपन्यास साहित्यमा आलेचनात्मक यथार्थवादको प्रवेश**

नेपाली साहित्यका सन्दर्भमा आलेचनात्मक यथार्थको प्रवेश प्राथमिक कालमै भएको छ। प्राथमिक कालका स्रष्टा भानुभक्त र सन्त ज्ञानदासका रचनामा र माध्यमिक कालका स्रष्टा विज्ञान विलास, शम्भुप्रसाद ढुङ्गेल र वेदनिधि शर्माका रचनामासमेत आलेचनात्मक यथार्थका छटाहरू देखापरे। आधुनिक उपन्यासका सन्दर्भमा भने १९५१इस्वीतिर आएपछि मात्र आलेचनात्मक यथार्थवादका लक्षणहरू देखापरे। १९५१ इस्वीमा प्रकाशित लैनसिंह वाङ्देलले लङ्गडाको साथीका माध्यमबाट सामाजिक यथार्थताका नाममा यथास्थितिका टिकाइलाई आलेचनात्मक ढङ्गले हेर्न आरम्भसम्म गरेका छन् वाङ्देलले। उनका 'मुलुकबाहिर'(१९४७) र 'माइतघर'(१९४९) उपन्यासले आरम्भ गरेका यथास्थितिप्रतिका असन्तुष्टिलाई लङ्गडाको साथी उपन्यासले खोलुवा दिन प्रयास गरेको छ।

इस्वी १९५०का परिवर्तनले नेपालभित्रका सामाजिक, आर्थिक र राजनीतिक चेतनालाई केही हदसम्म तीब्रता दिन प्रयत्न गऱ्यो। यसै प्रयत्नभित्रका अनेक मानवीय संवेदना र सामुहिक हितका पक्षहरू बिस्तारै व्युँझन

थालेका तथ्यहरू फेला पार्न सकिन्छ। यस क्षेत्रलाई उर्बर तुल्याउने उपन्यासहरू १९५४ इस्वीदेखि फटाफट प्रकाशित भएका छन्। मुक्तिनाथ तिमल्सिनाको को 'अछुत' (१९५४), हृदयचन्द्रसिंह प्रधानका 'स्वास्नी मान्छे'(१९५४), र 'एक चिहान'(१९६०), खड्गबहादुर सिंहका विद्रोह भाग-१(१९५४) र भाग-२(१९५६), 'हुरीको चरा'(१९५८) जस्ता उपन्यासले आलेचनात्मक यथार्थवादी लेखन प्रवृत्तिको ढोका खोलेका छन्। यसै क्रममा अच्छा राई रसिक का 'लगन'(१९५५) र 'दोभान'(१९६४), शिवकुमार राईको 'डाक बङ्गला'(१९५६), लीलबहादुर क्षेत्रीका 'बसाइँ'(१९५७), 'अतृप्त'(१९६९), 'ब्रहामपुत्रको छेउछाउ'(१९८६), मोहनबहादुर मल्लका 'समयको हुरी'(१९५८) र 'भुमरी'(१९५९), तुलसीराम क्षेत्रीका 'रने'(१९५८), 'जीवन'(१९६३), 'सङ्घर्ष'(१९६७) जस्ता उपन्यासहरू पनि आलेचनात्मक यथार्थको आंशिक प्रयोग भएका उपन्यासहरू हुन्। लीलाध्वज थापाका 'शान्ति'(१९५८), 'मन'(१९५८) र 'पूर्वस्मृति'(१९५९) उपन्यासलाई पनि यस फाँटमा राखेर अध्ययन गर्नु राम्रै हुन्छ। केशवराज पिंडालीका 'एकादेशकी महारानी'(१९६९), 'अन्त्यदेखि शुरु'(१९७७), 'साँझ घर फर्केको मान्छे'(१९८६) र 'बाँच्ने एउटा जिन्दगी'(१९८७), जगदिश घिमिरेका 'लिलाम'(१९७०) र 'साविती'(१९७५), काजी प्रधानको 'यहाँ यस्तै छ'(१९७२), मोदनाथ प्रश्रितको 'देशभक्त लक्ष्मीबाई'(१९७५) र 'चोर'(१९८७), पिटर जे. कर्थकको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे'(१९७७) जस्ता उपन्यासमा पनि आलेचनात्मक यथार्थको स्वर प्राप्त गर्न सकिन्छ। धनुश्चन्द्र गोतामेका 'घामका पाइलाहरू'(१९७८) र 'यहाँदेखि त्यहाँसम्म'(१९८५), भरत जङ्गमका 'कालो सूर्य'(१९७९), धनुश्चन्द्र गौतमका 'कट्टेल सरको चोटपटक'(१९८०), 'अलिखित'(१९८३), 'निमित्त नायक'(१९८६), 'स्वर्गीय हीरादेवीको खोज'(१९८८), 'एक शहरमा एक कोठा'(१९८९), 'उपसंहार अर्थात् चौथो अन्त्य'(१९९१) र 'दुविधा'(१९९४) जस्ता उपन्यासमा पनि यो पक्ष देख्न पाइन्छ। कविताराम श्रेष्टका 'वनदेवी'(१९७९), 'पानीको थोपा'(१९८१), 'वकपत्र'(१९८९) र 'कमिलाको ताँती'(१९९१), मदनमणि दिक्षितका 'माधवी'(१९८२) र 'त्रिदेवी'(१९९४), पुष्पनाथ शर्माका 'स्नेहलता'(१९८३), 'बिहानको खोजी'(१९८५), 'तामाङ जेठी'(१९८७), विजयकुमार चालिसेको 'अनि कुहिरो फाट्छ'(१९८६), हरिराज भट्टराईका 'साइन डाइ'(१९८७) र 'स्वप्न भङ्ग'(१९८८) जस्ता उपन्यासमा पनि आलोचनात्मक यथार्थवादी प्रवृत्ति प्राप्त गर्न सकिन्छ। मौजुदा स्थितिको आलोचनापछि अपेक्षित मूल्यको दिशा पनि शङ्केत गरिनुपर्ने स यथार्तवादको सही प्रयोग पर्युक्त सबैखाले उपन्यासमा हुन सकेको छैन। प्रतिनिधित्व गर्ने उपन्यासको मात्र चर्चा गर्ने प्रयास गरिएको छ। माथि उल्लेख भएका कतिपय उपन्यासहरूको मूलभूत प्रवृत्ति अलगै भएको हुनाले तिनको चर्चा सम्बन्धित अध्यायमा भएको छैन। उल्लेख भएका उपन्यासहरूमध्ये केही उपन्यासमा मात्र आलोचनात्मक यथार्थवादी स्वर स्पष्ट देखिएको हुँदा त्यस्ता उपन्यासलाई मात्र यहाँ अध्ययनको सामग्री बनाइएको छ।

**केही नमूना प्रश्नहरू-**

1. नेपाली उपन्यासको आधुनिक युगको आरम्भ कसरी भयो? 'रूपमती' उपन्यासको प्रकाशनले नेपाली उपन्यासमा के कस्ता परिवर्तन ल्यायो? व्याख्या गर्नुहोस्।
2. आदर्शोन्मुख यथार्थवादी र स्वच्छन्दतावादी नेपाली उपन्यासबीच के भिन्नता छ? उदाहरणसहित स्पष्ट गर्नुहोस्।

3. १९३४ देखि १९५८ सम्मको नेपाली उपन्यास लेखन प्रवृत्ति कस्तो देखिन्छ? यस अवधिमा प्रकाशित केही प्रमुख उपन्यासहरूको विषयवस्तु र शिल्पका विशेषताहरू वर्णन गर्नुहोस्।
4. पारिजातको 'शिरिषको फूल' र इन्द्रबहादुर राईको 'आज रमिता छ' उपन्यासले नेपाली उपन्यास परम्परामा कुन नयाँ मोड ल्याएका हुन्? चर्चा गर्नुहोस्।
5. लैनसिंह बाङ्गदेलको उपन्यासहरूमा प्रस्तुत यथार्थवादी दृष्टिकोणलाई व्याख्या गर्नुहोस्। उनका कृतिहरू नेपाली उपन्यास परम्परामा किन महत्वपूर्ण ठहरिन्छन्? छलफल गर्नुहोस्।
6. नेपाली उपन्यास साहित्यमा मनोविश्लेषणात्मक प्रवृत्तिको आरम्भ कसरी भएको हो? 'पल्लो घरको झ्याल' र 'अनुराधा' उपन्यासको सन्दर्भमा स्पष्ट गर्नुहोस्।
7. नेपाली उपन्यासमा आदर्शवादी प्रवृत्तिको उद्भव र त्यसको विकासक्रम वर्णन गर्नुहोस्। यस प्रवृत्तिका केही विशिष्ट उपन्यास र तिनका विशेषता उल्लेख गर्नुहोस्।
8. आलोचनात्मक यथार्थवाद के हो? नेपाली उपन्यासमा यसको प्रवेश कहिले भयो र के कस्ता उपन्यासहरू यस प्रवृत्तिको प्रतिनिधित्व गर्छन्? लेख्नुहोस्।
9. सामाजिक यथार्थवादी उपन्यासहरूमा उठान गरिएका प्रमुख विषयवस्तुहरू के हुन्? यस प्रवृत्तिले नेपाली समाज र साहित्यमा के असर पारेको छ? विवेचना गर्नुहोस्।
10. नेपाली उपन्यासको इतिहासमा बनारसको भूमिका के रह्यो? बनारसमा विकसित चेतना र संस्थागत प्रयत्नले नेपाली उपन्यास साहित्यमा कस्तो प्रभाव पारेको हो? छलफल गर्नुहोस्।

**९. थप अध्ययनका लागि सन्दर्भ सामग्रीः**


एटम,नेत्र २०६१, समालोचनाको स्वरूप, काठमाडौँ, साझा प्रकाशन

दाहाल,मोहन.पी १९९०,आधुनिक नेपाली उपन्यास, दार्जिलिङ, दार्जिलिङ ग्रन्थकार सहकारी समिति

दाहाल,मोहन पी. सन २००१, दार्जिलिङका नेपाली उपन्यास परम्पपरा र प्रवृत्ति, दार्जिलिङ, श्याम प्रकाशन

प्रधान, कृष्णचन्द्र २०५०, नेपाली  उपन्यास र उपन्यासकार, काठमाडौँ, साझा प्रकाशन

प्रधान, प्रतापचन्द्र, १९८३, नेपाली उपन्यासको परम्पपरा र पृष्ठभूमि, दार्जिलिङ, श्याम प्रकाशन

बराल, कृष्णहरि र एटम नेत्र, २०५६, उपन्यास सिद्धान्त र नेपाली उपन्यास,ललितपुर, साझा प्रकाशन

बराल, ऋवषराज २०५६, उपन्यासको सौन्दर्यशास्त्र, ललितपुर, साझा प्रकाशन

राई, इन्द्रबहादर, दो.संस्क. सम २०५०, नेपाली उपन्यासका आधारहरू, काठमाडौँ, साझा प्रकाशन

सुवेदी, राजेन्द्र २०६४, नेपाली उपन्यासको परम्पपरा र प्रवृत्ति, काठमाडौँ , साझा प्रकाशन


----------------------------x-------------------------------------

## एकाइ ३

## भारतीय नेपाली उपन्यासको इतिहास-

**एकाइको संरचना-**

१. **प्रस्तावना**
२. **उद्धेश्य**
३. **भारतीय नेपाली उपन्यासको प्राथमिक चरण र यसको विकासक्रम**
४. **भारतीय नेपाली उपन्यास लेखनको द्वितीय चरण र यसको विकासक्रम**
५. **भारतीय नेपाली उपनयास लेखनको उत्तरवर्त्ती चरण र यसको विकासक्रम**
६. **निष्कर्ष**
७. **अभ्यास/ प्रश्नावली**
८. **सन्दर्भसामग्री**

### १. प्रस्तावना-

भारतीय नेपाली उपन्यास अधिकांशतः समाज सुधारको भावनाले, समाज-सांस्कृतिक चेतनाले, इतिहास तथा भू-राजनैतिक चेतना तथा विसङ्गतिवादी र अस्तित्ववादी चेतनाले अभिप्रेरित भइ लेखिएका पाइन्छन् । प्रयोगधर्मिताका दृष्टिले भारतीय नेपाली उपन्यासमा सरलताका साथसाथै शिल्पशैलीगत नवीनता र प्रयोगशीलता पाइन्छ । **भ्रमर**देखि हालसम्म प्रकाशनमा आएका भारतीय नेपाली उपन्यासको विकासक्रमलाई विभिन्न चरण र विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन-अनुशीलन गर्न सकिन्छ । उपन्यासकार रूपनारायण सिंहको **भ्रमर**बाट अभिप्रेरित भई जन्मिएका केही उल्लेखनीय उपन्यासकार र औपन्यासिक कृतिहरूमा लैनसिंह बाङ्देल (मुलुकबाहिर, लङ्गडाको साथी), इन्द्रबहादुर राई (आज रमिता छ), लीलबहादुर क्षत्री (अतृप्त, ब्रह्मपुत्रका छेउछाउ, प्रतिध्वनिहरू विस्मृतिका), मत्स्येन्द्र प्रधान (नीलकण्ठ, आरोहण), गीता उपाध्याय (जन्मभूमि मेरो स्वदेश), विन्द्या सुब्बा (अथाह, निर्गमन, सीमान्त), पुष्प राई (भोलिको प्रतीक्षामा, मध्यन्तर), प्रेम प्रधान (उदासीन रूखहरू, चिन्ता सल्केको पहाड), बद्रीनारायण प्रधान (मौली, भुमरी), अर्जुन निरौला (घाम डुबेपछि), सानु लामा (हिमालचुली मन्तिर), भीम दाहाल (अभीष्टको खोज, द्रोह), शान्ति थापा (मोहिनी डट् कम), विक्रमवीर थापा (माटो बोल्दो हो), प्रवीण राई जुमेली (सन्नेरिटा), विमल लामा (नुनको चिया) आदि केही कृतिहरूलाई दृष्टान्तका रूपमा अघि सार्न सकिन्छ ।

### २. उद्धेश्य-

विद्यार्थीहरूले यस पाठ वा आलेखबाट भारतीय नेपाली उपन्यासको विकासक्रमबारे धेरथोर जानकारी प्राप्त गर्न सक्नेछन् । भारतीय नेपाली उपन्यासको विकासक्रम हिजोदेखि आजसम्म आइपुग्नमा यसले विभिन्न मोडहरू पार गरेको छ । प्रस्तुतिकरणमा विविध स्वरूप, प्रवृत्ति र प्रविधिलाई अङ्गीकार गरेर आफ्नो यात्राक्रमलाई गतिशील पारेको छ । भारतमा नेपाली उपन्यासको लेखनयात्रा रूपनारायण सिंहलिखित **भ्रमर** उपन्यासबाट स्वचन्छन्दतावादी प्रवृत्तिको प्रयोगसँगै यथार्थको धरातल टेकेर अघि बढेको कुरो जानकारी पाउनेछन् । भारतीय

नेपाली उपन्यासकारहरूले पाश्चात्य दर्शनका विविध सिद्धान्त र औपन्यासिक लेखनधारालाई अँगालेर देश, काल र परिस्थितिअनुरूपको विषयलाई कथ्यवस्तुको रूपमा समेटेको देखिन्छ। भारतीय नेपाली उपन्यासको आधुनिक कालमा स्वच्छन्दतावादी, यथार्थवादी, मनोविश्लेषणवादी, अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी, नारीवादी, प्रयोगवादी तथा उत्तरऔपनिवेशिक प्रवृत्ति वा धारका उपन्यासहरू प्रशस्त लेखिएका देखिन्छन् । आधुनिक भारतीय नेपाली उपन्यासको अघिल्लो चरणका तुलनामा पछिल्लो चरण धेरै उर्वर रहेको स्पष्ट देखिन्छ । यस पछिल्लो चरणमा लेखिएका उपन्यासहरू प्रयोगवादी लेखनतर्फ बढी आग्रही रहेका हुनाले उपन्यासको शिल्प-संरचना, प्रविधि र रूपविन्यासमा समेत प्रशस्त परिवर्तन आएको देखिन्छ । यस समयका उपन्यासहरूमा उत्तरआधुनिक चेतनाको स्पर्शले वस्तु, प्रस्तुति र शिल्प नयाँ रूप, नयाँ सन्दर्भ, नवीन प्रवृत्ति र नवीन शिल्पप्रविधिको स्थापना हुन सकेको छ भन्ने कुरो यसबाट जानकारी प्राप्त गर्नेछन् । यसका साथै अन्त्यमा अभ्यासका लागि प्रस्तावित विविध प्रश्नहरूका उत्तर लेख्न सक्षम हुनेछन्।

### ३. भारतीय नेपाली उपन्यासको प्राथमिक चरण र यसको विकासक्रम-

भारतमा नेपाली उपन्यासको आरम्भ र विकास यहाँको राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक परिवेशबाट प्रभावित भइ लेखिएको देखिन्छ। भारतीय नेपाली उपन्यासको प्रारम्भिक चरणमा आख्यान साहित्यको विकास र सम्बर्द्धन गर्नमा ईसाइ मिसनरी कार्यहरूबाट पनि विशेष सहयोग पुगेको देखिन्छ । क्याथोलिक र स्कटिस मिसनहरूले मात्र होइन तर मध्यकालतिर तिलस्मी र ऐय्यारी प्रकृतिका लेखनले केही प्रभाव पारेको देखिन्छ । भारतीय नेपाली उपन्यासको विकासक्रमलाई अग्रगति दिनमा रामप्रसाद सत्यालको **कलावती** (सन १९०६, सुन्दरी पत्रिकामा प्रकाशित), **मधुबाला** (सन १९०७, सुन्दरीमा प्रकाशित) र हरिहर शर्माको **शुकबहत्तरी** (अनु. सन १९०७), पारसमणि प्रधानका **हिरण्यमयी चरित्र** (अनु. सन १९१५) र **राधारानी** (अनु. सन १९१६), विज्ञान विलास नामले परिचित पद्मनाम सापकोटाको **भङ्गविजेता** (अनु. सन १९१६), धनबहादुर राईको **एक थुंगा फूल** (१९२९), शिलप्रताप शमसेर थापाको **दुर्गेसनन्दिनी** (सन १९३०), महानन्द सापकोटाको **त्रिवेणी** (सन १९२८, तरूण गोर्खामा प्रकाशित) र अम्बालिका देवीको **राजपूत रमणी** (सन १९३२) आदि जस्ता सामाजिक सुधारात्मक प्रवृत्तिका अनुदित उपन्यासहरूले उल्लेखनीय भूमिका निर्वाह गरेका पाइन्छन्। अझ धनबहादुर राईको **एक थुंगा फूल** (१९२९)-लाई पूर्वोत्तर भारतको पहिलो नेपाली उपन्यासको रूपमा समेत मानिएको पाइन्छ।

भारतीय आधुनिक नेपाली उपन्यासको लेखनयात्रा नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट सन १९३६ मा प्रकाशित रूपनारायण सिंहको **भ्रमर**बाट भएको मानिन्छ । यसै उपन्यासबाट भारतीय नेपाली उपन्यास साहित्यमा स्वच्छन्दतावादी धाराको सूत्रपात हुन्छ। **भ्रमर**को प्रकाशनकालदेखि वर्तमान समयसम्म आइपुग्दा भारतीय नेपाली उपन्यासले आफ्नो विकासयात्रामा विभिन्न धारा र प्रवृत्तिहरूलाई समेटेर अघि बढेको स्पष्ट देखिन्छ। यसर्थ **भ्रमर**को प्रकाशन आधुनिक नेपाली उपन्यासको विकासक्रमको प्रारम्भबिन्दु हो भन्न सकिन्छ। नवीन शिल्प-संयोजन, नवीन वस्तुविन्यासका दृष्टिले मूल्याङ्कन गर्दा **भ्रमर**बाटै नेपाली उपन्यासमा नवयुगको थालनी भएको स्पष्ट देखिन्छ। **भ्रमर**मा स्वतन्त्रतापूर्वकालीन भारतीय नेपाली मध्यमवर्गीय समाजको सामाजिक, सांस्कृतिक र शैक्षिक सन्दर्भ तथा उनीहरूको जागरूकतालाई दर्शाइएको छ। उपन्यासकार सिंहको अर्को उपन्यास

**बिजुली** (भारती पत्रिकाको वर्ष-१ अङ्क-२ जुलाईदेखि अङ्क-५, अक्टोबर, सन १९४९-सम्म धारावाहिक रूपमा) तर अपूर्ण रूपमा प्रकाशित भएको छ। यसै समयावधिमा काशीबाट काशीबहादुर श्रेष्ठका **उषा** (सन १९३८) र **वचन** (सन १९४४) उपन्यासहरूले पनि सामाजिक सन्दर्भ र आदर्शको स्थापनाद्वारा समाज सुधारको भावनालाई सकेसम्म चित्रण गरेको पाइन्छ।

लैनसिंह बाङ्देल भारतीय नेपाली उपन्यासमा यथार्थवादी धाराका प्रयोक्ता हुन्। उनले **मुलुकबाहिर** (१९४६), **माइतघर** (१९४९) र **लङ्गडाको साथी** (१९५१) उपन्यासमा भारतीय नेपाली समाजको वस्तुस्थितिको तटस्थ उद्घाटन गर्दै फराकिलो प्रस्तुति दिएका छन्। **मुलुकबाहिर** र **माइतघर** यथार्थवादमा अनि **लङ्गडाको साथी** अतियथार्थवादी धारामा लेखिएको उत्कृष्ट उपन्यासहरू हुन्। बाङ्देलको **रेम्ब्रान्ट** (१९६६) चित्रकार रेम्ब्रान्टको जीवनसँग सम्बन्धित रहेको जीवनीपरक उपन्यास पनि प्रकाशनमा आएको छ। बाङ्देलपछि अच्छा राई रसिक-का **लगन** (१९५५), **दोभान** (१९६४) र **घरज्वाँइ** (अपूर्ण, रचनाकाल सन १९४८ र प्रकाशनकाल सन १९८९, रसिक-का केही अप्रकाशित कृति-मा सङ्कलित), शिवकुमार राईको **डाकबङ्गला** (१९५६), सुभद्रा सुब्बाको **बाल महाभारत** (१९५६), कृष्णसिंह मोक्तानका **चरणधुली** (१९५७), **अशेष यात्रा** (१९६४), **जीवन परिक्रमा** (१९६७), इन्द्र सुन्दासको **मङ्गली** (१९५८), शिलाङका बबुरबहादुर राणाको **सपना वा विपना** (१९४८) आदि उपन्यासहरूलाई सफल उपन्यासको रूपमा लिन सकिन्छ। यी उपन्यासकारहरूमा अच्छा राई रसिक र इन्द्र सुन्दास आदर्शोन्मुख यथार्थवादी धरालतमा हिँडेका छन् भने शिवकुमार राई र कृष्णसिंह मोक्तानले स्वच्छन्दतावादी धारालाई अपनाएका देखिन्छन्।

भारतीय नेपाली उपन्यास लेखन परम्परामा बाङ्देलपछि यथार्थवादी धारालाई अघि बढाउने सशक्त र प्रसिद्ध उपन्यासकार हुन्- लीलबहादुर क्षत्री। बाङ्देलले झैँ उपन्यासकार क्षत्रीले पनि आफ्ना उपन्यासहरूमा सामाजिक यथार्थको विविध समस्यालाई कथ्य विषयवस्तुको रूपमा ग्रहण गरेका छन्। उनको **बसाइँ** (१९५०) सामाजिक यथार्थवादी धरातलमा उभिएको उत्कृष्ट औपन्यासिक कृति हो। क्षत्रीले आफ्ना उपन्यासमा अभावग्रस्त निम्नवर्गीय जनजीवनको आर्थिक, सामाजिक र सांस्कृतिक स्थिति, शोषण र दोहन, विकृति र विडम्बनाको अत्यन्त प्रभावकारी चित्रण गरेका छन्। यसैप्रकार रवीन्द्रकुमार मोक्तानको **वरको भोको घर** (१९६२), व्यथित सिपाहीको **म विवश छु** (१९६३), नारदकुमार छेत्रीको **वियोगी** (१९६३) आदि उपन्यासहरूले भारतीय नेपाली उपन्यास लेखनलाई व्यापकता प्रदान गरेका छन्।

भारतीय नेपाली उपन्यासको लेखन र यसको विकास यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक परिवेश र व्यवस्थाबाट भएको देखिन्छ। भारतमा अन्य ठाउँको तुलनामा विशेष गरी दार्जिलिङ क्षेत्रबाट नै नेपाली साहित्यको अधिक विकास भएको पाइन्छ। भारतीय सन्दर्भमा हेर्नु हो भने दार्जिलिङबाट सन १९१८ देखि नै उपन्यास लेखन सुरु भएको जानकारी पाइन्छ। सन १९१८ मा प्रतिमानसिंह लामाको **महाकाल जासुस** नामक उपन्यास प्रकाशनमा आएको उल्लेख भएको पाइए पनि आजको दिनसम्म यो उपन्यास भने प्राप्त हुन सकेको छैन। **महाकाल जासुस**पछि रूपनारायण सिंहको **भ्रमर** (१९३६)-मा प्रकाशनमा आएको देखिन्छ। **भ्रमर** उपन्यास दार्जिलिङ र भारतीय नेपाली उपन्यासको सन्दर्भमा मात्र होइन समग्र नेपाली उपन्यास साहित्य क्षेत्रकै एउटा दरिलो माइलखुट्टी साबित भएको छ। सन १९३६-१९८०-को समयावधिमा भारतीय नेपाली उपन्यासमा स्वच्छन्दतावादी, यथार्थवादी (यथार्थवादअन्तर्गत पनि आदर्शोन्मुख यथार्थवाद, सामाजिक

यथार्थवाद, समाजवादी यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, विवेचनात्मक यथार्थवाद, मनोविश्लेषणात्मक यथार्थवाद) प्रगतिवादी, विसङ्गतिवादी, अस्तित्ववादी, प्रयोगवादी, नारीवादी, उत्तर-प्रयोगवादी धारा र प्रवृत्तिका सयौं औपन्यासिक कृतिहरू प्रकाशनमा आएका देखिन्छन् ।

**स्वच्छन्दतावादी धारा-** भारतीय नेपाली उपन्यास लेखनमा स्वच्छन्दतावादी धारा अत्यन्त प्रभावशाली रूपमा रहेको पाइन्छ । कल्पनाको प्राचुर्य, सौन्दर्य चेतना, वैयक्तिकता, विद्रोह चेतना, अभिव्यञ्जना आदि स्वच्छन्दतावादी लेखनका मूलभूत लक्षण र विशेषताहरू हुन् । भ्रमरको प्रकाशनसँगै भारतीय नेपाली उपन्यास लेखनमा स्वच्छन्दतावादी लेखन धाराको मार्ग प्रशस्त भएको स्पष्ट देखिन्छ । भ्रमरपछि यस किसिमका दर्जनौं मात्र होइन तर सयौंवटा उपन्यासहरू भारतका विभिन्न स्थानहरूबाट प्रकाशनमा आए । **यथार्थवादी धारा-** लैनसिंह बाङ्देलको **मुलुकबाहिर** (१९४८)-को प्रकाशनपछि भारतीय नेपाली उपन्यास लेखन यात्रामा यथार्थवादी लेखन धाराको विकास भएको देखिन्छ । आजसम्म लेखिएका प्रायः सबैजसो उपन्यासमा कुनै न कुनै रूपमा यथार्थवादको लक्षणगत विशेषताहरू रहेका भेटिन्छन् । **प्रयोगवादी धारा-** औपन्यासिक कथ्य र शिल्प तथा रूपविन्यासका क्षेत्रमा नयाँ नयाँ प्रयोग गरेर नब्बेको दशकमा केही उत्कृष्ट उपन्यासहरू प्रकाशनमा आएका देखिन्छन् । उपन्यास लेखनमा नयाँ युग चेतना, नयाँ कथ्य-योजना, नवीन लेखनगत शिल्पशैली नै विशेष रूपमा देखा पर्‍यो । यस समयावधिमा नारीवादी, मनोविश्लेषणात्मक, विसङ्गतिवादी, अस्तित्ववादी, प्रगतिवादी, नारीवादी चेतनामूलक तथा प्रयोगवादी चेतका धेरैवटा उपन्यासहरू देखा परे ।

### ४. भारतीय नेपाली उपन्यास लेखनको विकासको दोस्रो चरण र यसको विकास-

इन्द्रबहादुर राईको **आज रमिता छ** (१९६४)-को प्रकाशनबाट भारतीय नेपाली उपन्यासको पृष्ठभूमिमा नयाँ प्रयोगहरू देखापर्न थालेको बुझिन्छ । आधुनिक भारतीय नेपाली उपन्यासमा प्रयोगवादी धाराबाट दोस्रो चरणको सूत्रपात भएको देखिन्छ । **आज रमिता छ**-लाई नेपाली उपन्यास साहित्यमा प्रथम प्रयोगात्मक उपन्यास मान्न सकिन्छ । पाश्चात्य साहित्यका विसङ्गतिवादी चिन्तनधारामा लेखिएको यस उपन्यासमा मानवीय जीवनका विभिन्न अन्तर्वेग, असङ्गति र विषमतालाई अङ्कन गरिएको छ । **आज रमिता छ** उपन्यासले विसङ्गतिवादी चिन्तनलाई प्रस्तुत गरे पनि यस चरणमा यथार्थवादी र स्वच्छन्दतावादी प्रवृत्तिलाई पक्रेर लेख्ने उपन्यासकारहरू पनि प्रशस्त देखा परे । यसक्रममा नन्द हाङखिमका **लाश** (१९६४), **अर्को अनुहार** (१९७१), सुरेश राईको **भ्रान्ति** (१९६४), के. बी. नेपालीको **मेरो घर मेरो संसार** (१९६५), जस योञ्जन 'प्यासी'को **चिट्ठी** (१९६८), काजी प्रधानका **सङ्केत** (१९६८) र **आत्मा र प्रेम** (१९६८) वीरेन्द्र सुब्बाको **मूल सडकतिर** (१९६८), हरिश बम्जनको **सोकेशभित्रको जिन्दगी** (१९६८), नकूल काजीको **सागर** (१९६८), हरिप्रसाद शर्माका **म के गरौं** (१९६६), **तिम्रो जीवन** (१९६७), **नारीको जीवन** (१९६७), **जीवन र सम्मान** (१९६७), **जीवन र प्रेम** (१९६७) र **मलाई भुल्दैछौ** (१९६७), काशीराम सुवेदीको **प्रतिदान** (१९७४), गहीन उपाध्यायको **खोजीमा** (१९७८), जी. छिरिङका **युद्ध र शान्ति** (१९६८) र **वीरपूजा** (१९६९), श्रीप्रसाद शर्मा खरेलको **अभयसिंह डाकु** (१९६३), विष्णुप्रसाद शर्मा अधिकारीका **प्रकृतिकन्या** (१९७३) र **विजयमाला** (१९७४) आदि जस्ता औपन्यासिक कृतिहरूको प्रकाशनले गुणात्मक र संख्यात्मक दुवै दृष्टिकोणबाट सहयोग पुगेको देखिन्छ ।

स्वच्छन्दतावादी लेखन धारामा सरिक भए पनि नयाँ ढाँचामा उपन्यास लेख्ने उपन्यासकारहरूमा विशेषगरी रवीन्द्रकुमार मोक्तानका **दुई पात एक सुइरो** (१९६५), **कलिलो फूल गुलाबको** (१९६९) र **निर्माणको निम्ति भनेर** (१९७१) आदि लोकप्रिय उपन्यासहरू हुन् । यसैक्रममा उपन्यासकार प्रकाश 'कोविद'ले सन ६०को दशकदेखि लेख्न सुरु गरेर ९०-को दशकसम्म नै उपन्यास लेखनमा निरन्तरता दिएका छन् । कोविदले चालिसभन्दा अधिक उपन्यासहरू लेखेका छन्, जसमध्ये **सङ्गम** (१९६४), **नोयो** (१९६८), **मेरो हजूर** (१९६९), **दुई आँसु एक मुस्कान** (१९७१), **दुइ फूल एक भूल** (१९७१), **प्रेमपत्र** (१९७३), **टिस्टा-रङ्गीत** (१९७३), **देवता** (१९७३), **अर्को जन्म** (१९७३), **सीमा** (१९७६), **नास्तिक** (१९७६), **बाटाका गीतहरू** (१९७६), **भरोसा** (१९७०), **हुरी** (१९७९), **मिलन दिवा** (१९७९), **नीलो आकाश** (१९८०), **अशेष** (१९८०), **अरूणा** (१९८२), **तर कहिले** (१९८३), **प्रेमपथ** (१९८४), **अनुरोध** (१९८४), **सावन भदौ** (१९८४), **प्रतीक्षा** (१९८७), **प्रेम- समाधि** (१९९०), **विदाई** (१९९१), **हार-जीत** (१९९२), **विवश** (१९९४), **चालीस दिन** (१९९४) आदि मुख्य छन् । सुवास घिसिङले पनि स्वच्छन्दतावादी र यथार्थवादी धरातलमा अडेसो लागेर धेरैवटा उपन्यासहरू लेखेका छन् । घिसिङका **नीलो चोली** (१९६५), **परिस्थिति** (१९६६), **आलो चिहान** (१९६९), **ऊ मरी अरे** (१९६९), **लुङ्खुम क्याम्प** (१९६९), **कहाँ** (१९७०), **कालो माकुरो** (१९७१), **फूलमाया** (१९७१), **आखिरी रात** (१९७२), **विश्वास** (१९७६), **शुभकामना** (१९७९) र **कच्चा बाटो** (१९८६) शीर्षकका उपन्यासहरू प्रकाशित छन् । घिसिङका उपन्यासमा चियाकमानका आर्त्तनाद, फौजीहरूको जीवन-सङ्घर्ष, मध्यमवर्गीय नेपाली जनजीवनको यथार्थता आदि जस्ता प्रवृत्तिगत विशेषताहरू पाइन्छन् । स्वच्छन्दतावादी प्रवृत्तिलाई अङ्गालेर लेख्ने उपन्यासकार कोविद र घिसिङ मूलतः व्यावसायिक उपन्यासकार हुन् तथापि साहित्यिक दृष्टिले पनि उनका केही उपन्यासहरू उत्कृष्ट र उच्च स्तरीय किसिमका छन् ।

भारतीय नेपाली उपन्यासको सन्दर्भमा उपन्यासकार लीलबहादुर क्षत्रीको **अतृप्त** (सन १९६९) उपन्यासको प्रकाशनबाट मनोवैज्ञानिक लेखनधाराको प्रयोग र विकास भएको देखिन्छ । आधुनिक भारतीय नेपाली उपन्यासको उत्तरार्ध चरणमा स्वच्छन्दतावाद, आर्दशोन्मुख यथार्थवाद र सामाजिक यथार्थवाद हुँदै मनोवैज्ञानिक यथार्थवादी लेखनधारा देखा परेको हो । यस चरणमा फ्रायडीय सिद्धान्तद्वारा प्रभावित भएर उपन्यासकारहरूले मानवमनमा रहेका चेतना, अचेतना र अवचेतनाको विश्लेषण गरेका छन् । सामाजिक यथार्थवादी पृष्ठभूमिमा लेखिएको **ब्रह्मपुत्रको छेउछाउ** (१९८६) उपन्यासमा पूर्वाञ्चल भारतमा बसोबासो गर्ने नेपालीहरूको दुरावस्थाको चित्र अङ्कन भएको छ । संस्मरणात्मक शैली र सामाजिक विषयवस्तुमा केन्द्रित **प्रतिध्वनिहरू विस्मृतिका** (२००८) उपन्यासमा उपन्यासकारका आफ्नै पिताका जीवन भोगाइका सङ्घर्षलाई इतिवृत्त बनाएका छन् । यसैक्रममा गङ्गा कप्तानका **निर्दयी** (१९६९), **जिउँदो लास** (१९७०) र **महत्त्वहीन कुमारीत्व** (१९७३) जस्ता उपन्यासहरूमा वर्तमान जीवनको जटिलता र विसङ्गति, मान्छेले भोग्नुपरेको स्थिति, मानवीय मूल्य र मान्यतालाई प्राथमिकता दिएका पाइन्छन् ।

प्रगतिवादी धारमा उपन्यास लेख्ने हर्क योञ्जन विरहीको **दुइ मुहान एक स्रोत** (१९७२), असीत राईका **यन्त्रणा** (१९८०) र **नयाँ क्षितिजको खोज** (१९८०) आदि जस्ता उपन्यासहरू जनजीवनको यथार्थप्रति केन्द्रित रहेको छ । नयाँ समाजको रचनाको चेतनालाई उनीहरूले सक्दो प्रगतिवादतर्फ मोडेका छन् । प्रगतिवादी चेतनाका साथसाथै उपन्यासकार राईले अस्तित्ववाद र विसङ्गतिवादतर्फ उन्मुख गराएका छन् । यस किसिमका

उनका उपन्यासहरूमा **त्यो हिमाल यो जीवन** (१९६७), **समाप्तिः एउटा युग एउटा संसार** (१९६८), **दृष्टिहीन दृष्टि** (१९६९), **सिगरेट र धुवाँ** (१९६९), **जिन्दगीको सङ्घर्षः अस्तित्वको खोज** (१९७०), **विचार पात जस्तो झर्ने जीवन** (१९७१), **विशृङ्खलता** (१९७३), **विंसगति** (१९७४), **पहिरो जस्तो पहाड यो** (१९७६), **भोक र भोग** (१९७७), **ढुङ्गा एउटा जीवन** (१९७९), **चिन्हारीको खोज** (१९--) आदि चर्चित र उल्लेखनीय छन् । भारतीय नेपाली जातीय अस्मिता, राजनैतिक उत्पीडन र यसले जन्माएका विससङ्गतिको सग्लो अभिव्यक्ति उनको **चिन्हारीको खोज**मा पाइन्छ ।

भारतीय नेपाली उपन्यास लेखनमा इन्द्र सुन्दासको आफ्नै छुट्टै किसिमको स्थान र परिचय स्थापित भएको पाइन्छ । सुन्दासका **नियति** (१९८२), **जुनेली रेखा** (१९७९) र **सहरा** (१९९५) आदि उपन्यासहरू मानवीय जीवनका द्वन्द्व तथा सामाजिक दुरावस्थाका साथसाथै ब्रिटिसकालीन चियाकमानका इतिहास साक्षी घटनावस्तुसित सम्बन्धित रहेका छन् । उनले दार्जिलिङको नेपाली समाजको चित्रण, राजनैतिक-आर्थिक तथा ऐतिहासिक तथ्यलाई आधार बनाएर उपन्यासहरू लेखेका छन् । यस्तैप्रकार आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई आधार बनाई उपन्यास लेख्ने केही उल्लेखनीय उपन्यासकारहरूमा जय धमला, समीरण छेत्री ‘प्रियदर्शी’, अर्जुन निरौला, ओकिउयामा ग्वाइन आदि मुख्य  रूपमा देखा पर्छन् । आलोचनात्मक यथार्थवादी उपन्यासकार धमलाका **पागल** (१९७१), **रातो मिनी स्कर्ट** (१९७४), **अर्धेलो समाज** (१९७५), **रगतको पसिना** (१९७८), **उजाड वसन्त** (१९७७) र **कहीँ उज्यालो कहीँ अँध्यारो** (१९८०) आदि उपन्यासहरूमा आलोचनात्मक यथार्थवादका साथै स्वच्छन्दतावाद र सामाजिक यथार्थवादका मिश्रित परिपाटी पाइन्छ । यी उपन्यासहरूमा समाजमा धाक जमाएर बसेका वर्गीय विषमता, आर्थिक विडम्बना, समाजको ह्रासोन्मुख परिवेशको यथार्थ अङ्कन गरिएको पाइन्छ ।

भारतीय नेपाली उपन्यास लेखनमा ऐतिहासिक यथार्थलाई पक्रेर लेख्ने उपन्यासकार समीरण छेत्री ‘प्रियदर्शी’का **बलिवेदी** (१९७०) र **पोखिएको जिन्दगी** (१९७१) उपन्यासमा भारतीय स्वतन्त्रता सङ्ग्राममा गोर्खाली सैनिकहरूको अदम्य सहास, बलिदान र समर्पणको भावको प्रस्तुति पाइन्छ । यसका साथै मानवीय समवेदना, जीवनका संवेगात्मक तथा समाजका यथार्थ पक्षको दिग्दर्शन गराउनमा सक्षम बनेका छन् । चेतना प्रवाह शैलीलाई आत्मसात् गर्दै **शिशिरको बतास** (१९७१ ) र **घाम डुबेपछि** (१९७६) शीर्षक दुई औपन्यासिक कृतिलिएर अर्जुन निरौला  उपन्यास लेखनमा नयाँ सम्भावनाका साथ देखा पर्छन् । यी दुई उपन्यासले परम्परित औपन्यासिक स्वरूप र दृष्टिकोणलाई त्यागेर  नयाँ दृष्टिचेत र स्वरूप प्रदान गर्न सक्षम बनेका छन् । प्रयोगवादी उपन्यासकार ओकिउयामा ग्वाइनका **नागबेली** (१९७०) र **सुनाखरी** (१९७८) जस्ता प्रयोगवादी धारमा लेखिएका यी दुई उपन्यासहरू रहस्य र दार्शनिक पृष्ठभूमिमा निर्मित छन् । कथानकहीन अउपन्यास शैलीमा लेखिएको यी उपन्यासमा रहस्यमय र दार्शनिक विचारको अभिव्यक्तिका साथै अप्राकृतिक, अयथार्थ संसारमा विचरण गर्न समेत पुगेको देखिन्छ ।

भारतीय नेपाली उपन्यासको विकासक्रमलाई निरन्तरता दिन भगीरथ रावतका **आफन्त** (१९७६), **विरानो** (१९७८),**ओस** (१९७९), **म रूँदिन** (१९७०), **बास सल्किरहेछ** (१९८१) र **माटोको माया** (१९८२) आदि उपन्यासहरू प्रकाशनमा आएका छन् । उपन्यासकार रावतको औपन्यासिक लेखनमा आलोचनात्मक यथार्थवादी प्रवृत्तिको विशेषता झल्किन्छ । उनले आफ्ना उपन्यासमा नेपाली मध्यमवर्गीय जनजीवनको आर्थिक,

सामाजिक, धार्मिक  तथा राजनैतिक पक्षको अध्ययन गर्दै भारतमा नेपाली जातीय अस्मिताको प्रश्नलाई अघि सारेका छन् । उनको **बास सल्किरहेछ** र **माटोको माया** उपन्यासमा जातीय अस्तित्वसँग जोडिएको हाम्रो बासभूमिको इतिहासलाई दर्शाउन खोजिएको छ । यसैक्रममा बद्रीनारायण प्रधानका **मौली** र **भुमरी**, मोहन दुखुनका **कर्तव्यता** (१९७३), **बौरा** (१९७५), **प्रेमको आँसु** (१९--), **झरी, बतास र फागुन** (१९७९) आदि उपन्यासहरूले पनि आलोचनात्मक यथार्थता अघि सारेको देखिन्छ । यी उपन्यासहरूले सामाजिक व्यवस्थामा हुर्किएको विसङ्गति, रूढिवादी विचार, अन्धविश्वासको विरोध, नारीको स्थिति, पारिवारिक जटिलता, घट्दो मानव मूल्य र मान्यता जस्ता प्रवृत्तिगत विशेषताहरूलाई अति महत्त्वका साथ औंल्याएको पाइन्छ ।

भारतीय नेपाली उपन्यास लेखनमा सन सत्तर-अस्सीको दशकका समयावधिमा प्रकाशित केही उल्लेखयोग्य उपन्यासहरूमा के. बी. नेपालीलिखित **तस्वीर एक रातको** (१९७०) र **समपर्ण** (१९७२), सलोन कार्थकका **अशेषप्रति** (१९७०), **बिहानको तारा** (१९७०) र **जीवन बोकेका लाशहरू** (१९७९), सरिता प्रधानको **अर्चना** (१९७१), काजी प्रधानका **यहाँ यस्तै छ** (१९७२), **अधुरो सपना** (१९७०) र **उपेक्षित रूप** (१९७३), लक्ष्मण श्रीमलको **घामफूल** (१९७४), रामलाल अधिकारीको **फेरि गुँडतिरै** (१९७४), ज्ञानेश्वर गिरीका **तारा ग्रोएको बेला** (१९७५) र **गुलाब र माटो** (१९७५), मनप्रसाद सुब्बाको **त्यो मोडसम्म पुगेको मान्छे** (१९७५), बी.बी. एच. तामाङको **चुँडिएका कतिपय धागाहरू** (१९७६), चन्द्रेश्वर दुबेका **देशको माटो** (१९७८) र **जिन्दगीको बाटो** (१९७८), देवकुमार प्रधानको **अनामिका** (१९८०), गोविन्द शर्माको **लड्न जन्मेकाहरू** (१९८०), देव भण्डारीका **यही माटो भएर** (१९८०), **शब्दहीन** (१९८१) र **किनारा** (१९८२) शेरमान थापाको **पत्थर बोल्छ** (१९८१), प्रकाश राणाको **जलेका प्रीतिहरू** (१९८१), विक्रमवीर थापाका **विगतको परिवेशभित्र** (१९८४) र **टिस्टादेखि सतलजसम्म** (१९८६), ज्ञान सुतारको **करूणा भाउज्यू** (१९८६) शरद् छेत्रीको **मृगतृष्णा** (१९७६), बी. एस. राईको **ती फूलहरूका गीत** (१९८८), मणिकुमार प्रधानको **देश परदेश** (१९८९), मदन राईको **नीला** (१९८०), मदनकुमार राईको **डिस्कनाहरू** (१९८७) आदि कृतिलाई लिन सकिन्छ ।

यसै विकासक्रममा उपन्यासकार तथा अनुवादक सुवास दीपकको **अभिषेक** (बाल उपन्यास-१९८०), चुनिलाल घिमिरेको **पापी** (१९८१), राधाकृष्ण शर्माको **भन्न नसकेका कुरा** (१९८१), तुलसीराम शर्मा कश्यपको **संकल्प** (१९८८), सन्तोष गुप्ताका **निष्ठुरी** (१९९८), **प्रतीक्षा** (२००४) र **वियोग** (२००४), पारसमणि शमको **लक्ष्यतिर** (२००६), शङ्करदेव ढकालका **कालोभारी** र **किरायाको कोख**, गहर उदासीको **अर्को प्रतीक्षा** (२०११), प्रेम थुलुङको **त्यागपत्र** (१९९४), बी. एस.राईका **ज्वाला र खरानीहरू** (१९८३) र **ती फूलहरूको गीत** (१९८८), चक्रपाणि भट्टराईको **शक्तिको खोज** (१९९८), सानु लामाको **हिमालचुली मन्तिर** (१९९८), कपिलमणि शर्माको **दुःखेको चोट** (१९९९), डुकनाथ नेपालको **भीड** (२००२), एम. डी. कार्कीको **सिंहासन** (२००६),  दिलु छेत्रीको **दुई थोपा आँसु**, निर्मल **यादको गाउँको मान्छे**, ग्याल्पो लामाका **एक त्यागः एक स्वीकार** र **अन्यमति**,  भीम सन्तोषको **नयाँ सडक**, रणजीत सुब्बाको **प्रेमानल**, विप्रशको **मन्थन** आदिलाई सफल दृष्टान्तकका रूपमा लिन सकिन्छ । यी औपन्यासिक कृतिहरूले विविध विषयवस्तु, विविध सन्दर्भ र लेखनधारलाई अङ्गालेको देखिन्छ ।

### ५. भारतीय नेपाली उपन्यास लेखनको उत्तरवर्ती चरण र यसको विकास-

भारतीय नेपाली उपन्यास लेखनमा सन नव्वेको दशकयताको समयावधिमा विविध स्वर र शैलीका, विभिन्न स्वरूप-संरचनाका औपन्यासिक कृतिहरू प्रकाशनमा आएका छन् । सञ्चार माध्यम र टेक्नोलजीका सुविधाले विश्व साहित्यमा प्रयोगमा आएका नवीन शैलीशिल्प, संरचना प्रक्रिया र कथ्य विषयहरूलाई पनि उपन्यासकारहरूले आफ्ना लेखनमा प्रयोग गरेको भेटिन्छ । नारीवाद चेतना, स्वैरकल्पना, बहुसांस्कृतिकता, उत्तरऔपनिवेशिकता र परिवेश विमर्शका विविध स्वरूप र अभिलक्षणहरू वर्तमान समयमा लेखिएका भारतीय नेपाली उपन्यासहरू भेटिन्छन् । यस पछिल्लो समयावधिमा नवीन मूल्य-मान्यता, परिवेश-प्रयोग तथा शिल्पशैलीका आख्यानहरू सिर्जना भएका पाइन्छन् ।

भारतेली नेपाली उपन्यासमा अस्तित्ववादी चेतनालाई गहिरोसित नियाल्दै उपन्यासकार मत्स्येन्द्र प्रधानले दुईवटा उपन्यासहरू **नीलकण्ठ** (१९८२) र **आरोहण** (२००८) नेपाली साहित्यलाई अर्पण गरेका छन् । सामाजिक प्रताडनाबाट पीडित, असार्थक जीवन अनुभूतिभित्रको निस्सारतालाई यी दुवै उपन्यासले कथ्य भावभूमि बनाएको छ । **नीलकण्ठ** र **आरोहण** दुवैवटा अस्तित्ववादी चिन्तन बोकेको सफल औपन्यासिक कृतिहरू हुन् । सन अस्सीको दशकदेखि नै अस्वित्ववादी र विसङ्गतिवादी चिन्तनलाई आत्मसात् गर्दै आफ्नो दरिलो कलम चलाउँदै आउने विन्द्या सुब्बा एकजना सशक्त नारी हस्ताक्षर हुन् । उनका **फूलहरू, पहाडहरू, धर्साहरू** (१९८६), **अथाह** (१९९८), **निर्गमन** र **सीमान्त** गरी जम्मा चारवटा उपन्यासहरू हालसम्म प्रकाशित छन् । **फूलहरू, पहाडहरू, धर्साहरू**मा अभिशप्त जीव भोगाइबाट जन्मिएको विसङ्गतिबोध, यसबाट विकसित नैराश्यजन्य परिस्थिति र पलायनवादी मानसिकताले ग्रस्त बनेको व्यक्तिको मनोवैज्ञानिक अध्ययन गरिएको पाइन्छ। **अथाह** र **निर्गमन**मा भने मानसिक सङ्घातले पिरोलिएकी युवतीको असन्तुलित जीवनक्रमका विविध अवस्था र ग्रन्थिहरूको उद्घाटन गरिएको छ । **सीमान्त**मा पुस्तान्तर चेतनालाई नजिकबाट केलाइएको छ । व्यक्तिगत र सामाजिक जीवनका विविध घटना-दुर्घटनाहरूले व्यक्तिको मानसिकतामा पारेका विभिन्न प्रभावहरूलाई उपन्यासकारले कलात्मक रूपमा केलाउने काम गरेका छन् ।

सशक्त नारी उपन्यासकार पुष्प राईका **भोलिको प्रतीक्षामा** (१९९०), **मध्यान्तर** (२००७) शीर्षक उपन्यास उत्तरआधुनिक नारीवादी अवधारणामा रचिएको छ । नारी समस्याको चित्रण गर्दै नारी अस्तित्वको खोजी गर्ने उनको उपन्यास **भोलिको प्रतीक्षा**मा पाइन्छ । पत्रात्मक शैलीमा प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग गरी लेखिएको **मध्यान्तर** उपन्यासमा पुरूष हैकमवादी समाजका अत्याचार, पारिवारिक उत्पीडनको तीव्र आलोचना गरिएको छ । उपन्यासकार राईका उपन्यासका विशेषगरी नारी पात्रहरू वैश्विक संस्कृति र सभ्यताले विद्रोही र आन्दोलित बनेका भेटिन्छन् । ती नारी पात्रहरूले नारी अस्मिता र अस्तित्वको पक्षमा बोल्न सक्षम बनेको भेटिन्छ। नारीवादी लेखनलाई अग्रगामी दिशातिर उपन्यासकार भीम दाहालका **अभीष्टको खोज** (१९९२), **द्रोह** (२००२) र **विद्रोह** (२००५), मायादेवीको **युगसन्धि** (२००२), पुष्प सुब्बाको **कुल्चिएको अस्तित्व** (२००५) जस्ता उल्लेखनीय कृतिहरू देखापरेका छन् । उपन्यासकार दाहालका उपन्यासमा सामाजिक असमानता, जनताको असन्तुष्टि, राजनैतिक विकृति र उत्पीडन, सामन्ती शोषण तथा यसको विरूद्ध वर्गीय चेतना राम्ररी उद्घाटन भएका

छन् । पुरूषवादी शोषण प्रणाली, नारी र पुरुषबिचको असमानता, नारीजीवनको उच्छवास, नारी स्वतन्त्रता, पारिवारिक प्रताडना खोज आदिजस्ता विशेषताहरू यी उपन्यासहरूमा पाइन्छन् ।

भारतीय नेपाली उपन्यास परम्परामा मुक्ति उपाध्याय बराल एकजना सशक्त विज्ञान उपन्यासकारको रूपमा देखा पर्छन् । उपन्यासकार बरालको **हिमाली** (२००६) प्रयोगात्मक विज्ञान उपन्यास हो । भौतिक विज्ञान क्षेत्रको नव सम्भावनासँग सम्बन्धित यस उपन्यासमा विज्ञानको तकनिकी युगको स्वैरकल्पना प्रयोग गरिएको छ । बरालका हिमालीपछि प्रकाशनमा आएका सफल र गहकिला औपन्यासिक कृतिहरूमा **मालती** (२०११), **कान्छी** (२०१९), **पद्चिह्न पहिल्याउँदै** (२०२२), प्रदीप गुरूङलाई एकजना प्रयोगशील उपन्यासकारका रूपमा उनको **पोस्टर र लात** (२०१०) उपन्यासले चिनायो । सूत्रात्मक उपन्यासलेखनका प्रयोक्ता उपन्यासकार गुरूङको प्रस्तुत उपन्यासमा १३९ वटा सूत्रहरूमा संरचित यस कृतिमा धारिलो व्यङ्ग्य प्रदर्शित छ । उपन्यासमा नयाँ तकनिकीको प्रयोग गरिएको छ । उपन्यासकार गीता उपाध्यायको पछिल्लो उपन्यास **जन्मभूमि मेरो स्वदेश** नामक उपन्यासमा उपन्यासकार गीता उपाध्यायको हजुरबुबा असमका प्रख्यात स्वतन्त्रता संग्रामी र समाज सुधारक छविलाल उपाध्यायको जीवनीमा आधारित रहेको छ । उपन्यासका नायक छविलालको असम-प्रेम, देश स्वतन्त्र प्राप्तिको निम्ति उनले गरेका महत्वपूर्ण कार्यका साथै यसमा यहाँको तत्कालीन सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक-शैक्षिक जीवनको चित्रण पनि गरिएको छ । यस उपन्यासलाई एउटा सफल ऐतिहासिक विषयप्रधान औपन्यासिक कृतिको रूपमा प्रस्तुत गर्न सकिन्छ । विक्रमवीर थापाको **माटो बोल्दो हो** (२००७) शीर्षक उपन्यास आफ्ना अघिल्ला दुई उपन्यासभन्दा अलिक भिन्न ढङ्गमा लेखिएको छ । यो उपन्यास सामाजिक विषयवस्तुमा आधारित रहेको भए पनि माटोको माया अर्थात् आफ्नो जन्मभूमिको माया कति प्यारो हुन्छ भन्ने कुरा यस उपन्यासमा दर्शाइएको छ । उपन्यासभित्र काल्पनिक उपन्यासको सिर्जना गरी परम्परित ढाँचाको उपन्यास लेखनभन्दा अलिक भिन्न ढङ्गमा उपन्यास प्रस्तुत गरिएको छ । अतः यस उपन्यासमा अन्य उपन्यासको सापेक्ष्यमा अलिक बेग्लो ढङ्गको प्रयोगशील संरचना प्रदान गरिएको छ ।

उपन्यासकार लोकनाथ उपाध्यायका **आँधी** (१९९९), **रहस्या र रहस्योद्घाटन** (२०१९), प्रेम प्रधानका **उदासीन रूखहरू** (१९९९), **प्रयोगको मसिन** (२००९), **चिन्ता सल्केको पहाड** (२०--), अनिल गरूङको **मोनालिसा** (१९९६), दिनेश खातीको **जीवनपथ** (१९९७), शेरमान थापाको **पत्थर बोल्छ** (१९८१), टीकाराम उपाध्याय 'निर्भीक'को **पूर्णिमा** (१९७६), मोहनकुमार श्रेष्ठको **सानी आमाको छोरो** (१९८५), प्रकाश सुवेदीको **डोबहरू** (१९८६), गुनु घर्तीका **प्रायश्चित** (१९८९), **सिन्दुरबिनाकी अर्धाङ्गनी** (१९८९), **सपना** (१९९०) र **चोखो माया** (१९९१), हरि अधिकारीको **मुटुभित्रको तिर्सना** (१९९४), रवि शर्माको **अर्को बाटो** (१९९६), रूपनारायण पाठकको **दोसाँध** (१९९८), गीता उपाध्यायका **आमा म फष्ट भएँ** (१९९८) र **जन्मभूमि मेरो स्वदेश** (२०१३), सन्तकुमार देवानका **पहाड पर्वत** (२०००) र **कथा बल्ल सुरु हुन्छ** (२००२), नया देवीका **युगसन्धि** (२००२) र **कौशल्य** (२००६), रोहित गौतमका **अग्निस्नान** (२००२) र **सपनाको मायामृग** (२००४), रतनकुमार पाण्डेका **घुम्टोभित्र** (२००३), **चित्राङ्दा** (२००३), **गङ्गा** (२००४) र **फुटेको ऐना** (२००५), पीताम्बर गुरूङको **कुन्तलाको संसार** (२००४), जयनारायण लुइटेलको **अर्द्धविराम** (२००६), रण काफ्ले **मायाको बन्धन** (२००८), शान्ति थापाको **मोहनी डट् कम** (२००९) केशवलाल गहतराजको **अप्रत्यक्ष** (२०११), रामप्रसाद दाहालको **मृत्युको पर्खाइमा** (२००११), विक्रमवीर थापाका **विगतका परिवेशभित्र**

(१९८३), **टिस्टादेखि सतलजसम्म** (१९८६) र **माटो बोल्दो हो** (२००७), ललित परियारको **माटोको मोल** (१९९७) प्रभृति औपन्यासिक कृतिहरूलाई सफल दृष्टान्तका रूपमा लिन सकिन्छ ।

यसै क्रममा उपन्यासकार रत्नकुमार शर्माका **तिरस्कार** (२००४), **आइमाईका मन** (२००९) र **बाध्यतै बाध्यता** (२०१३), देव भण्डरीको **कथा आफ्नै** (२००४) कमला सांस्कृत्यायनको **दिव्यमणि** (२००८) इन्द्रमणि दर्नालको **अर्द्ध-विराम** (२०१३), सञ्जय विष्टको **माटोको घर** (२०२२), विजय बान्तवा कैलाशीका **उत्ताल** (२०२३) र **मित्याङ्सा**, स्नेहलता राईका **मनु** (२०१३), **छोरी** (२०१९) र **कथाव्यथा** (२०२१), नन्द हाङखिमको **विडम्बना** (२०१९), बिमल लामाको **नुनको चिया** (२०१२), पवित्रा लामाको **महुवा** (२०२२), नरेशचन्द्र खातीको **नोस्टालजिया**, इन्दुप्रभा देवीको **अनुहारभित्रको आकाश**, निलीमा आचार्यको **रजत**, एनपीएस निरौलाका **निःशब्द प्रेमाकृति** (२०२०), **नजिकैका दृष्टान्तहरू** (२०२०), प्रवीण राई जुमेलीको **सन्नेरिटा** (२०२१), नारायण शर्माको **छहारी** (२०२४), छुदेन काविमोको **फातसुङ** (२०१९), रीता ठकुरीको **काकाकूलको तिर्खा** (२०१८), आदिले भारतीय नेपाली उपन्यासको विकासक्रममा थप योगदान पुऱ्याएका छन् । पछिल्ला समयावधिमा लेखिएका अधिकाशः औपन्यासिक कृतिहरूले स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, मनोविश्लेषात्मक प्रवृत्ति, नारीवादी चेतनालाई अङ्गीकार गरी अघि बढेको देखिन्छ ।

### ६. निष्कर्षः भारतीय नेपाली उपन्यास लेखनका प्रवृत्तिगत विशेषताहरूः

भारतीय नेपाली उपन्यासको विकासक्रम हिजोदेखि आजसम्म आइपुग्नमा यसले विभिन्न मोडहरू पार गरेको छ । प्रस्तुतिकरणमा विविध स्वरूप, प्रवृत्ति र प्रविधिलाई अङ्गीकार गरेर आफ्नो यात्राक्रमलाई गतिशील पारेको छ । भारतीय नेपाली उपन्यास लेखनको सन्दर्भमा स्वच्छन्दतावादी प्रवृत्तिको प्रयोगसँगै यथार्थको धरातल टेकेर अघि बढेको देखिन्छ । आधुनिक कालखण्डमा भारतीय नेपाली उपन्यासकारहरूले पाश्चात्य दर्शनका विविध सिद्धान्त र औपन्यासिक लेखनधारालाई अँगालेर देश, काल र परिस्थितिअनुरूपको विषयलाई कथ्यवस्तुको रूपमा समेटेको देखिन्छ । भारतीय नेपाली समाजका सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक सन्दर्भ, अभाव र असन्तुष्टि, सामाजिक विडम्बनाप्रति विरोधभावलाई हिजो लेखिएका र आज लेखिँदै आएका उपन्यासले आफ्नो कथ्य भावभूमिमा समेट्न खोजेको स्पष्ट देखिन्छ ।

भारतीय नेपाली उपन्यासको आधुनिक कालमा स्वच्छन्दतावादी, यथार्थवादी, मनोविश्लेषणवादी, अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी, नारीवादी तथा उत्तरऔपनिवेशिक प्रवृत्ति र धारका प्रयोगवादी उपन्यासहरू प्रशस्त लेखिएका र प्रकाशनमा आएका देखिन्छन् । आधुनिक भारतीय नेपाली उपन्यासको पछिल्लो चरण अघिल्लो अर्थात् प्रारम्भिक चरणका तुलनामा धेरै उर्वर रहेको देखिन्छ । यस पछिल्लो चरणमा लेखिएका उपन्यासहरू प्रयोगवादी लेखनतर्फ बढी आग्राही रहेका हुनाले उपन्यासको शिल्प-संरचना, प्रविधि र रूपविन्यासमा समेत प्रशस्त परिवर्तन आएको देखिन्छ । यस समयका उपन्यासहरूमा उत्तरआधुनिक चेतनाको स्पर्शले वस्तु, प्रस्तुति र शिल्प नयाँ रूप, नयाँ सन्दर्भ, नवीन प्रवृत्ति र नवीन शिल्पप्रविधिको स्थापना हुन सकेको छ । नारीवादी चेतना, उत्तरऔपनिवेशिक सन्दर्भ, स्वैरकल्पना, सूत्रात्मक औपन्यासिक लेखनको प्रयोगका दृष्टिले भारतीय नेपाली उपन्यास लेखन उर्वर स्थितिमा देखापरेको छ । यिनै विविध शिल्पप्रविधि तथा समसामयिक

विश्वचेतनाको प्रयोग एवम् नयाँ नयाँ सम्भावनाहरूका फलस्वरूप भारतीय नेपाली उन्यास लेखनयात्रा आशाप्रद छ भन्न सकिन्छ।

### ७. अभ्यासः केही सम्भाव्य प्रश्नावली-

१२ अङ्कका लागि प्रस्तावित केही सम्भाव्य प्रश्नहरू-

१. भारतीय नेपाली उपन्यासका मुख्य मुख्य प्रवृत्तिहरू के के हुन् ? सोदाहरण स्पष्ट पार्नुहोस्।
२. पछिल्ला समयावधिमा लेखिएका भारतीय नेपाली उपन्यासमा पाइने मूलभूत प्रवृत्ति र विशेषताहरू केलाउनु होस्।
३. भारतीय नेपाली उपन्यास लेखन यात्राको यो पछिल्लो समयमा देखा परेका केही प्रयोगवादी औपन्यासिक कृतिहरूको स्वरूप-संरचनाबारे प्रकाश पार्नुहोस्।
४. भारतीय नेपाली उपन्यासको विकासक्रममा पूर्वोत्तर भारतको औपन्यासिक योगदानबारे विस्तृत रूपमा प्रकाश पार्नुहोस्।
५. भारतीय नेपाली उपन्यास लेखनयात्रामा दार्जिलिङले पुऱ्याएको योगदानबारे चर्चा गर्नुहोस्।

२६ अङ्कका लागि प्रस्तावित केही सम्भाव्य प्रश्नहरू-

१. भारतीय नेपाली उपन्यासको विकासक्रमको सन्दर्भबारे प्रकाश पार्दै दार्जिलिङबाट प्रकाशित केही प्रयोगवादी उपन्यासहरूको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस्।
२. भारतीय नेपाली उपन्यास लेखनयात्रामा पूर्वोत्तर भारतको योगदानको विस्तृत चर्चा र मूल्याङ्कन प्रस्तुत गर्नुहोस्।
३. भारतीय नेपाली उपन्यासको विकासप्रक्रियामा सिक्किमबाट प्रकाशित उपन्यासहरूको सर्वेक्षणात्मक मूल्याङ्कन प्रस्तुत गर्नुहोस्।
४. भारतीय नेपाली उपन्यास लेखनको विकासप्रक्रियाको सन्दर्भ उल्लेख गर्दै सन २००० सालपछि प्रकाशनमा आएका केही प्रयोगवादी उपन्यासहरूको विस्तृत अध्ययन र मूल्याङ्कन गर्नुहोस्।
५. भारतमा लेखिएका नेपाली उपन्यासको प्रवृत्तिगत विशेषताहरूको सन्दर्भमा केही मुख्य मुख्य प्रवृत्ति र विशेषताहरूको सापेक्षतामा केही औपन्यासिक कृतिको मूल्याङ्कन प्रस्तुत गर्नुहोस्।

### ८. प्रमुख सन्दर्भग्रन्थ विवरण-

**१. असित राई** – *भारतीय नेपाली साहित्यको विकासक्रम,* नेपाली अकादमी, दार्जिलिङः सन् १९८६
**२. इन्द्रबहादुर राई** – *नेपाली उपन्यासका आधारहरू*, नेपाली साहित्य परिषद, दार्जिलिङः सन् १९७४
**३. कृष्णचन्द्रसिंह प्रधान** – *नेपाली उपन्यास र उपन्यासकार*, साझा प्रकाशन, काठमाण्डौः वि. सं. २०३७
**४. प्रतापचन्द्र प्रधान** – *नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि*, दीपा प्रकाशन, दार्जिलिङः सन् १९८३
**५. ममता लामा** – *नेपाली समालोचना दृष्टि र आधार*, नेपाली साहित्य अध्ययन समिति, कालेबुङः सन् २०१४
**६. माधवप्रसाद पोखरेल (सम्पा.)** – *नेपाली साहित्यको बृहत् इतिहास (नेपाली बाहिरको नेपाली साहित्य)*, जगदम्बा प्रकाशन, काठमाण्डौः वि. सं. २०७७

**७. मोहन पी. दाहाल** – *आधुनिक नेपली उपन्यास*, ग्रन्थकार सहकारी समिति, दार्जिलिङः सन् १९९३

**८. मोहन पी दाहाल** – *दार्जिलिङका नेपाली उपन्यासः परम्परा र प्रवृत्ति*, श्याम ब्रदर्श प्रकाशन, दार्जिलिङः सन् २००१

**९. राजकुमार छेत्री** – *दृष्टिपथ*, मनमाया प्रकाशन, दार्जिलिङः सन् २०१८

**१०. राजेन्द्र सुवेदी** – *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, साझा प्रकाशन, काठमाण्डौः वि. सं. २०६४


-----------------------------------x-------------------------------------

## एकाइ- ४

## रूपनारायण सिंह र उनको भ्रमर उपन्यास

एकाइको संरचना-

९. प्रस्तवना

१०.उद्धेश्य

११.उपन्यासकार रूपनारायण सिंहको सामान्य परिचय-

१२.भ्रमरको औपन्यासिक कथ्ययोजना तथा स्वरूप-संरचना-

१३.भ्रमर उपन्यासका केही मुख्य पात्र-चरित्रहरू-

१४.भ्रमर उपन्यासमा प्रयुक्त भाषिक-शिल्पशैली-

१५.निष्कर्षः

१६.अभ्यासः सम्भावित प्रश्नावली

१७.प्रमुख सन्दर्भसामग्री

### १. प्रस्तावनाः

रूपनारायण सिंह नेपाली साहित्य र समाजका एकजना शिखर व्यक्तित्वको रूपमा सदा परिचित छन् । आख्यानकार सिंहका हालसम्म भ्रमर (१९३६) उपन्यास र नौवटा सामाजिक कथाकारहरूको सङ्ग्रह कथानवरत्न (१९५०) सिङ्गो कृतिको रूपमा प्रकाशित छन् । उनी मुख्य रूपमा नेपाली आख्यान साहित्य क्षेत्रमा स्वच्छन्दतावादी प्रवृत्तिका पहिलो प्रयोक्ता तथा सबैभन्दा चर्चित स्वच्छन्दतावादी उपन्यासकार हुन् । कथालेखन क्षेत्रमा पनि प्रथमतः स्वच्छन्दतावाद भित्र्याउने साथै राजनैतिक चेतनाको प्रवेश गराउने पहिलो मौलिक भारतीय नेपाली कथाकार हुन् । प्रस्तुत अध्ययनमा उपन्यासकार रूपनारायण सिंहको सामान्य साहित्यिक परिचय गराउँदै उनको औपन्यासिक प्रवृत्ति, उपन्यासकारिता तथा औपन्यासिक योगदानबारे विस्तृत अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । उनको भ्रमर उपन्यासको कथावस्तु प्रयोग, पात्र-प्रयोग तथा चरित्र-योजना, परिवेश, उद्धेश्य र दृष्टिबिन्दु-प्रयोग, भाषाशैलीय अर्थात् रूपविन्यास प्रयोगको दृष्टिबाट प्राज्ञिक विश्लेषण गरी मूल्याङ्कन गरिएको छ ।

### २.उद्धेश्यः

विद्यार्थीहरूले यो उपन्यास अर्थात् पाठ पढिसक्दा भारतीय नेपाली उपन्यासको विकासक्रममा उपन्यासकार रूपनारायण सिंहले पुऱ्याएका योगदानका बारेमा धेरथोर बुझ्न सक्ने छन् । यसका साथै उपन्यासकार सिंहको सामान्य साहित्यिक परिचय, व्यक्तित्व परिचय, औपन्यासिक प्रवृत्तिको परिचय, भ्रमर उपन्यासको स्थान र महत्व तथा भ्रमर उपन्यासमा प्रयुक्त स्वच्छन्दतावादी प्रवृत्तिगत विशेषताहरूबारे धैरै कुराको जानकारी पाउनेछन् । उपन्यासकार सिंहको भ्रमर उपन्यासको कथ्यवस्तु प्रयोग, उपन्यासका सहभागी अर्थात् पात्र-प्रयोग तथा चरित्र-योजना, औपन्यासिक परिवेश-योजना, उद्धेश्य र दृष्टिबिन्दु-विधान तथा रूपविन्यासबारे बुझ्न सक्नेछन् । विभिन्न कोण-प्रतिकोणबाट गहकिलो अध्ययन-अनुशीलन गरिएको भ्रमर उपन्यासको मूल कथ्यविषय, भाव, विचार र उद्धेश्यबारे ज्ञान प्राप्त गर्नेछन् र अन्त्यमा अभ्यासका लागि प्रस्तावित विविध प्रश्नहरूका उत्तर दिन सक्षम हुनेछन् ।

३.उपन्यासकार रूपनारायण सिंहको सामान्य परिचय-

रूपनारायण सिन्हा नेपाली गद्यसाहित्यका एक सशक्त हस्ताक्षर हुन्। उनी विशेष गरी कथा र उपन्यास लेखनमा  कहिल्यै ओझेल हुन नसक्ने विशिष्ट लेखक हुन्। आधुनिक नेपाली साहित्यको पहिलो पुस्ताकै चर्चित उपन्यासकार रूपनारायण सिंहको जन्म १० फरवरी १९०४ सालमा खरसाङ महकुमास्थित सिपाहीधुरामा पिता बीरबहादुर सिंह र माता हेमावती देवीको परिवारमा भएको थियो। परिवारमा पाँच छोरीहरू र तीन छोराहरूमध्ये रूपनारायण सिंह जेठा थिए। उनले सिपाहीधुरास्थित स्कट् मिशन स्कूलबाट बुनियादी शिक्षा हासिल गरी सन १९११-मा सन्त अल्फन्सस् स्कुल, खरसाङमा पढ्दा-पढ्दै सन १९१८-मा छात्रवृत्ति प्राप्त गरी दार्जिलिङ सरकारी उच्च विद्यालयमा भर्ना भएका थिए। यसै विद्यालयबाट सन १९२४-मा अङ्ग्रेजी विषयमा विशिष्ट अङ्क (डिस्टिङ्गसन)-सहित म्याट्रिक उत्तीर्ण गरे। त्यसपछि उच्चशिक्षाको लागि कलकत्ताको स्कटिश चर्च कलेजमा भर्नालिई त्यहाँबाट सन २०२६-मा आइ.ए.र सेन्ट जेभियर्स कलेजबाट २०२८-मा बी. ए. परीक्षा उत्तीर्ण गरे। उनले १९२९ देखि १९३२ सम्म कलकत्ता विश्वविद्यालयमा बी. एल अध्ययन गरेपछि भने सन १९३३ देखि भानुमोहन च्याटर्जीको अधीनमा दार्जिलिङ कचहरीमा वकालती अभ्यास गर्न थालेको जानकारी पाइन्छ। दार्जिलिङ कचहरीको वकलतीकालमै उनले फौजदारी मामलाका वकिलका रूपमा निकै ठूलो नाम र प्रसिद्धि कमाएका थिए।

रूपनारायण सिंह एकताक दार्जिलिङ नगरपालिकाका निम्ति कमिश्नर (१९४८) र भाइस चेयरम्यान (१९५२) जस्तो पदमा रही दक्ष प्रशासकको रूपमा समेत परिचित थिए। यसका अतिरिक्त नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, गोर्खा दुःख निवारक सम्मेलन, दार्जिलिङ, दार्जिलिङ वेलफेयर एशोसियसन, जिमखाना क्लब, प्लान्टर्स क्लब, भीम छात्र-वृत्तिकोष, दार्जिलिङका कर्मठ सदस्य रही साहित्यिक, सामाजिक, शैक्षिक तथा वैचारिक क्षेत्रमा प्रशस्त सेवा पुऱ्याएका थिए। दार्जिलिङ पहाडी अञ्चलको राजनीतिमा समेत रूपनारायण सिंहले निकै महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। दार्जिलिङ पहाडी अञ्चलमा बस्ने नेपाली, भोटे र लाप्चेलाई सुसङ्गठित पारी उनीहरूको राजनैतिक अधिकार संरक्षण गर्न उनले हिलमेन्स एशोसिएसन नामक राजनैतिक संस्थामा बसेर सन १९४६ सालमा बङ्गाल धारासभाको सदस्यको लागि चुनावसमेत लडेका थिए। दार्जिलिङ अञ्चललाई बङ्गालबाट छुट्टाएर अलग्गै प्रशासनिक क्षेत्र बनाउने उनको ध्याउन्न थियो । यसका लागि उत्तराखण्ड प्रदेश निर्माण समितिका अध्यक्ष समेत चयन भएका थिए। २७ जनवरी सन १९५५ का दिन दार्जिलिङ शहरस्थित स्टेफन म्यान्सन (हालको अजित म्यान्सन)-मा एकाउन्न वर्षको जवान उमेरमै उनको देहावसन भएको थियो।

रूपनारायण सिंह विद्यालयका विद्यार्थी रहँदादेखिनै साहित्यप्रति गहन अभिरूचि  राख्ने गर्थे। उनी कलिलै उमेरदेखि हिन्दी, बङ्गला, अङ्ग्रेजी भाषामा लेखिएका आख्यान कृतिहरू पढ्ने गर्थे। उनले कलकत्तामा विद्यार्थी अवस्थामा रहँदै आफ्ना रचनाहरू विविध साहित्यिक पत्र-पत्रिकामा प्रकाशन गराउन थालिसकेका थिए। थोरै लेखेर धेरै प्रसिद्धि कमाउने प्रतिभाशाली लेखकहरूमध्ये रूपनारायण सिंह पनि एक हुन्। उनले जे जति लेखे प्रायः सबै उत्कृष्ट र उच्चकोटिको लेखे।  उनका दुई कथा परिवर्तन (गोर्खा संसार, ४ गते फागुन, देहरादुन, सन १९२७) र अन्नपूर्णा (गोर्खा संसार,१८ गते फागुन, देहरादुन, सन १९२७)-का अतिरिक्त 'उपन्यास र गल्प'

(आदर्श, १९३०), 'उपन्यास र गल्पको साहित्य निर्माणमा उपयोगिता' (नेपाली साहित्य सम्मेलन पत्रिका, सन १९३३), 'जातीय जीवनमा साहित्यको स्थान' (नेपाली साहित्य सम्मेलन पत्रिका, सन १९३४), 'हामीहरू औ हाम्रो भाषा' (नेपाली साहित्य सम्मेलन पत्रिका, १९३७) आदि निबन्धात्मक लेखहरू समेत प्रकाशन गराएका थिए। उनको स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको भ्रमर उपन्यास सन १९३६-मा र नौवटा कथाहरूको सङ्कलन कथानवरत्न सन १९५०-मा प्रकाशनमा आयो । उनको बिजुली उपन्यास भने भारती-(वर्ष-१, वर्ष-२, जुलाई १९४९ देखि वर्ष-१, अङ्क-५, अक्टोबर, सन १९४९ सम्म) पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भए पनि अपूर्ण रहेको पाइन्छ।

रूपनारायण सिंहले गोर्खा दुःख निवारक सम्मेलन, दार्जिलिङको मुखपत्र खोजी पत्रिकाको पनि सन १९४०-४१ मा सम्पादनको कार्यभार कुशलतापूर्वक निर्वाह गरेका थिए। उनले केही कालसम्म (वर्ष-१, अङ्-१, जुन,सन १९४९ देखि वर्ष-६, अङ्क-५ , नवम्बर, सन १९५४ सम्म) भारती पत्रिकाका प्रधान-सम्पादकका रूपमा समेत रहेर काम गरेका थिए। त्यसताक उनले खोजी र भारती पत्रिकाका लागि लेखेका सम्पादकीय स्तम्भहरू छोटा छरिता किसिमका भए पनि उच्च साहित्यिक सौन्दर्य तथा बौद्धिकताले भरिपूर्ण, भाषिक शिल्प र शैलीका दृष्टिले पनि कसिला र बलिया किसिमका आलेखहरू जस्ता हुन्थे। उनी अत्यन्त अध्ययनशील हुनाले अङ्ग्रेजी, बङ्गला, हिन्दी भाषा-साहित्यका उच्च ज्ञाता र विशिष्ट वक्ता थिए। पाश्चात्य सभ्यता र संस्कारसित नजिकिएकाले उनको लवाइ-खवाइ, जीवन बाँच्ने शैली अङ्ग्रेजको जस्तो भए पनि नेपाली जाति, भाषा-साहित्य र संस्कार-संस्कृतिप्रति उनको भावना सदा उच्च र समर्पित थियो। आफ्नो भाषा-साहित्यको प्रेमले डोहोरिएर उनले कालजयी आख्यानकृतिहरू लेखे। उनको एकमात्र उपन्यास भ्रमर मूलतः स्वच्छन्दतावादी प्रवृत्तिलाई अङ्गालेर अघि बढेको देखिन्छ भने अन्नापूर्ण शीर्षक कथा लेखेर नेपाली कथा साहित्यमा आधुनिकता र स्वच्छन्दतावादी प्रवृत्तिको श्रीगणेश गरेका हुन्। नौवटा मौलिक कथाहरूको सङ्ग्रह कथानवरत्न-ले समस्यामूलक यथार्थवादी प्रवृत्तिलाई अवलम्बन गर्न सफल बनेको छ। उनको आख्यानकारिताको सबैभन्दा सबल पक्ष भनेको उनको परिष्कृत, परिमार्जित, मनमोहक, उदात्त र चिटिक्क परेको भाषा-शैली नै हो। खासगरी संस्कृत र बङ्गला भाषाको प्रभावमा क्रियापदविहीन वाक्य बनाई घुमाउने मिठो शैलीको विकास गरेका छन्।

### ४. भ्रमरको औपन्यासिक कथ्ययोजना तथा स्वरूप-संरचना

भ्रमर स्वच्छन्दतावादी शैलीमा लेखिएको सामाजिक विषयप्रधान उपन्यास हो। नेपाली साहित्य सम्मेलन, दार्जिलिङको सौजन्यतामा सन १९३६ सालमा यसको प्रथम संस्करण प्रकाशनमा आएको हो। कलकत्ता विश्वविद्यालयमा बी. एल.पढ्दै गरेको समय सन १९३२-३३ सालतिर यो उपन्यास लेखिन थालिएको बुझिन्छ, तथापि दार्जिलिङ घर फर्किएपछि आफ्ना गुरु सूर्यविक्रम ज्ञवालीको प्रेरणा-प्रोत्साहन र आग्रहले अपूर्ण रहेको भ्रमर उपन्यासले पूर्णता पाएको कुरो उपन्यासको प्राक्कथनमा उल्लेख भएको पाइन्छ । यस कृतिमा उपन्यासकारले दार्जिलिङ, कलकत्ता, असम, बर्मा, बनारस आदि स्थानहरूमा बसोबासो गर्ने नेपालीहरूको सामाजिक, शैक्षिक, आर्थिक र सांस्कृतिक चेतनाको परिचय दिएका छन्। यसका साथै दुईवटा विश्वयुद्ध कालमा उनीहरूमा देखिएको जातीय जनजागरणको स्वर पनि अभिव्यञ्जित रहेको पाइन्छ । नेपाली भाषामा लेखिएका यसभन्दा अघिका

उपन्यासहरूभन्दा यस उपन्यासको कथ्यभावभूमि तथा रूपविन्यासमा नवीनता झल्काउने उल्लेखनीय विशेषताहरू भेटिन्छ । नेपाली उपन्यास साहित्यमा स्वच्छन्दतावादको सर्वप्रथम प्रयोग यसै उपन्यासमा भएको छ।

भ्रमर उपन्यासलाई समग्र नेपाली साहित्यकै परिप्रेक्ष्यमा हेर्दा पनि एउटा क्लासिक उपन्यासको रूपमा ठहर गर्न सकिन्छ । आजको दिनमा पनि यतिको उत्कृष्ट, परिष्कृत, परिमार्जित, सबै गुण र पक्षहरूबाट सम्पन्न उपन्यास पाउन गाह्रो छ। सामाजिक आदर्शको वैयक्तिकीकरण, पात्रको वैयक्तिक स्वच्छन्दतामा रमाएको प्रस्तुत उपन्यासमा कल्पनाको प्रमुखता, काव्यमयता, शैलीशिल्पगत नवीनता र परम्पराप्रतिको विद्रोह जस्ता विशिष्ट प्रवृत्तिहरू पाइन्छन्। भ्रमरमा प्रकृतिको सौन्दर्यको प्रतिम वर्णन, प्रेमको दिव्यता र प्रधानता, विद्रोह चेतना जस्ता स्वच्छन्दतावादका विशेषताहरू रहेको हुनाले यसलाई विशिष्ट प्रकारको उपन्यास मानिन्छ। मझौलो आयाममा फैलिएको यस उपन्यासमा वैयक्तिक एवं सामाजिक जीवनको बृहत् पक्षको उट्घाटन गर्नपुगेको छ ।

भ्रमर उपन्यास जम्मा पाँच खण्ड र बीस परिच्छेदमा फैलिएको छ। पहिलो खण्डमा सात, दोस्रो खण्डमा चार, तेस्रो खण्डमा पाँच, चौथो खण्डमा तीन र परिशिष्टमा एक गरी जम्मा बीस उपखण्ड वा परिच्छेदमा समेटिएको घटनाप्रधान उपन्यास हो । यसमा प्रत्येक उप-खण्डलाई शीर्षक दिएर कथावस्तुको सारसङ्केत दिने प्रयत्न गरिएको छ। कथानकको आरम्भ रणवीरसिंहको मृत्युको वियोगावस्थाबाट गरिएको छ भने अन्त्य चाहिँ संयोगावस्थामा पुऱ्याएर  टुङ्ग्याइएको छ। यस उपन्यासको कथानक रैखिक ढाँचाको छ। उपन्यासको मूलकथ्यवस्तु युवासुलभ प्रेम-प्रसङ्ग, तत्कालीन दार्जिलिङे समाजमा आएको शिक्षाप्रतिको जागरण र नयाँ समाज निर्माणप्रति युवाहरूको आग्रह, सम्भ्रान्त परिवारको छोराको भोगवादी स्वच्छन्द विचार, विगतका भूलहरूको प्रायश्चित, नारी समाजमा शैक्षिक जागरण, जातीय जागरण इत्यादि पक्ष रहेका छन्। यस उपन्यासमा त्ययताकका तत्कालीन दार्जिलिङे समाजका उच्च वर्गको साङ्गोपाङ्गो वर्णन गरिएको छ ।

उपन्यासका पाँचवटा अध्यायमध्ये पहिल्लो अघिल्ला तीन अध्यायलाई र पछिल्लो दुई अध्यायलाई संवृत्ति र विवृत्ति भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ। उपन्यासमा वर्णित हरेक घटनालाई छोटोछरितो चट्ट मिल्दो शीर्षक दिइएको छ । उपन्यासका पाँच खण्डमध्ये प्रथम खण्डमा सात उपखण्ड वा परिच्छेद छन् जसमा अशुभ समाचार, कति वर्षपछि, मायाको मोहभङ्ग, शेखर विमुग्ध हुन्छ, वीणाको विस्मरा, दुर्घटना, सूर्योदय र शेखरका आँखा उग्रन्छन् गरी जम्मा आठवटा शीर्षकहरू रहेका छन् । दोस्रो खण्डमा बनारसका घाटमा माया, मोहन र माया, अनुतप्त हृदय, ललितसिंहको क्रोध गरी चारवटा शीर्षक र चारैवटा अध्याय रहेका छन् । उपन्यासको तेस्रो खण्डमा पाँच अध्याय राखिएका छन्, जसमा जहाजमा, प्रेम यात्रा, शेखर र गौरी, विसर्जन, विजया गरी पाँच शीर्षकमा कलकत्तादेखि बर्माको प्रोमसम्मको यात्रा र यो यात्रा पुनः कलकत्तासम्म आएर टुङ्गिएको विविध घटना प्रसङ्गको वर्णन गरिएको छ। उपन्यासको चौथो खण्डमा तीन अध्याय छन् जसलाई कालीघाटको मन्दिरमा, मोहनको अनुरोध, अस्पतालमा गरी तीन शीर्षक दिइएको छ। प्रस्तुत उपन्यासको पाँचौं खण्डमा एउटै मात्र अध्याय राखिएको छ र यो खण्ड उपन्यासको परिशिष्ट खण्ड पनि हो। अतः प्रस्तुत उपन्यासको संवृत्ति भागमा रणवीरसिंहको मृत्युको खबरदेखि इन्द्रशेखरको चरित्रको उद्घाटन, मायासित शेखरको माया र त्यसपछि विछोड, शेखरमा पश्चतापको भावना आउनु, शेखरको जीवनमा वीणाको प्रभाव पर्नु, शेखरको बर्मा पलायन, त्यहाँ प्रसिद्ध

समाजसेवी-व्यवसायी मोटा राई र गौरीसित भेट हुनु र आत्मीयता बढ्नु, बर्मामा उसले समाजसेवा र शिक्षा प्रदान गर्नु, बर्माबाट फर्केर कलकत्तामा आई समाजसेवा गर्नु तथा त्यहाँ एउटी अबला नारी विजयाको उद्धार कार्य जस्ता महत्त्वपूर्ण घटना-प्रसङ्गहरू पर्छन्। त्यसपछि शेखरलाई मायाले क्षमादान गर्नु, शेखरप्रति ललितसिंहको रिस समाप्त हुनु, मोहन र मायाको प्रेमोद्घाटन हुनु अनि शेखर र वीणाबीच विवाह बन्धनमा बाँधिनु आदि जस्ता घटनावली यस उपन्यासको विवृत्ति भागमा पर्छन् ।

भ्रमर उपन्यासको कथावस्तु भारतीय नेपाली समाज विशेषगरी दार्जिलिङदेखि खरसाङ, कलकत्ता, बनारस, रङ्गुन, बर्मा, प्रोम, इरावदी नदी किनार र हावडाका नेपाली वस्तीहरूसँग विशेष सम्बन्धित रहेको देखिन्छ । यस उपन्यासमा कथ्यवस्तुका रूपमा ललितसिंहको परिवार, परशुराम बस्नेतको परिवार र रघुवीर राई अर्थात् मोटा राईको परिवारका विभिन्न घटना वरिपरि यो घुमेको छ। यसका अतिरिक्त आंशिक रूपमा रणवीरसिंह मोहन विक्रम, रमानन्द गिरी र अम्बाभाइ देशाईको परिवारमा घटेका केही घटना-प्रसङ्गले पनि उपन्यासमा सहायक कथ्यको भूमिका निर्वाह गरेको देखिन्छ। यस उपन्यासमा व्यक्तिगत र पारिवारिक सम्बन्ध, जातीय सम्बन्ध, व्यापार-व्यवसाय तथा शिक्षा र समाजसेवाका क्षेत्रमा भएका घटना-प्रसङ्गहरूलाई नै विशेष महत्त्व दिइएको छ । रणवीर सिंहको निधन भएको दुखद समाचारबाट सुरु भएको औपन्यासिक कथावस्तुको अन्त्य भने शेखर र वीणाका बीच तथा मोहन र माया बीचको मीलनमा पुगेर संयोगात्मक रूपमा भएको देखाइएको छ । यसका साथै अम्बाभाई देसाईको विशेष आर्थिक सहयोगमा एउटा निशुल्क विद्यालय सञ्चालन गर्ने भन्ने जस्ता महत्त्वपूर्ण घटनालाई पनि प्रकाश पारिएको छ । उपन्यासका प्रमुख पुरुष पात्र शेखर जहाँजहाँ वा जुनजुन ठाउँ पुग्छ, त्यहाँ संयोगले वा भवितव्यले कुनै नयाँ नयाँ घटना घटेको देखाइएको छ। इन्द्रशेखर बर्माबाट आएपछि भने कथानक केही नाटकीय पनि बनेको छ। शेखरले कलकत्तामा विजयालाई उद्धार गर्दा गुण्डाहरूसित उसको मुठभेट हुनु, एकार्कामा छुरा हानाहान हुनु, कालान्तरमा शेखर घाइते भई अस्पतालमा भर्ती हुनु, दैनिक समाचार पत्रहरूमा त्यस घटनाबारे रोमाञ्चक ढङ्गमा वर्णन गरिएको हुनु, त्यो खबर कागज वा त्यो घटना छापिएको दैनिक पत्रिका ललितसिंह र मैनादेवीले पाउनु आदि जस्ता घटनामा भने नाटकीयता आएको भान पर्छ ।

भ्रमर उपन्यासको कथावस्तु सामान्यतया रैखिक ढाँचामा सलल अघि बढेको देखिन्छ । उपन्यासमा कथावस्तुको विकासक्रम पहिलो खण्डको पहिलो अध्यायदेखि छैटौं अध्यायसम्म पात्र र परिवेशको परिचय गराइएको छ र यो कथावस्तुको आदि अवस्था हो । प्रथम खण्डको सातौं अध्यायदेखि चौथो खण्डको दोस्रो अध्यायसम्मको घटनावली प्रस्तुत उपन्यासको विकास अवस्था हो । यसमा घटित घटनाले नाना प्रकारका आरोह-अवरोह पार गरी विकासको चरम अवस्थामा पुगेको देखिन्छ । चौथो खण्डको तेस्रो अध्यायदेखि पाँचौं अध्यायसम्मको भाग उपन्यासको अन्त्य भाग हो भने पाँचौं खण्ड उपसंहारको रूपमा लिन सकिन्छ । यसबाट के कुरो स्पष्ट हुन्छ भने प्रस्तुत उपन्यास स्वच्छन्दतावादी भाव शैलीमा लेखिएको भए पनि यसलाई घटनाप्रधान सामाजिक यथार्थवादी प्रकृतिको सफल औपन्यासिक कृति मान्न सकिन्छ ।

### ५.भ्रमर उपन्यासका केही मुख्य पात्र-चरित्रहरूको अध्ययनः

सामाजिक घटनाप्रधान यस भ्रमर उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक, गौण आदि सबै पात्रको उपस्थिति रहेको छ । यस्तै प्रकार लिङ्गका आधारमा पुरुष र स्त्री पात्र, प्रवृत्तिका आधारमा सत् र असत्

पात्र, आसन्नताका आधारमा बद्ध र मुक्त, मञ्चीय र नेपथ्य पात्रको समानुपातिक उपस्थिति रहेको देखिन्छ । यसमा सबै प्रकार र प्रकृतिको पात्र-चरित्रको प्रत्यक्ष र परोक्ष उपस्थिति रहेकाले यो बहुपात्रीय उपन्यास हो भन्न सकिन्छ । यसमा इन्द्रशेखर र वीणा प्रमुख पात्र-चरित्र हुन् भने मोहनविक्रम, माया, विजया, परशुराम बस्नेत र मोटा राई प्रमुख सहायक पात्रहरू हुन् । यसका अतिरिक्त रणवीरसिंह, ललिलसिंह, गौरी, लट्टेजेठा, मैनादेवी, अम्बाभाई देसाई, श्यामा, तुलसी बाजे, डा. बसु, प्रभा, दीप्रि, वीणाकी फुपू, गौरीकी आमा, शिख र मुसलमान गुण्डाहरू आदिलाई सहायक र गौण पात्रका रूपमा लिन सकिन्छ । तर कुवीरमान र उसको दाइ, कुल्ली र गोठालाहरूलाई भने नेपथ्य पात्रका रूपमा राख्न सकिन्छ तथापि अधिकांश पात्रहरू मञ्चीय छन् । प्रवृत्तिका आधारमा अध्ययन-विश्लेषण गर्ने हो भने इन्द्रशेखर बाहेक अन्य कुनै पात्र सक्रिय प्रतिकूल पात्रको रूपमा उपस्थित छैन । केही पात्रहरू वर्गीय चरित्रका पनि छन् जसमा मैनादेवी, विजया, लट्टेजेठा, श्यामा, परशुराम बस्नेत आदिलाई वर्गीय पात्र-चरित्रका रूपमा उभ्याउन सकिन्छ। भ्रमर उपन्यासका वीणा, शेखर, मोहन, माया, मैना, रघुवीर, ललितसिंह, गौरी, विजया, परशुराम बस्नेत आदि पात्रलाई आबद्ध पात्रका रूपमा अध्ययन गर्न सकिन्छ भने अन्यलाई मुक्त पात्रमा लिन सकिन्छ । वीणा केन्द्रीय चरित्र हो अनि इन्द्रशेखर यसैको सेरोफेरोमा घुमेको छ ।

भ्रमर बहुपात्रीय उपन्यास भएको हुनाले यसमा प्रशस्तै पुरुष र स्त्री, प्रमुख र गौण, बद्ध र मुक्त, मञ्चीय र नेपथ्य, आञ्चलिक र सार्वभौम, अनुकूल र प्रतिकूल, व्यक्तिपरक र वर्गीय पात्रहरूको कार्यकारी र रमाइलो उपस्थिति रहेको देखिन्छ । यसमा वीणा, माया, मैनादेवी, विजया, श्यामा, गौरी, मलिनादेवी देशाई पत्नी, दीप्ति, प्रभा (वीणाकी साथी), वीणाकी फुपू र दिदीहरू, गौरीकी आमा आदि नारी पात्रहरू छन् भने शेखर, मोहन, रणवीर, वकिल, व्यापारी, मोटा राई वा रघुवीर राई, परशुराम बस्नेत, लट्टेजेठा, अम्बाभाई देसाई, तुलसी बाजे, शिख र मुसलमान गुण्डाहरू, पुलिस, स्वामी, ड्राइभर, वेटर, गोठाला, चीनिया भान्से, माझी बाबुछोरा, डा. बसु आदि पुरूष पात्रहरू हुन् । पात्र-प्रयोग तथा चरित्र-चित्रणका परिप्रेक्ष्यबाट हेर्दा यस उपन्यासमा प्रयुक्त पात्रहरू सफल र सबल किसिमका छन् । समय, स्थान र कार्यका आधारमा सबै पात्रहरूको प्रत्यक्ष-परोक्ष उपस्थिति युक्तिसङ्गत नै रहेको देखिन्छ । गौण र नेपथ्य पात्रहरूले कथानकको विकासमा कहीँ कतै पनि बाधा पुऱ्याएको भेटिँदैन बरू घटनावलीको विकासमा सन्दर्भअनुरूप साथ र सहयोग पुऱ्याएको देखिन्छ । अझ सहज तरिकाबाट भन्नु हो भने भ्रमर उपन्यासमा शेखर र वीणा नायक-नायिका, मोहन र माया-सहनायक-सहनायिकाका रूपमा क्रियाशील रहेका देखिन्छन् भने ललितसिंह, मैनादेवी, परशुराम बस्नेत, तुलसीबाजे, रघुवीर (मोटा) राई, गौरी, विजया, अम्बाभाई देसाई आदि सहायक पात्रका रूपमा रहेका छन् । यसका अतिरिक्त रणवीरसिंह, स्वामी सदानन्द, लट्टे जेठा, श्यामा, राई मुखेनी र वीणाकी फुपू र साथी प्रभा आदि गौण पात्रका रूपमा अनि ड्राइभर, नोकर, पुलिस, गोठालाहरू लामिछाने, गोविन्दे, बालक गोपाल, कर्णवीर सुब्बा, रमानन्द गिरी, डा. बसु आदि नेपथ्य वा सूच्य पात्रका रूपमा रहेका देखिन्छन् ।

इन्द्रशेखर- शेखर भ्रमर उपन्यासको प्रमुख कार्यकारी पुरुष पात्र हो । ललितसिंह र मैनादेवीको सम्पन्न व्यपारी परिवारमा जन्मे, हुर्की बढेका एकजना सचेत शिक्षित युवा हो । आफ्नो शारीरिक सुन्दरता र धनको आडमा दर्जनौं युवतीहरूलाई आफ्नो बासनाको शिकार बनाएको देखिन्छ । उसले मायाजस्ती स्वाभिमानी युवतीलाई समेत झुटो मायाको जालमा पारेर शिकार बनाउन खोजेको छ । नायक शेखरको चरित्रमा मानवीय दुर्बलताहरू प्रशस्त

पाइन्छन् तथापि उनमा गुण र अवगुणगत विशेषताहरूको मिश्रित रूप भेटिन्छ। परशुराम बस्नेत र मायासँग आफ्नो दोषका लागि क्षमा यचना गर्दा उ सहानुभूतिको पात्र बनेको छ भने मायाको प्रेम एवम आस्थामा विश्वासघात गर्दा उ घृणाको पात्र समेत बन्न पुगेको छ । शेखरले समाजका पारम्परिक रीतिथिति, धर्म वा विधिविधान नमान्ने युवावर्गको प्रतिनिधित्व गरेको छ।

मोहनविक्रम- भ्रमरमा मोहनलाई मानवीय दुर्बलतारहित एकजना सच्चा पुरुषको रूपमा उभ्याउन खोजिएको छ। सानै उमेरमा आमा-बाबु गुमाएको मोहनविक्रम शेखरको बाल्यकालीन अभिन्न मित्र हो। बनारस विश्वविद्यालयको स्नातक धर्म-कर्ममा गहिरो विश्वास राख्ने मोहन यस उपन्यासको एकदमै आदर्श र उल्लेख्य सहायक पात्र हो। भ्रमर प्रवृत्ति भएको शेखरको चरित्रमा सुधार गर्नमा मोहनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । मोहनलाई गतिशील पात्र नबाएर आदर्शको प्रतीकको रूपमा चित्रण गरिएको हुँदा कतिपय सन्दर्भमा प्रभावहीन र आकर्षणहीन चरित्रको रूपमा समेत भेटिन्छ। उ शिक्षा संस्कृति, सत्चरित्र र सद्गुणले सुशोभित छ। उ विलासिता र वासनादेखि सदा टाडा रहन चाहन्छ। आफ्नो जाति-समाज, भाषा-साहित्य र संस्कृतिप्रति मोहनमा गर्व छ। मायालाई विनाशर्त स्वीकार्ने मोहन आदर्श र प्रणयी स्वभावको पात्र हो। उनले विसङ्गति र विकृतिको विरूद्धमा बोलेका छन्। मोहनको चरित्रमा समाजसेवी, परोपकारी, निर्भीक, निश्चल, उदार, मिष्ठभाषी जस्ता मूलभूत विशेषताहरू पाउन सकिन्छ।

वीणा- वीणा यस उपन्यासकी प्रमुख नारी पात्र र केन्द्रीय चरित्र पनि हो । उसैको सेरोफेरोमा उपन्यासको सम्पूर्ण कथावस्तु र नायक शेखरको क्रियाकलाप रिङ्गिएको देखिन्छ। वीणाले तीन वर्षको कलिलो उमेरमै आमाको वियोग सहनु परेको भए पनि उनका कहीँ कतै दुर्बलता देखिँदैन। उपन्यासमा वीणा साँच्चै रूप-सौन्दर्य र ज्ञानगुणकी प्रतिमूर्तिको रूपमा उपस्थित छ । वीणामा गाम्भीर्य र स्त्री सुलभ गुण उनको स्वभावमा झल्किन्छ। स्वभावका आधारमा उ स्थिर चरित्र हो भने जीवन चेतनाका आधारमा स्थीर स्वभावकी चरित्र हो। उपन्यासको आदिदेखि अन्त्यसम्म उनको भूमिका रहेको हुनाले वीणा मञ्चीय पात्र र आवद्ध चरित्र पनि हो। जस्तोसुकै परिस्थितिमा पनि विचलित नहुने स्वभाव वीणामा पाइन्छ। अतः वीणा कहीँ कतैबाट खोट देखाउन नसकिने प्रकृति र प्रवृत्तिकी अनुकूल चरित्र हो।

माया- भ्रमर उपन्यासकी सहायक नारी पात्र माया परशुराम बस्नेतकी एकलौती पुत्री हो । एउटा सामान्य स्रीमा हुनुपर्ने गुण जस्तो माया-प्रेम, नारी स्वाभिमान, दाम्पत्य जीवनको आशा मायामा देखिन्छ । शेखरसित प्रेम बन्धनमा बाँधिएकी माया प्रेममा धोका खाएपछि मान्छेमा विश्वास नै नराख्ने एक जब्बर नारी चरित्र हो। मोहनको अनुरोधमा पनि शेखरलाई आफ्नो गल्तीमा माफि नदिने माया एक किसिमको हठी र प्रतिकूल प्रवृत्ति अनि अलि घमण्डी स्वभावकी झल्किन्छ। भ्रमर उपन्यासलाई गतिशीलता प्रदान गर्नमा मायाको विशेष भूमिका रहेको देखिन्छ । माया सुन्दर, सरल र शान्त स्वभावकी शिक्षित नारी हुन् । उसमा नारी सुलभ प्रेमभावना, भक्तिभावना छ । मानवलाई देवता सरह मान्थी तर शेखरले उसको मनमा गहिरो चोट पुऱ्याएपछि भने ईश्वर र मान्छेप्रति विश्वास हराएकी छ। समग्रमा हेर्दा स्वभावका आधारमा हेर्दा माया समयानुसार बदलिन जान्ने गतिशील

प्रकतिकी चरित्र हो भने कथावस्तुको विकाससँगै देखा परेकी माया अन्त्यसम्मै देखापरेकी हुनाले उ मञ्चीय र बद्ध पात्र पनि हो ।

भ्रमर उपन्यासमा गौरी, विजया, रघुवीर राई, परशुराम बस्नेत र लट्टे जेठा आदिले पनि आफ्नो आफ्नो किसिमले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । गौरी बर्मा निवासी रघुवीर अर्थात् मोटा राईकी शिक्षित छोरी हुन् । आफूले मन पराउँदा पराउँदै मायाको लागि शेखरलाई त्याग्न सक्ने महान नारी हृदय भएकी संस्कारी , सत् चरित्र भएकी अनुकूल पात्र हो । उसमा आफ्नो शारीरिक सुन्दरताजस्तै विचार र स्वभावमा निष्कपटता छ । नेपाली जाति र नेपाली संस्कृतिप्रति सदा गौरव बोध गर्ने, उच्च सम्मानभाव राख्ने भ्रमर उपन्यासकी एकजना प्रभावशाली नारी पात्र हो । चमनका जैनक मगर सुवेदारकी छोरी विजया आफ्नै गुरु रमानन्द गिरीसित भागेकी पतिभक्त नारी पात्र हो । परदेशमा जे जस्तै दुःख परिआए पनि पतिभक्ति नछोड्ने प्रण गरेकी भगवान रामकी पत्नी सीताजस्ती पवित्र विजया नेपाली महिलाहरूलाई प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । शेखर र शिख-मुसलमान गुण्डाबीच बाह्य झगडा उनकै कारणले भएकाले उ एकजना सम्झना लायकको सहयागी, मञ्चीय, आबद्ध र स्थिर स्वभावकी नारी पात्र हो ।

भ्रमर उपन्यासमा मोटा राई नामले सर्वपरिचित रघुवीर राई बर्मामा व्यवसाय गरेर जीवन यापन गर्ने एकजना सक्रिय समाजसेवक हुन् । ऊ आफ्नी पत्नी मलिनादेवी र दुई छोरीहरू गौरी र श्यामाका साथमा बस्छ । उपन्यासमा प्रमुख पात्र शेखरलाई रङ्गुन हुँदै प्रोम र इरावदी नदी तटसम्म डोहोऱ्याउने मोटा राई साँच्चै रोचक र प्रभावकारी पात्र हुन् । जहाँ बसे पनि नेपालीहरू आफ्नो पौरख गरेर खाने जातिको रूपमा उनले आफूलगायत नेपाली जातिलाई चिनाएका छन् । समग्रमा हेर्दा मोटा अर्थात् रघुवीर राई उद्योग गरेर खाने नेपालीहरूको सजीव चित्रण गर्ने कार्यमा उनले गर्विलो दृष्टान्त प्रस्तुत गरेका छन् । त्यसरी नै उपन्यासकी सहनायिका मायाको पिता परशुराम बस्नेत नेपालबाट दार्जिलिङहुँदै आसाममा जङ्गल फाँड्न पुगेका कर्मठ व्यक्ति हुन् । पछि आसामको तेजपुरमा बसेर व्यापार-वाणिज्यमा निकै नाम र दाम कमाए । पत्नीको निधनपछि भने आफूसित भएजति सबै बेचेर उनी आफ्नी छोरी मायालाई लिएर कलकत्तातिर हानिए । केही काल दार्जिलिङमा बस्दा शेखरले मायालाई प्रेममा धोका दिएपछि उनी बनारस पुगे अनि त्यहाँ मोहनसित उनको भेट हुन्छ । समाज सेवामा पुरूषको भन्दा नारीको अहम् भूमिका हुन्छ भन्ने मान्यता राख्ने परशुराम बस्नेत मायाको लागि पितासँगै अभिभावक र साँचो मित्र समेत बनेका थिए । पुरानो पुस्ताका मान्छे भएर पनि नयाँ पुस्ताका विचार र आधुनिकता रूचाउने एकजना सत् पात्र हुन् । उपन्यासमा विकाससँगै देखापरेका उनी प्रायः प्रायः अन्त्यसम्मै कार्यरत् देखिन्छन् यसैले उनी मञ्चीय र बद्ध प्रकृतिका पात्र हुन् ।

## ६.भ्रमर उपन्यासमा प्रयुक्त भाषिक तथा शिल्पशैलीय विन्यासः

उपन्यासकार रूपनारायण सिंहले नेपाली उपन्यास साहित्यमा पारम्परिक भाषा-शैलीका सट्टा नवीन, परिष्कृत र परिमार्जित तथा लचिलो भाषा-शैलीको प्रयोग गरेका छन् । नेपाली उपन्यास लेखन क्षेत्रमा पहिले कहिल्यै नदेखिएको अर्थात् नपढिएको नवीन ढाँचाको भाषा-शैलीद्वारा भ्रमरलाई जतिसक्दो सिङ्गारिएको छ । उनले तत्सम् शब्दको सुरूचिपूर्ण र कतिपय ठाँउ क्रियापदहरूको वहिष्कार गरिएका ससाना प्रभावकारी

वाक्यहरूको  प्रयोग भेटिन्छ । उपन्यासकार सिंहले भ्रमर उपन्यासमा सन्धान, इषत, आहत, कवरी, प्रगल्भता, उद्ग्रीव, प्राञ्जलता, अहत्या, अनुकम्पा, औदार्य्य, विगलित, कवलित, प्रदत्त, गर्हित, प्रतारणा, वाधित्, प्लावित, ताच्छिल्य आदि जस्ता संस्कृत तत्सम् शब्दहरू प्रयोग गरेका छन् । यसमा अरबी भाषाबाट आएका हाकिम, मजलिस, शौकिन, अखबार, जेब, मुस्तैदी, हुक्का र फारसी भाषाबाट आएका रिकाबी, दफ्तर, गिल्ला तथा अङ्ग्रेजीबाट आएका ओभर कोट, लेक्चर, फुटपाथ, स्टोभ, होस्टेल, डेक, सुटकेश, टङ्क, टेक्सी, इन्फ्लुएञ्जा, बाइस्कोप, स्टेशन, प्लाटफार्म, वाच एण्ड वाड,  होमियोप्याथी, ड्राइभर आदि जस्ता शब्दहरू प्रयोग भएको पाइन्छ।

उपन्यासकार रूपनारायण सिंहले भ्रमर उपन्यासमा विभिन्न सन्दर्भमा संवादमा उखान-टुक्काको प्रयोग गरेका छन्, जसमा छक्का-पञ्जा गर्नु, सियो हुनु, मुख सुक्नु, ठाडो पुच्छर लाउनु, हावा पानी फेर्नु, सातो लिनु, रगत सुक्नु, पाप काटिनु, आधामासु हुनु, चेत हराउनु, स्वाहा हुनु, आफ्नो खुट्टामा उभिनु, ढर्रा पार्नु, हाती हलुङ हुनु, कुरा सुनाउनु, आङ तान्नु, लोलो मिलाउनु, धाक  लाउनु, छिः छिः फोहोर बोल्नु, गाई मारेको पाप लाग्नु, खल्ती रित्तो पार्नु आदि जस्ता तुक्कालाई दृष्टान्तका रूपमा लिन सकिन्छ । उपन्यासकार सिंहले आफ्ना उपन्यासमा छोरीको सन्धानमा अग्रसर भए, एकमात्र आदरकी सामग्री छोरी, तिम्रो सङ्गीत-चर्चा सार्थक भएछ, कलकत्ता जस्तो जघन्य स्थान, दारूण दुश्चिन्तामा विधवा डुबेकी छन्,  त्यो सियालदह अभिमुख हिँड्यो, अम्लान अनुहार, झ्याल भन्ने पदार्थ यो कोठामा केही थिएन, आरोग्य लाभ गऱ्यो, अत्यन्त वाधित हुने थिएँ आदि जस्ता वाक्यांशहरूको प्रयोग गरिएको छ । यसमा बर्माका बासिन्दा मोटा राई अर्थात् रघुवीर राईले बातचित गर्दा क्या नाम थेगो प्रयोग गरेको कुरो उल्लेख पाइन्छ ।

## ७.निष्कर्षः भ्रमर उपन्यासको प्रवृत्तिगत विश्लेषण तथा मूल्याङ्कनः

भ्रमरमा चित्रित सामाजिक र भौतिक परिवेश, व्यक्ति र समाज माझको अन्तःसम्बन्ध, सामाजिक र सांस्कृतिक स्थिति, प्राकृतिक र भौगोलिक वातावरण, प्रयुक्त पात्र-चरित्रहरूमा मानसिक र सामाजिक अन्तर्द्वन्द्व आदि जस्ता विषयलाई अदृश्य कथावाचकले तृतीय पुरुष दृष्टिबिन्दुमा वर्णन गरेको छ। यसका साथै उपन्यासकारले आफ्ना विचार-धारणा, टिप्पणीहरू प्रमुख पात्र इन्द्रशेखर र मोहनविक्रमका भावनासित सम्बद्ध गराएर तिनैका मुखबाट बोल्न लगाएका छन्। भ्रमर मूलतः दार्जिलिङ, बनारस, कलकत्ता र बर्माको भौगोलिक पृष्ठभूमिमा रचिएको छ। यसका अतिरिक्त खरसाङ, शिलाङ, तेजपुर, हरिद्वार, नैनीताल, अमृतसर, मद्रास, प्रयागलगायत छिमेकी देश नेपालको नामसमेत उल्लेख भएको भेटिन्छ । वास्तवमा भ्रमर उपन्यासले  नेपाली जातीमा जातीय जागरण, समाज सुधार र शैक्षिक चेतना, सांस्कृतिक तथा प्रगतिशील विचारधाराको मूल सन्देश दिन खोजेको छ । भ्रमर-मा दार्जिलिङका निम्न मध्यमवर्गीय नेपालीहरूको आर्थिक दुरावस्थाको सग्लो चित्रण पाइन्छ ।

भ्रमर उपन्यासमा ब्रिटिशकालीन भारतवर्ष र बर्माका नेपालीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, धार्मिक अवस्था तथा मूल्य-मान्यताबारे नयाँ र पुरानो पुस्ताबीच वैचारिक अन्तर्द्वन्द्व एवम् सम्झौता

गरिएको सङ्केत पाइन्छ। यसमा समाज, जाति र राष्ट्रको विकासमा नारीको अहम् भूमिकालाई महत्त्वपूर्ण मानेको छ। नारीहरूलाई स्वावलम्बी बनाउन हेतु यिनीहरूमा स्वतन्त्र अस्तित्व र चेतनाको विकास गराउन शिक्षा प्रचारको महत्त्वलाई प्रकाश पारिएको छ। दृष्टान्तस्वरूप वीणा, माया, गौरी, श्यामा, मलिना आदि नारी पात्रहरूमा आएको नवचेतना, नवजागरण तथा शिक्षाको गुणात्मक प्रभाव परेको सन्दर्भ प्रष्ट रूपमा देखिन्छ। उपन्यासकार सिंह बाह्य प्रकृतिको सट्टा मानवमनको अर्थात् आन्तरिक प्रकृति तथा मानव-समाजको चित्रणमा अधिक रूचि राख्ने लेखक हुनाले भ्रमर उपन्यासमा पनि कहीँ कहीँ मात्र बाह्य प्रकृतिको वर्णन र चित्रण पाइन्छ।

भ्रमर उपन्यासको नामकरण अर्थात् शीर्षक प्रयोगको औचित्य हेर्दा यो व्यञ्जनात्मक र लाक्षणिक प्रकृतिको भएको छ। लक्ष्यार्थमा यसको शीर्षकीकरण नायकको चरित्र र नैतिकतातिर सङ्केत गरिएको बुझिन्छ। व्यञ्जना अर्थमा भने भ्रमरको नामकरणबाट भारत र बर्मा देशका विभिन्न स्थानमा युगौंदेखि पुस्तापुस्तादेखि रैथाने भई बसेका नेपाली जातिको ऐतिहासिक स्थितितर्फ पनि सङ्केत गरेको प्रष्ट बुझिन्छ। यो उपन्यास पारम्परिक र आधुनिक दुवै दृष्टिले सुसङ्गठित एवम परिपुष्ट भएको उपन्यास हो। यो बहुपात्रीय उपन्यास भएको हुनाले यसमा नायकको चरित्र परिवर्तनशीलतालाई विशेष महत्त्व दिइएको छ। यस उपन्यासमा मूलतः विगतमा घटेका दुईवटा महायुद्धहरू-(सन १९१४-१९१८ र १९३९-१९४५) माझको कालमा भारतवर्ष र बर्माका नेपालीहरूको जीवन-सङ्घर्ष र सङ्क्रमणकालीन सामाजिक एवम सांस्कृतिक परिस्थितिहरूको झल्को दिने कोशिश गरिएको छ।

प्रस्तुत उपन्यासमा निम्न र निम्नमध्यमवर्गीय नेपाली समाजको आर्थिक दुरावस्था र जीवन सङ्घर्षको सामान्य उल्लेख गरिएको छ। दिनोदिन बढ्दै गएको मध्यमवर्गको आर्थिक सम्पन्नता र नव धनाढ्य संस्कारलाई पनि अङ्कन गर्न खोजिएको छ। यसका अतिरिक्त सामाजिक जागरण र नेपाली समाजमा शैक्षिक चेतनाको स्वर पनि अभिव्यञ्जित भएको पाइन्छ। नेपाली उपन्यास लेखन परम्परामा सर्वप्रथम भ्रमरमा प्रेमको प्रधानता, कल्पनाशीलता, सौन्दर्यचेतना, वैयक्तिकता, विद्रोह चेतना आदि जस्ता स्वच्छन्दतावादका मूलभूत विशेषताहरू पाइन्छन्। उपन्यासकार सिंह कलकत्ता विश्वविद्यालयमा पढ्दा आफूले देखेका, सुनेका र अनुभव गरेका घटनालाई कथ्यवस्तुको चयन गरी लेखिएको यस उपन्यासमा भारतीय नेपाली समाजको मध्यमवर्गीय समाजका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र पारम्परिक घटनालाई प्रस्तुत गरिएको देखिन्छ। यस उपन्यासमा पहिलो र दोस्रो पुस्ताबीच औपन्यासिक द्वन्द्व देखाइएको छ।

## ८. अभ्यासः (प्रस्तावित केही सम्भाव्य प्रश्नावली)-

### १२ अङ्कका लागि प्रस्तावित केही सम्भाव्य प्रश्नहरू-

१. उपन्यासकार रूपनारायण सिंहको सामान्य साहित्यिक परिचय दिँदै उनको भ्रमर उपन्यासबारे प्रकाश पार्नुहोस्।

२. भारतीय नेपाली उपन्यास लेखनको सन्दर्भमा रूपनारायण सिंहकृत भ्रमर उपन्यासले पुऱ्याएको योगदानबारे विस्तृत चर्चा गर्नुहोस्।

३. भारतीय नेपाली उपन्यासको विकासप्रक्रियामा स्वच्छन्दतावादी प्रवृत्तिबारे गहकिलो चर्चा प्रस्तुत गर्नुहोस्।

४. स्वच्छन्दतावादी प्रवृत्तिको परिप्रेक्ष्यमा भ्रमर उपन्यासको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् ।
५. भ्रमर उपन्यासमा प्रयुक्त भाषाशैली र पात्र-चरित्रबारे प्रकाश पार्नुहोस् ।

२६ अङ्कका लागि प्रस्तावित केही सम्भाव्य प्रश्नहरू-

१. भारतीय नेपाली उपन्यास लेखनको विकासप्रक्रियामा रूपनारायण सिंहलिखित भ्रमर उपन्यासले पुऱ्याएको योगदानबारे विस्तृत चर्चा प्रस्तुत गर्नुहोस् ।
२. दार्जिलिङका नेपाली उपन्यासको विकासप्रक्रियामा स्वच्छन्दतावादी प्रवृत्तिको चर्चा गर्दै भ्रमर उपन्यासको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् ।
३. दार्जिलिङबाट हालसम्म प्रकाशित उपन्यासहरूको सन्दर्भमा **भ्रमर** उपन्यासले पुऱ्याएको योगदानको उल्लेख गर्दै भ्रमरमा प्रयुक्त शैलीशिल्प र परिवेशबारे विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् ।
४. उपन्यासकार रूपनारायण सिंहको औपन्यासिक प्रवृतिको सन्दर्भमा भ्रमर उपन्यासको स्वच्छन्दतावादी प्रवृतिको आधारमा गहकिलो मूल्याङ्कन प्रस्तुत गर्नुहोस् ।
५. समाजशास्त्रीय अध्ययनको आधारमा भ्रमर उपन्यासको विश्लेषण गर्दै भ्रमरले दार्जिलिङको नेपाली समाजमा पुऱ्याएको योगदानबारे प्रकाश पार्नुहोस् ।

## १८. प्रमुख सन्दर्भग्रन्थ विवरण

१. असित राई - भारतीय नेपाली साहित्यको विकासक्रम, नेपाली अकादमी, दार्जिलिङः सन १९८६
२. इन्द्रबहादुर राई - नेपाली उपन्यासका आधारहरू, नेपाली साहित्य परिषद, दार्जिलिङः सन १९७४
३. कृष्णचन्द्रसिंह प्रधान - नेपाली उपन्यास र उपन्यासकार, साझा प्रकाशन, काठमाण्डौः वि. सं. २०३७
४. प्रतापचन्द्र प्रधान - नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि, दीपा प्रकाशन, दार्जिलिङः सन १९८३
५. राजकुमार छेत्री - सिर्जनाको समावलोकन, गामा प्रकाशन, दार्जिलिङः सन २००९
६. राजकुमार छेत्री - अवलोकन अवबोधन, मनमाया प्रकाशन, दार्जिलिङः सन २०११
७. राजेन्द्र सुवेदी - नेपाली उपन्यास परम्परा र प्रवृत्ति, साझा प्रकाशन, काठमाण्डौः वि. सं. २०६४
८. राधा शर्मा - रूपनारायण सिंहका कथा र उपन्यासको समाजशास्त्रीय अध्ययन, साझा पुस्तक प्रकाशन, दार्जिलिङः सन २०१०
९. ममता लामा - नेपाली समालोचना दृष्टि र आधार, नेपाली साहित्य अध्ययन समिति, कालेबुङः सन २०१४
१०.माधवप्रसाद पोखरेल (सम्पा.) - नेपाली साहित्यको बृहत् इतिहास (नेपाली बाहिरको नेपाली साहित्य), जगदम्बा प्रकाशन, काठमाण्डौः वि. सं. २०७७
११.मोहन पी. दाहाल - आधुनिक नेपली उपन्यास, ग्रन्थकार सहकारी समिति, दार्जिलिङः सन १९९३
१२.मोहन पी दाहाल - दार्जिलिङका नेपाली उपन्यासः परम्परा र प्रवृत्ति, श्याम ब्रदर्श प्रकाशन, दार्जिलिङः सन २००१

-------------------------------------------The End -----------------------------------------------